कात्तिक - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २५, अङ्क १४ | २०७३, कात्तिक १६–३० | पूर्णाङ्क ५८४



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५१२ (सम्पादन), २५११ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

**प्रकाशन, सञ्चार तथा सम्पादन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री बैद्यनाथ उपाध्याय, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **माननीय न्यायाधीश श्री दीपकराज जोशी, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायव महान्यायाधिवक्ता श्री राजेन्द्र सुवेदी, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्बबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री नहकुल सुवेदी, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री गजेन्द्रबहादुर सिंह

**प्रकाशन, सञ्चार तथा सम्पादन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री राजन बास्तोला
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
ना.सु.श्री रमादेवी न्यौपाने
ना.सु.श्री विनोदकुमार यादव
सि.कं.श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री कृष्णबहादुर श्रेष्ठ

**भाषाविद् :** उपप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सहायक डिजायनर श्री रसना बज्राचार्य
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री मोति चौधरी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | | | |
|---|---|---|---|
| पूर्ण इजलास | १ | इजलास नं. ८ | ३ |
| संयुक्त इजलास | १७ | इजलास नं. १० | २ |
| इजलास नं. १ | १४ | इजलास नं. १२ | ४ |
| इजलास नं. २ | ३ | इजलास नं. १३ | २ |
| इजलास नं. ३ | ५ | इजलास नं. १४ | १ |
| इजलास नं. ४ | ५ | इजलास नं. १५ | १ |
| इजलास नं. ५ | ८ | इजलास नं. १७ | २ |
| इजलास नं. ६ | २ | इजलास नं. १८ | १ |
| इजलास नं. ७ | २ | जम्मा | १६ |
| जम्मा | ५७ | कूल जम्मा | ५७ + १६ = ७३ |

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७३, कात्तिक – २, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष/विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **पूर्ण इजलास** | | | **१ - २** |
| १. | अंश चलन | झिम्मी पलवर विष्टसमेत वि. डिकी डोलकर पलवर विष्टको मु.स. गर्ने कर्साङ लवाङ | |
| **संयुक्त इजलास** | | | **२ - १३** |
| २. | डाँका चोरी | नेपाल सरकार वि. राजकुमार भन्ने सोमबहादुर वि.क.समेत | |
| ३. | वैदेशिक रोजगार ठगी | नेत्रप्रसाद गुरूङ वि. नेपाल सरकार | |
| ४. | नागरिकता | नेपाल सरकार वि. मन्साराम भुर्जीसमेत | |
| ५. | वैदेशिक रोजगार | नेपाल सरकार वि. सुजन भण्डारी | |
| ६. | कर्तव्य ज्यान | दीपक ठकुरी वि. नेपाल सरकार | |
| ७. | उत्प्रेषण | निरोज पाण्डे वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालय, मोरङ, विराटनगरसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | धिरेन्द्रकुमार यादव वि. शान्तिदेवी यादवसमेत | |
| ९. | निषेधाज्ञा / परमादेश | अदालत बनिया वि. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर रूपन्देहीसमेत | |
| १०. | निषेधाज्ञा / परमादेश | रमेशप्रसाद सर्राफ वि. आन्तरिक राजस्व कार्यालय, भैरहवासमेत | |
| ११. | निषेधाज्ञा | नन्दकुमार बस्नेतसमेत वि. दिना बज्राचार्यसमेत | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुख्खन कोरी | |
| १३. | निषेधाज्ञा / परमादेश | प्रविन नेपाल वि. तिलकबहादुर थापासमेत | |
| १४. | हातहतियार खरखजना | नेपाल सरकार वि. अरविन्दकुमार पण्डित | |
| **इजलास नं.१** | | | **१३ - २५** |
| १५. | निषेधाज्ञा | हिमपुष्पा कुर्मी वि. जिल्ला प्रशासन कार्यालय, नेपालगन्जसमेत | |
| १६. | कर्तव्य ज्यान | अदीप भन्ने विनोद उर्फ टोकलबहादुर तामाङसमेत वि. नेपाल सरकार | |
| १७. | कर्तव्य ज्यान | धनमाया तामाङ वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| १८. | झुट्टा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार | नेपाल सरकार वि. लक्ष्मीबहादुर शाही |
| १९. | निषेधाज्ञा | मोहनदेवी श्रेष्ठ वि. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी फाँट काठमाडौंसमेत |
| २०. | परमादेश / प्रतिषेध | भाइकृष्ण श्रेष्ठसमेत वि. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी फाँट काठमाडौंसमेत |
| २१. | जबर्जस्ती करणी | नेपाल सरकार वि. मुकेश तामाङसमेत |
| २२. | वैदेशिक रोजगार | नेपाल सरकार वि. पेसलराज बुढाथोकी |
| २३. | डाँक लिलाम बदर दर्ता बदर दर्ता | जिमिसलाल भन्ने जिमिस यादव वि. धनपैत यादव |
| २४. | डाँक लिलाम बदर दर्ता बदर दर्ता | विसेसर यादव वि. धनपैत यादव |

| | | |
|---|---|---|
| २५. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. सरस्वती रावलसमेत |
| २६. | झुट्टा शैक्षिक प्रमाणपत्र भ्रष्टाचार | रूद्रनारायण चौधरी थारू वि. नेपाल सरकार |
| २७. | उत्प्रेषण / प्रतिषेध | विवेक राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| २८. | परमादेश | ठाकुरबहादुर खत्री वि. श्री पशुपति क्षेत्र विकास कोषअन्तर्गत श्री पशुपतिनाथ भण्डार तहबिल कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ८ देवपतनसमेत |
| **इजलास नं. २** | | **२५ - २९** |
| २९. | घर खाली चलन | विनोहर ताम्राकारसमेत वि. सीताराम भट्टराई |
| ३०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामदुलारी राउत |
| ३१. | जबर्जस्ती करणी | नेपाल सरकार वि. राजु सरदार |
| **इजलास नं. ३** | | **२९ - ३३** |
| ३२. | कर्तव्य ज्यान | ढाँटे थापामगर वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३३. | कर्तव्य ज्यान | कुलबहादुर बाँठा वि. नेपाल सरकार |
| ३४. | अपुताली हक कायम निर्णय बदर दर्ता | रामकुमार देवी गोइत वि. रामलखन गोइत |
| ३५. | कर्तव्य ज्यान | कैलास तामाङ वि. नेपाल सरकार |
| ३६. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर तामाङसमेत |
| **इजलास नं. ४** | | **३४ - ३६** |
| ३७. | हक दर्ता कायम | पदम सिंह थापा वि. मु.स. गर्ने स्याण्डु चाहार |
| ३८. | अंश दर्ता | असर्फी खंग वि. कन्हाई खंग |
| ३९. | बन्दी प्रत्यक्षीकरण | इसान अधिकारीसमेत वि. महानगरीय प्रहरी वृत्त, सिंहदरबारसमेत |
| ४०. | उत्प्रेषण | देवहरि वन वि. गृह मन्त्रालयसमेत |
| **इजलास नं. ५** | | **३६ - ४१** |
| ४१. | उत्प्रेषण / परमादेश | इन्दिरा निरौला थापा वि. चन्द्रबहादुर थापासमेत |
| ४२. | कर्तव्य ज्यान / डाँका | नेपाल सरकार वि. अमृतबहादुर स्याङ्बोसमेत |
| ४३. | कर्तव्य ज्यान | बैजनाथ बछार वि. नेपाल सरकार |
| ४४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुक्रवीर चाउरे भन्ने सुरवीर तामाङसमेत |
| ४५. | कर्तव्य ज्यान | चन्द्रमाया माझी वि. नेपाल सरकार |
| ४६. | लागु औषध खैरो हेरोइन | मनोजकुमार चौहान वि. नेपाल सरकार |
| **इजलास नं. ६** | | **४१ - ४२** |
| ४७. | बन्दी प्रत्यक्षीकरण | चुरिना घर्तीको हकमा झविन्द्र घर्ती वि. रविना रूम्बा तामाङसमेत |
| ४८. | जबर्जस्ती करणी | जिरे भन्ने दिपेस लिम्बु वि. नेपाल सरकार |
| **इजलास नं.७** | | **४२ - ४४** |
| ४९. | अंश दर्ता | रामदेव मण्डलसमेत वि. अमृती देवीको मु.स. गर्ने रामलोचन मण्डलसमेत |
| ५०. | कर्तव्य ज्यान | धनराज अहिर (यादव) वि. नेपाल सरकार |
| **इजलास नं.८** | | **४४ - ४५** |
| ५१. | खिचोला मेटाई हक कायम | प्रवोध घिमिरे वि. श्रीमती मीना श्रेष्ठ |

| | | | |
|---|---|---|---|
| **इजलास नं.१०** | | | **४५ - ४६** |
| ५२. | कर्तव्य ज्यान | मोतीलाल वि.क. वि. नेपाल सरकार | |
| ५३. | उत्प्रेषण | केशवराज भट्टराई वि. मु.स. गरी आफ्नो हकमासमेत बलराम भट्टराई | |
| **इजलास नं.१२** | | | **४६ - ४८** |
| ५४. | अंशबन्डा | दीपकबहादुर मल्ल ठकुरी वि. श्रीमती भुपेन्द्रकुमारी मल्लसमेत | |
| ५५. | अंश चलन | सनतकुमार श्रेष्ठसमेत वि. श्रीमती रिना मिश्र श्रेष्ठ | |
| **इजलास नं.१३** | | | **४८** |
| ५६. | उत्प्रेषण / परमादेश | अमरराज खड्कासमेत वि. श्रम अदालत, काठमाडौंसमेत | |
| **इजलास नं.१४** | | | **४८ - ४९** |
| ५७. | परमादेश | खगेन्द्र नेपाल वि. विमलादेवी निरौला | |
| **इजलास नं.१५** | | | **४९** |
| ५८. | मानव बेचविखन तथा ओसारपसार | नेपाल सरकार वि. पुष्पा तामाङसमेत | |
| **इजलास नं.१७** | | | **५० - ५१** |
| ५९. | अदालतको अपहेलना | विष्टन लावतीसमेत वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरका उपकुलपति प्रा. महेश्वरमान श्रेष्ठसमेत | |
| ६०. | उत्प्रेषण | विष्टन लावतीसमेत वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत | |
| **इजलास नं.१८** | | | **५१ - ५२** |
| ६१. | बैकिङ कसुर | नेपाल सरकार वि. इन्द्रराज हुमागाईसमेत | |

## पूर्ण इजलास

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-NF-०००२, अंश चलन, *झिम्मी पलवर विष्टसमेत वि. डिकी डोलकर पलवर विष्टको मु.स. गर्ने कर्साङ लवाङ*

प्रस्तुत मुद्दाका प्रतिवादीले अंशबन्डा भइसकेको भनी जिकिर लिए पनि अंशियारमध्येका वादीका नाममा कुनै जग्गा दर्ता नै रहेको नदेखिएको तथा वादीका छोरीहरूका नाममा दर्ता भएका जग्गा वादीले अंशबापतमा प्राप्त गरी निजहरूका नाममा राखिएका पैतृक सम्पत्ति हुन भन्ने कुरा पुष्टि हुन् नसकेको अवस्थाका केवल प्रतिवादीको मौखिक कथन र अनुमानका आधारमा मात्र वादीले अंश प्राप्त गरिसकेको भनी निष्कर्षमा पुग्न न्यायोचित हुने नदेखिने।

विवेचित आधार कारण र प्रतिपादित सिद्धान्तसमेतबाट यी पुनरावेदक प्रतिवादीले अंशबन्डा भइसकेको भनी जिकिर लिएको २०१७ सालको लिखतको सक्कल प्रति पेस हुन नसकेको, वादीका नाममा कुनै जग्गा दर्ता नै नरहेको, वादीका छोरीहरूका नाममा दर्ता रहेका जग्गा वादीले अंशबापत प्राप्त गरेका पैतृक सम्पत्ति हुन् भन्ने कुरा पुष्टि हुन नसकेको तथा वादी प्रतिवादीहरूबीच आपसी व्यवहार, कारोबार भएको कुरा मिसिल प्रमाणबाट पुष्टि हुन नसकेको यस्तो अवस्थामा वादी प्रतिवादीहरूबीच अंशबन्डा भइसकेको भनी ठहर निर्णय गर्नु न्यायोचित हुने नदेखिँदा वादीले प्रतिवादीबाट अंश पाउने नै देखिन आउने।

चराङ स्याण्टुङले आफूले पाउने कुरा पाइसकेकोले अंश पाउन बाँकी छैन भनी बयान गरी अंशहक परित्याग गरेको देखिएको तथा निजले आफ्ना श्रीमती छोरा छोरीहरू छन् भने पनि निजहरूको पहिचान र अस्तित्व स्पष्टरूपमा खुलाउन नसकेको अवस्थामा अहिले नै यसै मुद्दाबाट निजहरूको पनि अंश छुट्याउनु उचित हुने देखिँदैन। अंशसम्बन्धी हक नैसर्गिक हक रहेको र पति पिताले अंशहरू परित्याग गर्दैमा श्रीमती छोरा छोरीको अंश हकसमेत समाप्त हुन नसक्ने हुँदा वादीका माहिला देवर चराङ स्याण्टुङ्का श्रीमती छोरा छोरीहरू रहेका भए र निजहरूले अंशमा दाबी गरेमा सोही बखत निजहरूको अंश हकका सम्बन्धमा ठहर इन्साफ हुने नै भएकोले अहिले नै निजहरूको अंशहक सम्बन्धमा केही बोलिरहनु उचित हुने नदेखिँदा हाल वादी प्रतिवादीहरू दुई अंशियार रहेकोमा तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने ठहर्‍याएको यस अदालत संयुक्त इजलासको फैसला सो हदसम्म मिलेको देखिन नआउने।

वादीले के कुन सम्पत्तिबाट अंश पाउने हो भन्ने सम्बन्धमा विचार गर्दा, प्रतिवादी मुस्ताङ्गी राजा झिम्मी पलवर विष्टले पेस गरेको तायदातीमा उल्लेख भएको लोमान्थाङ्ग गा.वि.स. वडा नं. १(ख) कि.नं. ३ को जग्गा र सो जग्गामा बनेको मुस्ताङ दरबार र ऐ. कि.नं. १८ मा बनेको घरसमेतका सम्बन्धमा वादी स्वयम्ले आफ्नो फिरादमा तपाइँ राजा हुनु भएकोले दरबारमा तपाइँ नै बस्नुहोस् तर हामीलाई पनि खाने बस्ने व्यवस्था हुने गरी घर जग्गा दिनुहोला भन्दा तिमीहरूलाई केही दिन्न भनेकोले फिराद गर्न आएकी छु भनी उल्लेख गरेको देखिन्छ। त्यस्तै मिसिल संलग्न प्रमाणबाट उक्त दरबार ऐतिहासिक महत्त्वको देखिएको र सो कुरामा वादी प्रतिवादीबीच विवाद रहेको पनि देखिँदैन। यसप्रकार उक्त मुस्ताङ दरबारमा वादी स्वयम्ले

दाबी नै नगरेको र उक्त दरबारको ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक स्वरूप यथावत्‌रूपमा संरक्षण गरी राख्नु उपयुक्त हुने देखिएकोले अंशियारहरूबीच बन्डा गर्नु उचित हुने देखिएन । त्यस्तै तायदाती फाँटवारीमा उल्लिखित मुस्ताङ जिल्ला, चाराङ १(ख) कि.नं. ५९१ को जग्गामा बनेको गुम्बा, घरसमेत धार्मिकस्थलको रूपमा रहेको देखिन्छ । त्यस्तो धार्मिकस्थलको रूपमा रहेको गुम्बामा आफ्नो धार्मिक आस्थाअनुसार सर्वसाधारण जो सुकैले धार्मिक उपासना गर्न पाउने हुन्छ । यसरी सार्वजनिकरूपमा प्रयोग हुने धार्मिकस्थलको रूपमा रहेको गुम्बालाई व्यक्तिगत सम्पत्ति मानी अंशियारहरूबीच विभाजन गर्नु धार्मिक र सांस्कृतिक दृष्टिकोणबाट समेत उचित हुने नदेखिने ।

काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ७ को जग्गा र सो जग्गामा बनेको घरका सम्बन्धमा हेर्दा, उक्त जग्गा डेरामा बस्ने मुस्ताङ्गी राजाले तत्कालिन श्री ५ महाराजाधिराजमा बिन्तिपत्र चढाई हुकुम प्रमांगीबमोजिम तत्कालिन श्री ५ को सरकार, गृह मन्त्रालयबाट रकम भुक्तानी गरी जीवनकालमा अरू व्यक्तिलाई बेच्न नपाउने सर्तसहित मुस्ताङ्गी राजालाई खरिद गरिदिएको देखिन्छ । उक्त जग्गामा बनेको घर पैतृक सम्पत्तिको लगानीमा निर्माण भएको भन्ने आधारसमेत वादीले देखाउन सकेको पाइँदैन । यसरी उक्त जग्गा पैतृक सम्पत्ति नरही राज्यकोषबाट सर्तबन्देजसहित मुस्ताङ्गी राजालाई किनिदिएको देखिएको र सो जग्गामा बनेको घरमा आफ्नोसमेत लगानी वा योगदान रहेको छ भन्ने कुरा वादी पक्षले प्रमाणद्वारा पुष्टि गर्न नसकेको अवस्थामा सो घर जग्गासमेत बन्डा लाग्ने देखिन नआउने ।

अतः माथि प्रकरण प्रकरणमा विवेचित आधार कारणबाट वादी प्रतिवादीहरूबीच अंशबन्डा भइसकेको भन्ने कुरा पुष्टि हुन नआएको, वादी प्रतिवादीहरू हाल दुई अंशियार रहेको देखिएकोमा पुनरावेदन अदालत, बागलुङले गरेको फैसला केही उल्टी गरी तीन अंशियार कायम गरी वादीले तीन भागको एक भाग अंश पाउने र प्रतिवादीको तायदातीमा उल्लिखित मुस्ताङ जिल्ला लोमान्थाङ गा.वि.स. वडा नं. १ (घ) कि.नं. ३ मा बनेको मुस्ताङ दरबार र ऐ. कि.नं. १८ मा बनेको घरसमेत बन्डा लाग्ने ठहर्‍याएको हदसम्मको यस अदालत संयुक्त इजलासको मिति २०६६।११।४ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई उक्त कि.नं. ३ र १८ मा बनेको मुस्ताङ दरबार तथा घर, मुस्ताङ चराङ १(ख) कि.नं. ५९१ मा बनेको गुम्बा तथा काठमाडौं महानगरपालिका वडा नं. ७ को कि.नं. ७ को जग्गा र सो जग्गामा बनेको घरसमेत बन्डा लाग्ने प्रकृतिको नदेखिँदा ती बाहेक प्रतिवादीको तायदातीमा उल्लिखित सम्पत्तिबाट वादीले दुई भागको एक भाग अंश पाउने ।

इजलास अधिकृतः सन्तोषप्रसाद पराजुली

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल फागुन ६ गते रोज ५ शुभम् ।

## संयुक्त इजलास

**१**

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CR-०२०३, डाँका चोरी, *नेपाल सरकार वि. राजकुमार भन्ने सोमबहादुर वि.क.समेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात हेर्दा यी प्रतिवादीहरू मौकामा कसुरमा साबित रहे तापनि अदालतसमक्ष जाहेरवालाको घरमा

डाँका गरेको भन्ने आरोपमा इन्कार रही बयान गरेको देखिन्छ । मौकामा बयान गर्दा प्रतिवादी सोमबहादुर वि.क., इन्द्र वि.क. र अमृत परियारले यी प्रतिवादीहरूसमेतको संलग्नता देखाएकोमा अदालतसमक्ष आफूले कसुर गरेकोमा साबित रही आफूहरू तिन जनाले मात्र जाहेरवालाको घरमा गई चोरी गरेको भन्ने व्यहोरा लेखाई बयान गरेको देखिन्छ । जाहेरवालाको अदालतसमक्षको सनाखत बयानबाट समेत प्रतिवादी राज भुजेल, साने भन्ने पदम भुजेल र विमला भुजेलसमेतले आफ्नो घरमा जबर्जस्ती तवरले चोरी गरेको भनी तथ्ययुक्त तवरले लेखाउन सकेको देखिँदैन । वादी पक्षबाट निजहरूको विरूद्ध कसुर प्रमाणित हुने अन्य कुनै स्वतन्त्र प्रमाण पेस गर्न नसकी निज प्रतिवादीहरूबाट दशीको सामानसमेत बरामद हुन नसकेको स्थितिमा मौकाको साबिति बयान र परस्पर पोलको आधारमा मात्र डाँका जस्तो कसुरमा कसुरदार ठहऱ्याउन मिल्ने नदेखिँदा आरोपित कसुरबाट सफाइ पाउने ठहरेका प्रतिवादी राजु भुजेलसमेतलाई अभियोग माग दाबीबमोजिम कसुर ठहर गरी सजाय गरिपाउँ भन्नेसमेत वादी नेपाल सरकारको पुनरावेदन जिकिर मुनासिब देखिन नआउने ।

प्रतिवादी सोमबहादुर वि.क., इन्द्र वि.क. र अमृत परियारलाई चोरीको १४(२) नं. बमोजिम सजाय गरेको नमिलेको हुँदा निजहरूलाई चोरीको ६ नं. को कसुरमा ऐ.१४(४) न. बमोजिम सजाय गरी जाहेरवालाको नपुग बिगोसमेत प्रतिवादीहरूबाट जाहेरवालालाई दिलाई भराईपाउँ भन्ने वादी पक्षको पुनरावेदन जिकिरको हकमा विचार गर्दा जाहेरवालाको घरमा यी प्रतिवादीहरू मात्र संलग्न भई जबर्जस्ती चोरीको वारदात गरेको स्थापित भएबाट चोरीको महलको ६ नं. मा "चार जनाभन्दा बढ्ताको जमात गई जबर्जस्ती चोरी वा रहजनीमा लेखिएका रितसँग वा हतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेको डाँका गरेको ठहर्छ" भन्ने व्यवस्थाअनुरूप चारजनाभन्दा बढ्ताको जमात भई चोरी गरेको कसुर देखिन नआएकोले चोरीको ६ नं. को कसुरमा चोरीको १४(४) बमोजिम सजाय गरिपाउँ भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

ललितपुर जिल्ला अदालतले प्रतिवादी सोमबहादुर वि.क., इन्द्र वि.क. र अमृत परियारले जाहेरवालाको जाहेरी दरखास्तमा उल्लेख भएबमोजिमको धनमाल जबर्जस्ती तवरले चोरी गरेको भनी ठहर गरेको र सो फैसलालाई निजहरूले स्वीकार नै गरी पुनरावेदन नगरी बसेकोमा जाहेरवालाको जम्मा बिगो रू.२,६५,२००।- बराबरको धनमाल चोरी भई बिगो रू.५५,२००।- बराबरको धनमाल बरामद भएकोमा नपुग हुने बिगो रू. २,१०,०००।- यी तिन जना प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिनुपर्नेमा नपुग बिगो नभराएको हदसम्म सुरूको फैसला नमिलेको भनी सो हदसम्म केही उल्टी गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट जाहेरवालाको नपुग बिगो प्रतिवादीहरूबाट जाहेरवालालाई भराई दिनुपर्नेमा सो नभराएको हदसम्म सुरू ललितपुर जिल्ला अदालतबाट भएको मिति २०६६।७।२३ को फैसला केही उल्टी गरी प्रतिवादी राजकुमार भन्ने सोमबहादुर वि.क., इन्द्र वि.क., धनबहादुर गुरूङ भन्ने अमृत परियारले जाहेरवालाको अभियोग माग दाबीबमोजिमको धनमाल मुलुकी ऐन ४ नं. को प्रकृतिबाट चोरी गरेकोले सोही महलको १४(२) बमोजिम जनही १ महिना १५ दिन कैद र रू. ३,९७,००।- जरिवाना

हुने भई जरिवानाबापत समेत कैद सजाय हुने भई जाहेरवालाको नपुग बिगो रू. २,१०,०००।- निजहरूबाट दामासाहीले जाहेरवालाले भरी पाउने र प्रतिवादी पदम भन्ने पदमबहादुर वि.क.ले चोरीको माल भनी जानीजानी लिएबापत चोरीको महलको २४ नं. बमोजिम रू. ११,८००।- जरिवाना हुने भई प्रतिवादी राजु भुजेल, साने भन्ने पदम भुजेल र विमला भुजेलले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१०।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०६७८, वैदेशिक रोजगार ठगी, नेत्रप्रसाद गुरूङ *वि. नेपाल सरकार*

प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा जाहेरवालाको बकपत्रसमेत नभएको भन्ने जिकिर लिएको देखिए पनि यिनै प्रतिवादीले ह्युमन कन्टिनेन्टल ओभरसिज प्रा.लि. स्थापना गरी इराकमा रोजगारमा पठाइदिन्छु भनी रकम लिई विदेश पनि नपठाएको र रकम पनि फिर्ता नदिएको भनी प्रवीण कार्कीसमेतले दिएको जाहेरीलाई समर्थन गर्दै बकपत्र गरेको देखिएको छ । जाहेरवालाहरूमध्ये लेखनाथ आचार्यसमेत दुबई एयरपोर्ट पुगी त्यहाँ कोही पनि लिन नआएपछि फर्कि आएको स्थितिसमेत देखिन आयो । यसरी नेपाल सरकारले प्रतिबन्ध लगाएको मुलुकमा रोजगारमा पठाउने भनी जाहेरवालाहरूबाट रकम लिई श्रम स्वीकृत भएको भन्ने झुठो आश्वासन दिई विदेश नपठाउने, पठाएपनि नक्कली भिषामा पठाउने, त्यहाँ Receive गर्ने व्यवस्था नगर्ने, लिएको रकम फिर्तासमेत नगर्ने जस्ता कार्य गरी यी प्रतिवादीले वैदेशिक रोजगार ऐन, २०४२ को दफा ४, ९, १० को प्रतिकूल कार्य गरी ठगी गरेको देखिन आयो।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट जाहेरवालाहरूको बिगो रकम, ठगीमा पर्ने जाहेरवालाहरूको संख्या, विदेश पुगी काम नपाई फर्की आएको अवस्था, प्रतिबन्धित मुलुकमा पठाउने भनी लिखत गरी रकम लिएको स्थितिसमेतलाई मध्यनजर गरी वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४ को उपदफा २ बमोजिम प्रतिवादी नेत्रप्रसाद गुरूङलाई ३ वर्ष कैद र रू. १,००,०००।– जरिवाना गरी ५० प्रतिशत हर्जानासहित जाहेरवालाहरूले साँवा रकम यी प्रतिवादी नेत्रप्रसाद गुरूङबाट भरी पाउने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरणबाट मिति २०६७।३।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६८-CR-०८२८, नागरिकता, *नेपाल सरकार वि. मन्साराम भुर्जीसमेत*

वस्तुतः कुनै पनि देशको नागरिकताको प्रमाणपत्र भनेको नागरिक र राज्यबीचको कानूनी सम्बन्धको आधार र प्रमाण देखाउने आधारभूत लिखतको रूपमा रहेको हुन्छ। नागरिक र राज्यको सम्बन्धलाई स्थापित गर्ने यस्तो प्रमाणपत्रको प्राप्ती

एवम् समाप्तिका आधारहरू अत्यन्तै संवेदनशील विषय हुन्छन् । यही संवेदनशीलतालाई मनन् गरी विधायिकाले नेपाली नागरिकताको प्रमाणपत्र रद्द गरी नेपाली नागरिकबाट हटाउने आदेश दिने अधिकार सरकारको कुनै मन्त्रालय वा विभागलाई प्रत्यायोजन नगरी नेपाल सरकार मन्त्रिपरिषद्मा नै निहित रहने व्यवस्था गरेको भन्ने ऐनको व्यवस्थाबाट स्पष्ट हुन आउँछ। यसरी नागरिकताको समाप्तिको संवेदनशीलता र महत्त्वलाई दृष्टिगत गरी ऐनमा नै सो अधिकार प्रत्यायोजन गर्न नमिल्ने किटानी व्यवस्था भएको देखिन आउने ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ३८ अनुसार प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रिपरिषद्को गठन हुने तथा सो धाराको उपधारा (४) बमोजिम मन्त्रिपरिषद्मा आवश्यकताअनुसार उपप्रधानमन्त्री र अन्य मन्त्रीहरू रहने व्यवस्था भएबाट कानून व्याख्यासम्बन्धी ऐन, २०१० को दफा २(झ) को प्रकरण (ङ) को व्यवस्थासमेतको सन्दर्भमा हेर्दा नेपाल सरकार भन्ने शब्दले प्रधानमन्त्रीको अध्यक्षतामा गठित मन्त्रीहरूको सामुहिक अस्तित्वलाई जनाउने भन्ने देखिन आउँछ । उल्लिखित व्यवस्थाबाट कुनै एकजना मन्त्री नेपाल सरकारको अङ्ग भएपनि त्यसले नेपाल सरकारको पूर्ण अस्तित्वलाई जनाउन सक्ने देखिएन । यस अवस्थामा अधिकार प्रत्यायोजन गरिएकोमा बाहेक कुनै एक मन्त्रीको निर्णयलाई नेपाल सरकारको निर्णय मान्न मिल्ने हुँदैन। माथि उल्लेख भएको नेपाल नागरिकता ऐन, २०६३ को दफा २० को उपदफा (१) ले नेपाल सरकारले उक्त ऐनबमोजिम प्राप्त अधिकार नेपाल सरकारको कुनै अधिकारीलाई प्रत्यायोजन गर्न सक्ने भए पनि सोको प्रतिबन्धात्मक वाक्यांशले दफा १४(१) बमोजिम नेपाली नागरिकबाट हटाउने अधिकार मन्त्रालय, विभाग वा कार्यालयमा प्रत्यायोजन हुन सक्ने देखिँदैन । यस अवस्थामा ऐनद्वारा नै यस अधिकारलाई प्रत्यायोजन गर्न नमिल्ने अधिकारको रूपमा किटानी व्यवस्था गरिएको हुनाले मन्त्रिपरिषद्ले यो अधिकार गृहमन्त्रीलाई प्रत्यायोजन गरेको छ कि भनी त्यसतर्फ अरू थप विचार गरिरहनु आवश्यक र सान्दर्भिकसमेत देखिन नआउने।

उल्लिखित कानूनी व्यवस्था र यस अदालतबाट प्रतिपादित भएको सिद्धान्तसमेतको आधारमा प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीहरूले झुठ्ठा विवरण पेस गरी नेपाली नागरिकताको प्रमाणपत्र लिएका हुन वा होइनन् भन्ने प्रश्नसम्बन्धमा निर्णय गर्ने साधिकार निकाय मन्त्रिपरिषद्बाट न्यायिक मनको प्रयोग गरी निर्णय भएको अवस्था नभएकोले विवादको तथ्यमा प्रवेश गरी विचार गर्न नमिल्ने भएकोले अब यी प्रतिवादी विदेशी व्यक्ति हुन् वा होइनन, निजहरूले झुठ्ठा विवरण पेस गरी वा झुठ्ठा बयान दिई नेपाली नागरिक हो भनी झुक्याई नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका हुन् वा होइनन् भन्नेसमेतका आवश्यक सबै सान्दर्भिक प्रश्नहरूको निरूपण गर्न जे जो बुझ्नुपर्छ बुझी, आवश्यक प्रक्रिया पूरा गरी कानूनबमोजिम निर्णय गर्नु भनी प्रतिवादीहरूलाई तारेख तोकी सुरू मिसिल नेपाल सरकार (मन्त्रिपरिषद् सचिवालय) मा पठाई दिने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६८।२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

- यसै लगाउको ०६८-CR-०८२६,

नागरिकता, *नेपाल सरकार वि. इन्दल अहिर* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०६७-CR-०८८८, वैदेशिक रोजगार, *नेपाल सरकार वि. सुजन भण्डारी*

जाहेरवालाहरूले जाहेरी दरखास्तसाथ सुप्रिम कन्स्लटेन्सी एजेन्सी प्रा.लि. को रसिदको फोटोकपीसम्म पेस गरेकोमा अदालतमा बकपत्र गर्दा जाहेरवालामध्येका लक्ष्मण दुलालले उक्त रसिद हराएको भन्ने व्यहोराको उल्लेख गरेको पाइन्छ भने अर्का जाहेरवाला अशोक श्रेष्ठले रसिदको सक्कल प्रति घरमै रहेको भनी अदालतसमक्ष पेस गर्न सकेको पाइँदैन । जाहेरवालाहरूले जाहेरीसाथ पेस गरेको उक्त रकम बुझेको भनिएको रसिदको फोटोकपीमा जाहेरवालाहरूबाट रकम बुझेको भन्ने उल्लेख भए पनि सो रकम के बापतमा बुझेको भन्ने उल्लेख भएको पाइँदैन । त्यसका अतिरिक्त उक्त रसिदको प्रतिलिपिमा यी प्रतिवादीको दस्तखतसमेत रहेको पाइएको छैन । उक्त सुप्रिम कन्सल्टेन्टले वैदेशिक रोजगारसम्बन्धी व्यवसाय गर्न अनुमति प्राप्त नगरी सीपमूलक तालिमको कन्सलटेन्टको लागि दर्ता भएको देखिएको र सो कन्सलटेन्सीबाट दिइएको भनिएको रकम बुझेको रसिदमा वैदेशिक रोजगारीमा पठाइदिने भनी रकम बुझेको नदेखिएको अवस्थामा प्रतिवादी सुजन भण्डारीले अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०४२ को दफा २४(२) बमोजिमको कसुर गरेको नदेखिएकाले निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब देखिन आउने।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी सुजन भण्डारीले जाहेरवालाहरूलाई वैदेशिक रोजगारीमा पठाई दिने भनी रकम लिई ठगी गरेको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिई निजलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।११।२३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

५

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CR-००२८, कर्तव्य ज्यान, *दीपक ठकुरी वि. नेपाल सरकार*

प्रतिवादीले अदालतमा पुनरावेदन गर्दा आफूले कुनै रिसइवी र मनसायले मृतकलाई मारेको नभई मृतकले नै आफूउपर कुटपिट गरेको कारण भवितव्यबाट घटना हुन पुगेको अवस्थामा आफूउपर ज्यानसम्बन्धीको महलको ५ नं. आकर्षित हुनुपर्ने भन्ने जिकिर लिएको सन्दभर्मा विचार गर्दा यिनै प्रतिवादी दीपक ठकुरीले प्रहार गरेको खुकुरीको चोटबाट मृतक रमेश ठकुरीको मृत्यु भएको भन्ने कुरा मिसिल संलग्न तथ्यहरूबाट पुष्टि भएको छ । उक्त घटनाको स्थितिलाई हेर्दा प्रतिवादीले आफ्नो भाइ मृतक रमेश ठकुरीसँग वाद विवाद भई मृतकको घरको बाहिरबाट बार्दलीमा चढी कुटाकुट गरी सोपश्चात रिस नमरी प्रतिवादी आफ्नो घरमा गई खुकुरी लिएर आई मृतकलाई र आफ्नी आमालाई समेत खुकुरी प्रहार गरी भाग्दै गरेको अवस्थामा छिमेकीहरूले पक्राउ गरेको

अवस्था देखिएको छ । वस्तुतः ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इवी लाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ भनी भवितव्यको अवस्थालाई परिभाषित गरिएको पाइन्छ । परन्तु प्रस्तुत मुद्दामा प्रतिवादीले कुटपिटपश्चात वारदातस्थलबाट आफ्नो घरसम्म पुगी खुकुरी बोकी ल्याई प्रहार गरेको देखिएकाले प्रतिवादीको मृतकलाई मार्ने मनसाय थिएन भनी मान्न मिलेन । यस अवस्थामा उक्त वारदातलाई भवितव्य मान्न मिल्ने नदेखिँदा मृतकउपर ज्यानसम्बन्धी ५ नं. आकर्षित हुनुपर्छ भन्ने प्रतिवादीको पुनरावेदन जिकिर मनासिब देखिएन । उल्लिखित अवस्थामा यी प्रतिवादी दीपक ठकुरीलाई कसुरदार ठहर्‍याई ज्यानसम्बन्धीको महलको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू र पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम १५ वर्ष कैद हुने व्यक्त भएको सुरू र पुनरावेदन अदालतको रायसम्बन्धमा विचार गर्दा प्रतिवादीले आफ्नो भाइ मृतक रमेश ठकुरीसँग अंशको कारणले विवाद एवम् झगडा गरी घटनास्थलबाट आफ्नो घरमा पुगी खुकुरी खोजी ल्याई मृतकउपर खुकुरी प्रहार गरेको अवस्था मिसिलबाट देखिएको छ । सोही वारदातमा प्रतिवादीले आफ्नी आमाउपर पनि खुकुरी प्रहार गरी घाइते बनाएको अवस्था छ । प्रतिवादीले मृतकलाई प्रहार गरेको धारिलो खुकुरीले मृतकको घाँटी आधा छिनेको देखिएको छ । सोही खुकुरी प्रहारको कारण अत्यधिक रक्तश्राव भई उपचारको लागि अस्पताल लाँदै गर्दा बाटोमा नै मृतकको मृत्यु भएको अवस्था छ । यी प्रतिवादीले मानवीय संवेदनाको न्यूनतम् स्तर पार नगरी अन्यन्तै क्रूरतापूर्वक र निर्मम एवम् पाशविक ढंगले आफ्नो सहोदर भाइको हत्या गरेको देखिएकोले कानूनबमोजिम सजाय तोकिएकोलाई चर्को सजाय भन्न मिल्ने देखिन आएन । प्रतिवादीलाई अ.बं.१८८ नं. बमोजिम सजायमा छुट दिन सक्ने अवस्था र स्थिति प्रस्तुत वारदातमा विद्यमान रहेको नदेखिँदा घटी सजाय गर्नेसम्बन्धमा व्यक्त भएको सुरू र पुनरावेदन अदालतको राय मनासिब देखिन नआउने ।

तसर्थ उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादीलाई कसुरदार ठहर्‍याई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू काभ्रेपलाञ्चोक जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।३।७ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । अ.बं.१८८ नं. बमोजिम व्यक्त भएको दुबै तहको अदालतको राय मनासिब नहुँदा सो राय कायम नरही प्रतिवादीलाई ठहरेबमोजिम नै सजाय हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल भदौ ३० गते रोज ४ शुभम् ।

६

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-WO-११३७, उत्प्रेषण, *पूर्वाञ्चल विश्वविद्यालयका रजिष्ट्रार निरोज पाण्डे वि. सम्माननीय कुलपति, पूर्वाञ्चल विश्वविद्यालय, मोरङ, विराटनगरसमेत*

निवेदक निरोज पाण्डे पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २६(१)

बमोजिम सो विश्वविद्यालयका उपकुलपतिको सिफारिसमा कुलपतिबाट नियुक्ति हुने पदाधिकारी भएका र निज दफा २६(२) बमोजिम विश्वविद्यालयको पूरा समय काम गर्ने प्रमुख पदाधिकारी रहने र दफा २६(३) बमोजिम निजको पदावधि चार वर्ष रहने व्यवस्था देखिन्छ । दफा १२ बमोजिम विश्वविद्यालय कार्यकारी परिषद्को गठन उपकुलपतिको अध्यक्षतामा चार सदस्यीय हुने र सो परिषद्मा रजिस्ट्रार सदस्य सचिव रहने प्रावधान रहेको देखिन्छ । पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा १३ बमोजिम कार्यकारी परिषद्को काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको देखिन्छ ।

(१) सभाको निर्णय एवम् निर्देशनहरू कार्यान्वयन गर्ने, गराउने ।

(२) राष्ट्रिय शिक्षा नीतिको परिधिभित्र रही आफ्नो कार्य सञ्चालन गर्ने, गराउने ।

(३) सभामा पेस हुने वार्षिक कार्यक्रम, बजेट, प्रगति विवरण, लेखापरीक्षण प्रतिवेदन र अन्य प्रस्तावहरू तयार गर्ने ।

(४) तोकिएबमोजिम अन्य कामहरू गर्ने, गराउने ।

त्यसैगरी पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ खण्ड (क) सांगठनिक तथा शैक्षिक नियमावली २०५३ को परिच्छेद ५ नियम २५ को खण्ड (ख) को (२) मा "... तर विश्वविद्यालयको हितको निम्ति अत्यन्त जरूरी र सार्वजनिक महत्त्वको विषय भएको प्रस्ताव वा विषयवस्तु पूर्व सूचना बिना पनि अध्यक्षको अनुमतिले कार्यकारी परिषद्को बैठकमा प्रस्तुत गर्न सकिनेछ भन्ने व्यवस्था रहेको देखिन्छ ।

माथि उल्लिखित कानून, रिट निवेदन तथा लिखित जवाफको अध्ययनबाट निवेदक रजिस्ट्रारको सेवामा असर पर्ने गरी निर्णय गर्ने अधिकार विपक्षी उपकुलपतिलाई रहेको देखिँदैन । यसलाई आफ्नो लिखित जवाफमा विपक्षीहरूले स्वीकार गरेको पाइन्छ । यस सन्दर्भमा विपक्षी उपकुलपतिले विश्वविद्यालयको कुलपतिलाई मिति २०७०।१।८ मा लेखेको पत्रमा निवेदक रजिस्ट्रार पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २६(१) बमोजिम कुलपतिबाट नियुक्त पदाधिकारी भएकोले निजको विरूद्धमा प्राप्त ज्ञापनपत्र आदिबाट विश्वविद्यालयको गरिमाको सम्बन्धमा प्रश्न उठ्ने भएकोले सम्माननीय कुलपतिबाट उचित निर्णयसहितको निर्देशन पाउन पूर्वाञ्चल विश्वविद्यालय ऐन, २०५० को दफा २५, २६(१) तथा ऐ नियमावली, २०५५ (संशोधनसहित) को परिच्छेद ३ नियम ६(क) (ख) बमोजिम सिफारिस साथ अनुरोध गरिन्छ भनी रजिष्ट्रार विरूद्ध निजले कुनै पनि किसिमको विभागीय कारवाही गर्न नसक्ने कुरालाई निजले स्वीकार गरेको देखिने ।

सार्वजनिक निकाय र त्यसको पदाधिकारीले कानूनबमोजिम आफ्नो अधिकारक्षेत्रको प्रयोग गर्नुपर्ने हुन्छ । साथै कसैको हकमा असर पर्ने काम कारवाही गर्दा प्रभावित व्यक्तिलाई सफाइको मौका दिनुपर्छ । यी दुई आधारभूत न्यायका मान्य सिद्धान्त कानूनी राज्यका जग हुन् । यिनको अभावमा जवाफदेहिता, सुशासन र पारदर्शितासमेतको संरक्षण र संवर्द्धन हुन सक्दैन । यी कुराहरूलाई यस अदालतले पटकपटक कयौं नजिरमा स्थापित गरिसकेको छ । तर प्रस्तुत कारवाही गर्दा निवेदकसँग स्पष्टीकरणसमेत नलिई रजिस्ट्रारको हैसियतले गर्ने सम्पूर्ण कार्य स्थगित राख्ने भन्ने विपक्षी कार्यकारी परिषद्बाट मिति २०७०।१।७ मा निर्णय भएको

पाइन्छ जुन निर्णय अधिकारक्षेत्रविहीन र प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिँदा विपक्षी कार्यकारी परिषद्को मिति २०७०।१।७ को निर्णय र सो निर्णयका आधारमा मिति २०७०।१।८ मा वरिष्ठ अधिकृतले दिएको पत्रसमेत उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । निवेदकलाई रजिस्ट्रारको पदमा रही यथावत काम गर्न दिनु भनी विपक्षीहरूका नाममा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: महेन्द्रप्रसाद भट्टराई

कम्प्युटर: अमिरत्न महर्जन

इति संवत् २०७२ साल चैत २३ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७०-WO-०००९, उत्प्रेषण, *निरोज पाण्डे वि. कार्यकारी परिषद्, पूर्वाञ्चल विश्वविद्यालय मुख्य कार्यालय विराटनगर ऐ. को सम्पर्क कार्यालय, काजिकामनपा वडा नं. ९ सिनामङ्गलसमेत*
- ०७०-MS-०००७, अपहेलना, *निरोज पाण्डे वि. कार्यकारी परिषद्, पूर्वाञ्चल विश्वविद्यालयका अध्यक्ष तथा उपकुलपति प्रा.महेश्वरमान श्रेष्ठसमेत*
- ०७०-MS-००२८, अपहेलना, *निरोज पाण्डे वि. कार्यकारी परिषद्, पूर्वाञ्चल विश्वविद्यालयसमेत*

७

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०२८९, उत्प्रेषण / परमादेश, *धिरेन्द्रकुमार यादव वि. शान्तिदेवी यादवसमेत*

निवेदकले आफ्नो हकभोग दर्ताको साबिक नक्साभित्रको कि.नं. २६८ को जग्गा मध्ये ०-०-७ जग्गा विपक्षी शान्तिदेवीका नाउँमा पूर्जा प्राप्त हुने गरी दिइएको भनी प्रस्तुत मुद्दामा दाबी गरेकोमा उक्त जग्गाको नाप नक्सा गर्ने सम्बन्धमा नापी कार्यालयबाट सूचना प्रकाशित भई मिति २०५३।१२।३० मा नापनक्सा भई निवेदकका पिता तत्कालीन जग्गाधनी कलानन्द यादवले मिति २०५४।१०।२३ मा जग्गा दर्ता गरी फिल्डबुकमा हस्तक्षर गरेको उक्त फिल्डबुकको प्रतिलिपिबाट देखिएको छ । मिति २०५३।१२।३० मा भएको नापीमा आफ्नो जग्गाको क्षेत्रफल घटेको भए सोही बखतमा उपचार खोज्नु पर्नेमा नयाँ नापीबाट कायम हुन आएको क्षेत्रफलउपर चित्त बुझाई सो क्षेत्रफल स्वीकार गरिसकेपछि अनुचित विलम्ब गरी साबिक जग्गाधनीका छोरा हालका जग्गाधनी यी रिट निवेदकले मिति २०६९।३।२६ मा उक्त नाप नक्सा बदर गरिपाउँ भनी उत्प्रेषणको रिट दायर गरेको देखिएकाले निवेदन मागबमोजिमको आदेश जारी हुन नसक्ने भनी रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको आदेश मनासिब देखिन आउने।

उपर्युक्त आधार र कारणसमेतबाट मिति २०५३।१२।३० मा भएका सर्वे नापीबाट कायम भएको जग्गाको क्षेत्रफलमा चित्त बुझाई साबिक जग्गाधनीले कुनै उजुर नगरेको अवस्थामा निजका छोरा हालका जग्गाधनीले अनुचित विलम्ब गरी मिति २०६९।३।२६ मा उक्त काम कारवाही बदर गरी पाउन दायर गरेको रिट निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६९।९।१६ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्ने नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

८

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०९८३, निषेधाज्ञा / परमादेश, *अदालत बनिया वि. सिद्धार्थनगर नगरपालिका कार्यालय, सिद्धार्थनगर रूपन्देहीसमेत*

प्रस्तुत मुद्दाको मिसिल संलग्न कागजात अवलोकन गरी हेर्दा विपक्षी सिद्धार्थनगर नगरपालिकाले निवेदकलाई निवेदकको घर सडक सीमाभित्र पर्ने देखिएकोले सबुद प्रमाणसहित ७ दिनभित्र उपस्थित हुन भनी मिति २०६९।९।७ मा पत्र पठाएको देखिन्छ । तत्पश्चात मिति २०६९।१०।७ मा निवेदकको घर ४ फिट ३ इन्च सडकभित्र परेकोले पत्र पाएको २१ दिनभित्र हटाउन जानकारी गराइएको भनी निवेदकलाई पत्र दिइएको देखिन्छ । तर रिट निवेदकले उक्त आदेश उपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन गर्न सक्ने सामान्य कानूनको उपचार रहेकोमा निवेदकले सो उपचारको मार्ग अवलम्बन गरेको देखिन आएन । नगरपालिकाको कार्यकारी अधिकृतले गरेको आदेशउपर निवेदकले वैकल्पिक उपचारको बाटो अवलम्बन नगरी सो आदेशउपर निषेधाज्ञा र परमादेशको दाबी लिई प्रस्तुत निवेदन दायर गरेको देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

उल्लिखित आधार र कारणसमेतबाट विपक्षी नगरपालिकाको कार्यकारी अधिकृतले गरेको आदेशउपर स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६२ बमोजिम पुनरावेदन नगरी सो आदेशउपर निषेधाज्ञा परमादेशको निवेदन दायर गरेको देखिएको अवस्थामा निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।१।१० को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम् ।

९

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-०७४४, निषेधाज्ञा / परमादेश, *रमेशप्रसाद सर्राफ वि. आन्तरिक राजस्व कार्यालय, भैरहवासमेत*

प्रस्तुत मुद्दामा निवेदकले जग्गा अधिग्रहणबापत प्राप्त भएको मुआब्जाको रकममा विपक्षीहरूबाट पुँजीगत लाभकर असुल गर्ने प्रयोजनका लागि निवेदकको अन्य सम्पत्ति रोक्का राख्ने आशंका भएको भन्ने दाबी लिइएको पाइन्छ । विपक्षीहरूको लिखित जवाफमा आयकर ऐन, २०५८ बमोजिम उक्त आम्दानीमा कर लाग्ने भन्ने जिकिर लिइएको पाइन्छ । वस्तुतः निवेदकले दाबी गरेको विषय पुँजीगत लाभकरसम्बन्धी विषय भई निवेदकले उक्त कर तिर्नु पर्ने वा नपर्ने भन्ने प्रश्न आयकर ऐन, २०५८ लगायतको करसम्बन्धी प्रचलित कानूनको आधारमा निरूपण हुने देखिएकाले यस्तो प्रश्न निषेधाज्ञा परमादेशको निवेदनबाट निरूपण गर्न मिल्ने हुँदैन । निवेदकले दाबी गरेको विषयमा सामान्य कानूनको व्यवस्थाबमोजिम उपचार प्राप्त हुने वैकल्पिक व्यवस्था भएको अवस्थामा निषेधाज्ञा परमादेशको रोहमा उक्त विषयको निरूपण हुन नसक्ने भएकाले निवेदन खारेज गरेको पुनरावेदन अदालतको आदेश मनासिब देखिन आउँदा निवेदकले दाबी गरेको विषयमा वैकल्पिक उपचारको मार्ग विद्यमान रहेको अवस्थामा निषेधाज्ञा परमादेशको निवेदनको

रोहमा निरूपण गर्न नमिल्ने भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०७०।२।२२ को आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

१०

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-१०२४, निषेधाज्ञा, *नन्दकुमार बस्नेतसमेत वि. दिना बज्राचार्यसमेत*

निवेदकहरूले निवेदनपत्र आफूहरूलाई विपक्षी कार्यालयले पक्राउ गर्ने जबर्जस्ती कागज गराउने भन्ने आशंका व्यक्त गरी निवेदन दायर गरेकोमा विपक्षी निकायबाट उपर्युक्त कुनै कार्य नभएको, नगरेको र लेनदेनको विषय हेर्ने आफ्नो क्षेत्राधिकारसमेत नभएको भन्ने उल्लेख भएको सन्दर्भमा निवेदकहरूलाई धरपकड गर्ने, लेनदेनको कागज गर्ने वा रकम दिलाउने जस्ता कार्य गर्ने आशंकाको स्थिति विद्यमान रहेको भन्न मिल्ने अवस्था नभएकाले निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको आदेश मनासिबै देखिन आउने हुँदा निवेदकले दाबी लिएबमोजिम निवेदकहरूलाई लेनदेन कारोबारका सम्बन्धमा पक्राउ गर्ने, रकम दिलाउने, कागज गराउनेसमेतको आशंकाको स्थितिको विद्यमानता नदेखिएको अवस्थामा निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।७ को आदेश मिलेको देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७२ साल भदौ २९ गते रोज ३ शुभम्।

११

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-RC-००१५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुख्खन कोरी*

घटनास्थल तथा लास जाँच मुचुल्काबाट मृतकको बायाँ पट्टि घाँटीमा १ ईन्च लम्बाईको चोट रहेको, बाँयातर्फको कानको लोतीबाट २ इन्च तल घाँटीतर्फ १.५ इन्च लम्बाई, १/२ इन्च चौडाई, १/२ इन्च गहिराइको चोट रहेको, घाँटीको पछाडितर्फ गर्धनमा ४ इन्च लम्बाई, १ इन्च चौडाई र ४ इन्च गहिराईको धारिलो हतियारले काटेको चोट रहेको देखिएको छ। मृतक शवको टाउकोदेखि २२ फिट दक्षिणमा १० इन्च गोलाईको रगतको डाम रहेको, उक्त रगतको डामदेखि मृतकको टाउकोसम्मको २२ फिट लम्बाइमा घिसारिएको जस्तो देखिने डाम रहेको भन्ने उल्लेख भएको र शव परीक्षण प्रतिवेदनमा मृतकको शरीरको घाँटीलगायतका अन्य स्थानमा चोटपटक रहेको उल्लेख भई मृत्युको कारणमा Neurogenic Shock, Hemarrhagic Shok भन्ने उल्लेख भएको देखिन्छ। प्रतिवादीले मौकामा गरेको बयानलाई लास प्रकृति मुचुल्कामा मृतकको शरीरमा उल्लेख भएको चोट, शवपरीक्षण प्रतिवेदनको व्यहोरा एवम् जाहेरवालाको अदालतमा भएको बकपत्रबाट पुष्टि हुन आएको देखिएकाले निजले अदालतमा गरेको इन्कारी बयान प्रमाणमा लिन मिल्ने नदेखिने।

घटनाको प्रत्यक्षदर्शी सोना कोरीले मौकामा अनुसन्धानको क्रममा वारदातको दिनभन्दा ८ दिन पहिला निजले बाख्राले सुख्खन कोरीको सूर्यमुखी फूल खाइदिएकोले प्रतिवादीहरू झगडा गर्न आई सुख्खन कोरीसमेतले छोरा रामदिन कोरीलाई समाउन लाग्दा छोरालाई बचाउन आफूले घरभित्र

पठाएपछि गोठमा गोरूलाई घाँस हाल्न गएकी बुहारी मान्ती कोरीलाई सुख्खन कोरीले फरूवाले हानी मारेको भन्ने व्यहोरा उल्लेख गरी अदालतमा बकपत्र गर्दासमेत मौकाको आफ्नो व्यहोरालाई समर्थन गरेको देखिन आउँछ । प्रस्तुत वारदात देख्ने प्रत्यक्षदर्शी एवम् उक्त घटना वारदातबाट पीडितसमेत बनेकी निज सोना कोरीको बकपत्र कथन, प्रतिवादी सुख्खन कोरीको मौकामा साबिती बयान एवम् शव परीक्षण प्रतिवेदनसमेतका प्रमाणबाट समर्थित भएको अवस्थामा निज सोना कोरीको भनाईलाई प्रमाण ऐन, २०३१ को दफा १० बमोजिम ठोस प्रमाणमा ग्रहण गर्नुपर्ने देखियो।

प्रतिवादीको अन्यत्रको उपस्थितिको जिकिर वस्तुनिष्ठ आधार प्रमाणबाट समर्थित भएको नदेखिँदा निजको कथन विश्वसनीय देखिन आएन। यस अवस्थामा प्रतिवादी सुख्खन कोरीले मृतक मान्ती कोरीलाई फरूवाले हानी कर्तव्य गरी मारेको देखिन आएकोले निजलाई अभियोग दाबीबमोजिम ज्यान सम्वन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको फैसला मनासिब देखिन आउने।

उल्लिखित आधार र कारणसमेतबाट प्रतिवादी सुख्खन कोरीले कोदालो प्रहार गरी मृतक मान्ता कोरीलाई कर्तव्य गरी मारेको देखिएकाले निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू नवलपरासी जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०७१।९।१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७२ साल असोज १ गते रोज ६ शुभम्।

१२

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-WO-००१३, निषेधाज्ञा / परमादेश, *प्रविन नेपाल वि. तिलकबहादुर थापासमेत*

प्रस्तुत रिट निवेदनको मिसिल संलग्न कागजात अवलोकन गर्दा रिट निवेदकले प्रस्तुत रिट निवेदनमा आफ्नो नाममा गलत वतनमा म्याद जारी भएको कारण प्राकृतिक न्यायको सिद्धान्त विपरीत सुनुवाइको मौका नदिई फैसला भएको भनी जिकिर लिएको देखिए पनि उक्त चेक अनादर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१०।२५ मा फैसला हुनु अगावै मिति २०६९।१०।१० मा यी रिट निवेदकले तामेली म्यादसहितका अन्य कागजातको नक्कल लिई सकेको देखिएकोले चेक अनादर मुद्दाको फैसलाअघि निवेदकलाई उक्त मुद्दाबारे जानकारी नभएको भन्न मिल्ने भएन। यस अवस्थामा चेक अनादर मुद्दामा फैसला हुनुअघि नै सो मुद्दाबारे जानकारी प्राप्त गरिसकेको रिट निवेदकले सो मुद्दा फैसला भएपश्चात बेरीतको म्याद बदर गरी अ.बं. २०८ नं. बमोजिम प्रतिउत्तर दर्ता गरिपाउँ भनी दिएको निवेदन दरपीठ गरेको काठमाडौं जिल्ला अदालतको आदेश र सो आदेशलाई सदर गरेको पुनरावेदन अदालतको आदेशमा कुनै कानूनी त्रुटि विद्यमान रहेको देखिएन। त्यसका अतिरिक्त रिट निवेदकका नाउँमा चेक अनादर मुद्दामा जारी भएको म्यादसमेत रितपूर्वक तामेल भएको देखिएकोले रिट

निवेदकलाई प्रतिवाद गर्ने मौकाबाट बञ्चित गरिएको भन्न मिल्ने अवस्था नहुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने ।

उपर्युक्त आधार र कारणसमेतबाट रिट निवेदकको नाउँमा चेक अनादर मुद्दाको म्याद रितपूर्वक तामेल भएको देखिएको र चेक अनादर मुद्दा जिल्ला अदालतबाट फैसला हुनु अगावै तामेली म्यादसहित मुद्दाका अन्य कागजातको नक्कल रिट निवेदकले लिइसकेको देखिएकोले सुनुवाईको मौकाबाट बञ्चित गरेको भन्न नमिल्ने हुँदा निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने हुँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल साउन २९ गते रोज ६ शुभम् ।

१३

**स.प्र.न्या. श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CR-०७३२, हातहतियार खरखजना, *नेपाल सरकार वि. अरविन्दकुमार पण्डित*

वस्तुतः एउटै मुद्दाका सहअभियुक्तले सुरू फैसलाउपर दायर गरेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई नेपाल सरकारको तर्फबाट सुनुवाईमा बहससमेत गरिसकेपछि पनि उक्त मुद्दाको सुरू फैसलाको जानकारी प्राप्त नभएको भन्न मिल्ने हुँदैन । एउटै मुद्दाको सुरू फैसलाउपर एउटा प्रतिवादीको तर्फबाट परेको पुनरावेदनमा विपक्षी झिकाउने आदेश भई वादी नेपाल सरकारको तर्फबाट बहस गरी सो मुद्दा मिति २०६७।३।१५ मा फैसला भइसकेपछि त्यसको ९ महिना ३ दिनपछि मिति २०६७।१२।१८ मा पुनरावेदन अदालतमा दायर भएको पुनरावेदन पत्रलाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिम तोकिएको पुनरावेदन गर्ने हदम्यादभित्र परेको भन्न मिल्ने देखिएन । यस अवस्थामा कानूनबमोजिम तोकिएको म्याद र थाम्ने थमाउने अवधिसमेत व्यतित गरी परेको वादी नेपाल सरकारको उक्त पुनरावेदन पत्रबाट मुद्दाको तथ्यमा प्रवेश गरी निर्णय गर्नुपर्ने अवस्था नभएको भनी अ.बं. १८० नं. बमोजिम पुनरावेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आयो ।

उक्त आधार र कारणसमेतबाट वादी नेपाल सरकारको पुनरावेदन पत्र सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २६ बमोजिमको म्याद र कानूनबमोजिम थाम्ने थमाउने अवधिसमेत व्यतित गरी दायर भएको देखिएकोले उक्त पुनरावेदन अ.बं. १८० नं. बमोजिम खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०७०।२।१२ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः विश्वनाथ भट्टराई

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल भदौ ३१ गते रोज ५ शुभम् ।

## इजलास नं. १

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६९-CI-११४५, निषेधाज्ञा, *हिमपुष्पा कुर्मी वि. जिल्ला प्रशासन कार्यालय, नेपालगन्जसमेत*

दुई पक्षबीच मिल सञ्चालनमा विवाद परी शान्ति सुरक्षा कायम गर्नको लागि परेको निवेदनउपर आवश्यक कारवाही चलाउन जिल्ला प्रशासन कार्यालयबाट आफूसमक्ष परेको निवेदन सम्बन्धित

घरेलु तथा साना उद्योग कार्यालयमा पठाई सकिएको अवस्थामा कानूनबमोजिम जे जो गर्नुपर्ने हो उक्त कार्यालयले नै गर्ने हुँदा उक्त निवेदनउपर त्यस्तो कारवाही गर वा नगर भनी यहाँबाट केही बोल्न मिल्ने देखिँदैन । मिल सञ्चालन गर्दा अपनाउनु पर्ने सर्त र सर्वसाधारण जनताको स्वास्थ्यमा पर्न सक्ने प्रभाव इत्यादिका कुराहरू हेर्ने कार्यालयमा रहेको निवेदन उजुरीउपरको कारवाही विचाराधीन अवस्थामा रहेको देखिन्छ । उद्योग सञ्चालन गर्न अनुमति दिने साधिकार कार्यालयले गरेको निर्णयउपर चित्त नबुझे सोहीबमोजिम कानूनले निर्दिष्ट गरेबमोजिमको निकायमा जान सक्ने नै हुँदा निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता नदेखिएको नहुँदा पुनरावेदन अदालत, नेपालगञ्जको फैसला मनासिबै देखिने हुँदा निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः शकुन्तला कार्की

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल चैत २४ गते ३ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी,** ०७०-CR-०५५४, ०४६७, ०४२४, कर्तव्य ज्यान, *अदीप भन्ने विनोद उर्फ टोकलबहादुर तामाङ वि. नेपाल सरकार, नेपाल सरकार वि. रिजन भनी चिनिने गगनसिंह तामाङसमेत गगन सिंह तामाङ वि. नेपाल सरकार*

प्रस्तुत मुद्दामा मृतक दुर्गा शर्मा फुयाललाई पुनरावेदक प्रतिवादीहरू तेञ्जिङ भन्ने गगन सिंह तामाङ र विनोद भन्ने टोकलबहादुर तामाङसमेत ४ जना भई घाँटी, छाती खुट्टा तथा पेटमा थिची कर्तव्य गरी मारी खोल्सामा पुरेको भनी अधिकार प्राप्त अधिकारीसमक्षको बयानमा दुवै प्रतिवादीहरूले खुलाइदिएबाट मृतक दुर्गा शर्मा फुयालको मृत्यु यसैका चोट प्रहारबाट भएको हो भनी प्रष्टरूपमा खुल्न नआई वारदातमा संलग्न पुनरावेदक प्रतिवादीहरू समेतको संलग्नतामा मृत्यु भएको देखिन आयो । यसरी यसैको चोटले मृतकको मृत्यु भएको हो भन्ने प्रष्टरूपमा खुल्न नआएको अवस्थामा पुनरावेदक प्रतिवादीहरूलाई सर्वस्वसहित जन्म कैद नगरी मुलुकी ऐन. ज्यानसम्बन्धीको महलको १३ (३) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार सर्वस्वसहित जन्म कैदको सजाय हुनुपर्ने भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

यदि कुनै अपराधको अभियोग लागेको अभियुक्तले अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयानको व्यहोरा आफूलाई प्रहरीबाट शारीरिक यातना दिई गराएको भनी जिकिर लिन्छ भने सोसम्बन्धमा अस्पतालबाट जाँच गराई प्रमाणित कागज मिसिलसंलग्न गराएको हुनुपर्ने हुन्छ । सो नभएको अवस्थामा अभियुक्तले अदालतमा आई यातनाको जिकिर लिएकै आधारमा उक्त जिकिरलाई मुद्दाको सम्बद्ध प्रमाणको रूपमा लिन मिल्ने नदेखिने।

उल्लिखित व्यबस्था, सिद्धान्त, तथ्य, प्रमाण एवम् विवेचनासमेतको आधारमा पुनरावेदक प्रतिवादी तेञ्जिङ भन्ने गगनसिंह तामाङलाई ज्यानसम्बन्धीको महलको १ र १३ (३) नं. ले जन्मकैदको सजाय गर्नु पर्नेमा ऐ. को १६ नं. ले सजाय गरेको र पुनरावेदक प्रतिवादी अदिप भन्ने विनोद उर्फ टोकलबहादुर तामाङलाई सर्वस्व गरेको हदसम्म सुरू काठमाडौं जिल्ला अदालतको

फैसलालाई उल्टी गरी पुनरावेदक प्रतिवादीहरू गगनसिंह तामाङ र टोकलबहादुर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरू गगन सिंह तामाङ र टोकलबहादुर तामाङ तथा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसकिने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटरः गीता घिमिरे गिरी

इति संवत् २०७२ साल माघ ११ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री दीपकराज जोशी**, ०७०-CR-०७०१, कर्तव्य ज्यान, *धनमाया तामाङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अदालतमा गरेको बयानमा आफूले मृतक कान्छीमाया तामाङलाई कुटपिट गरेको नभई मृतकले तातो भाँडो तान्दा हातमा पोलेको र मृतक आफैँ लडेर लागेको चोटको कारण तथा दमको रोगले मरेको हो भनी कसुरमा इन्कार रहे तापनि मृतकको शव परीक्षण प्रतिवेदनमा मृतकको शरीरमा रहेको घाउ चोटहरू धार नभएको वस्तुले हिर्काएकोले भएको भनी उल्लेख गरिएबाट निजको भनाइलाई मृतकको शव परीक्षण प्रतिवेदनबाट समर्थित भएको देखिँदैन । तसर्थ पुनरावेदक प्रतिवादीको अदालतमा कसुरमा इन्कार रही गरेको बयान तथ्ययुक्त प्रमाणबाट पुष्टि हुन नआएको, मृतकले मृत्यु हुनुअघि लामो समयदेखि खाना नखाएको भनी शव परीक्षण प्रतिवेदनबाट देखाएकोमा यस्तो अशक्त ७५ वर्षकी बृद्ध मृतकलाई लाठीसमेतले प्रहार गर्दा मर्न सक्ने परिणामको पुनरावेदक प्रतिवादीले स्वाभाविक रूपमा पूर्व अनुमान गर्नु पर्नेमा मार्ने मनसायले मृतकलाई पुनरावेदक प्रतिवादीले कुटपिट गरेको र सोही कुटपिटको कारण मृतक कान्छीमाया तामाङको मृत्यु भएको पुष्टि हुन आएको हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला मनासिबै देखिन आउने।

उल्लिखित तथ्य, प्रमाण एवम् विवेचनाको आधारमा पुनरावेदक प्रतिवादी धनमाया तामाङले मृतक कान्छीमाया तामाङलाई कुटपिट गरी कर्तव्य गरी मारेकोले निज पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१।२२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: अर्जुनप्रसाद कोइराला

कम्प्युटर : गीता घिमिरे (गिरी)

इति संवत् २०७२ साल कात्तिक १० गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६७-CR-०००३, झुट्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार, *नेपाल सरकार वि. लक्ष्मीबहादुर शाही*

प्रत्यर्थी प्रतिवादीले शैक्षिक योग्यताको प्रमाणपत्र आफूले पेस गरेको कुरा स्वीकार गरेको अवस्था छ भने नेपाल सरकारको आधिकारिक निकाय उच्च माध्मिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत बुझ्दा उक्त शैक्षिक योग्यता नक्कली भनी प्रत्यर्थी प्रतिवादीलाई शैक्षिक प्रमाणपत्र प्रदान गर्ने निकाय भारत उत्तर प्रदेश माध्यमिक शिक्षा परिषद्, वाराणसीबाट लेखी आएको पाइन्छ । प्रतिवादीले आफूले पेस गरेको प्रमाण पत्र सक्कली

हो, नक्कली होइन भनी बयान गरे पनि सो पुष्टि हुने अन्य प्रमाणहरू पेस हुन सकेको देखिएन । यस सम्बन्धमा आधिकारिक निकाय उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुरमार्फत बुझ्दा उक्त शैक्षिक योग्यता नक्कली भनी लेखी आएकोले निजको राधाकुमारी इण्डर कलेज महाराजगञ्जबाट सन् १९९३ मा अनुक्रमाङ्क १६८४७९५ बाट माध्यमिक परीक्षा उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताको प्रमाणपत्रहरू नक्कली देखिन आयो । प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरू नक्कली भएको तथ्यमा विवाद नरहेकोले निजले सुरू नियुक्तिका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको पुष्टि हुन आउने ।

प्रतिवादीलाई कसुरदार ठहर्‍याएको विशेष अदालतको फैसला मिले नमिलेको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले भारतबाट ल्याएको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणितकर्ता सम्बन्धमा नेपाल सरकारको आधिकारिक निकायबाट छानबिन हुँदा उक्त प्रमाणपत्र नक्कली भएको भन्ने कुरा पुष्टि भएको देखिएको र माथि उल्लिखित नजिरसमेतबाट प्रतिवादी उपरको अभियोग दाबी कानूनको हदम्यादभित्रै दायर भएको देखिएको अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम कसुरदार ठहर्‍याउनु पर्नेमा हदम्यादको अभाव देखाई अभियोगपत्र खारेज गरेको विशेष अदालतको फैसला त्रुटिपूर्ण देखिएकाले उल्टी हुने ।

उल्लिखित आधार र कारण समेतबाट प्रस्तुत अभियोगपत्र हदम्यादभित्रै दायर भएको र प्रतिवादीको हाइस्कुल उत्तीर्ण परीक्षाको प्रमाणपत्र सद्दे नभई नक्कली भएको देखिएकोले निजले सुरू नियुक्तिका लागि झुट्ठा शैक्षिक प्रमाणपत्र पेस गरी भ्रष्टाचार गरेको देखिँदा विशेष अदालत, काठमाडौंको मिति २०६६।११।१८ को फैसला मिलेको नदेखिँदा उल्टी भई प्रतिवादीले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवम् भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९(२) बमोजिम रू. २०००।– (दुई हजार रूपैयाँ) जरिवाना हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर: गीता घिमिरे
इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०३६१, निषेधाज्ञा, *मोहनदेवी श्रेष्ठ वि. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी फाँट काठमाडौंसमेत*

प्रस्तुत मुद्दामा एकातर्फ पुनरावेदकले आफ्नो जग्गा बागमती करिडोरमा पर्न गएको भनी मुआब्जाको लागि प्रत्यर्थी समितिसमक्ष निवेदन दिएको र अर्कोतर्फ प्रत्यर्थी समितिले पनि निर्धारित मापदण्डभन्दा बाहिर गई व्यक्तिको जग्गा अधिग्रहण गर्नु पर्ने भएमा मुआब्जा दिएर मात्र त्यस्तो जग्गा अधिग्रहण गरिने भनी लिखित जवाफमा प्रतिबद्धता जनाएको देखिएको अवस्थामा पुनरावेदकको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने भनी पुनरावेदन अदालत, पाटनबाट पुनरावेदकको निवेदन खारेज गर्ने गरी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला
कम्प्युटर: गीता घिमिरे गिरी
इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

६

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CI-०३६२, परमादेश / प्रतिषेध, *भाइकृष्ण श्रेष्ठसमेत वि. अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति, गुह्येश्वरी फाँट काठमाडौंसमेत*

प्रत्यर्थीमध्ये अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिको लिखित जवाफमा आफ्नो कार्य गर्दाको अवस्थामा समितिलाई आवश्यक पर्ने जग्गा सार्वजनिक जग्गा भएमा त्यस्तो जग्गा स्वतः प्राप्त गर्ने र व्यक्तिको जग्गा पर्न गएमा अग्रिम सार्वजनिक सूचना दिई कानूनबमोजिम मुआब्जा दिई लिने गरिएको भनी उल्लेख गरेको देखिन्छ । यसरी एकातर्फ प्रत्यर्थी समितिले आफूलाई प्राप्त अख्तियारीबमोजिमको काम गर्ने दौरानमा कसैको व्यक्तिगत जग्गा अधिग्रहण गर्नु पर्ने भएमा मुआब्जा दिई अधिग्रहण गरिने भनी प्रष्टरूपमा आफ्नो लिखित जवाफमा प्रतिबद्धता जनाएको र अर्कोतर्फ पुनरावेदकहरूले बागमती करिडोरभित्र घुस्न गएको आफ्नो हकभोगको जग्गाहरूको मुआब्जा पाऊँ भनी प्रत्यर्थीमध्येका समितिमा निवेदन दिएको भनी पुनरावेदनपत्रमा उल्लेख गरेको देखिएबाट छानबिनको क्रममा पुनरावेदकको जग्गा व्यक्तिगत हकभोगको देखिन आएमा पुनरावेदकले निवेदन मागबमोजिम मुआब्जा पाउने नै देखिँदा पुनरावेदकको निवेदन मागबमोजिमको आदेश जारी गर्न नमिल्ने गरी भएको पुनरावेदन अदालत, पाटनको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

इजलास अधिकृत : अर्जुनप्रसाद कोइराला
कम्प्युटर: गीता घिमिरे गिरी
इति संवत् २०७२ साल भदौ ७ गते रोज २ शुभम् ।

७

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०५७९, जबर्जस्ती करणी, *नेपाल सरकार वि. मुकेश तामाङसमेत*

प्रतिवादीहरूले पीडितहरूलाई राजिखुशीले करणी गरेको भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरे पनि प्रतिवादीहरू दिनेश भट्टराई, प्रलाद खड्का र मुकेश तामाङ आफूहरूले जाहेरवालीहरूलाई जबर्जस्ती करणी गरेको होइन, प्रहरीमा गरेको बयान हप्कीदप्कीसमेत गरेकोले डरले सहिछाप गरिदिएको छु भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिएको छ । निजहरूको शरीरमा External Injury रहे भएको नदेखिएको एवम् ४ जना चिनेका र २ जना नचिनेका मानिसहरूले जबर्जस्ती करणी गरेको भनी पीडिताहरूले भनेअनुसारको विवरण पिडिता मनमाया राई र कौशिल्या तामाङको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको देखिन्छ । चिकित्सकले दिएको रायमा जबर्जस्ती करणी गरेको हो भनी यकिन राय दिएकोसमेत देखिएन । प्रतिवादीहरू प्रल्हाद खड्का र मुकेश तामाङले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडिताहरूलाई निजहरूको सहमतिमा करणी गरेको हो जबर्जस्ती होइन भनी बयान गरेको तथ्यलाई जबर्जस्ती करणी गरेको कुरामा प्रतिवादी साबित भएको भनी मान्न मिल्ने देखिएन । राजीखुसीले होइन प्रतिवादीले नै जबर्जस्ती करणी गरेका हुन भनी दाबी लिने वादी पक्षले नै सो कुरा शंकारहित तवरबाट पुष्टि गराउन सक्नु पर्नेमा सो पुष्टि हुने अन्य सम्बद्ध प्रमाणहरू समेतको अभावमा प्रतिवादीहरूलाई दोषी ठहर गर्नु फौजदारी न्यायको सिद्धान्तबाट समेत मिल्ने देखिन

आएन । पीडिताहरूको शारीरिक परीक्षण गर्दा अपरिचित व्यक्तिहरूले करणी गरेका हुन् भनी लेखाई दिएको व्यहोरासमेतबाट यिनै प्रतिवादीहरूले जबर्जस्ती करणी गरेका हुन भनी अनुमानको भरमा निर्णयमा पुग्नु न्यायोचित हुँदैन । प्रतिवादीहरूको शारीरिक जाँच हुँदा Not any significant Finding भनी उल्लेख भएको अवस्थासमेत मिसिल संलग्न प्रतिवेदनबाट देखिएको अवस्थामा यि प्रतिवादीहरूले निज पीडितहरूलाई जबर्जस्ती करणी नगरेको भन्ने देखिन आयो । मनमायाको पेन्टीमा योनीरसमा पुरूष वीर्य पाइएको भन्ने उल्लेख भएकोमा सो योनिरस यिनै प्रतिवादीहरूको हो भन्ने कुनै वैज्ञानिक आधार प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने ।

प्रतिवादीहरूको शारीरिक जाँच प्रतिवेदनमा Not any significant Finding भनी उल्लेख भएको, निजहरूको शरीरमा External Injury रहे भएको नदेखिएको एवम् ४ जना चिनेका र २ जना नचिनेका मानिसहरूले जबर्जस्ती करणी गरेको भनी पीडिता मनमाया राई र कौशिल्या तामाङको शारीरिक परीक्षण प्रतिवेदनमा उल्लेख भएको, जाहेरी दरखास्तमा यिनै प्रतिवादीहरूले सामुहिक रूपबाट जबर्जस्ती करणी गरेका हुन् भनी किटानी व्यहोरा लेखाए पनि निज पीडितहरूले अदालतमा उपस्थित भई जाहेरी दरखास्तको व्यहोरालाई पुष्टि नगरेको, प्रतिवादीहरूले अदालतमा गरेको इन्कारी बयान एवम् निजका साक्षीहरूको वकपत्रबाट निर्दोष छन् भन्ने पुष्टि भइरहेको अवस्थामा अदालतमा उपस्थित गराई परीक्षण हुन नसकेको जाहेरवालीहरूको जाहेरी दरखास्तकै भरमा मात्र प्रतिवादीहरूलाई कसुरदार कायम गर्न मिल्ने देखिन नआएकोले आरोपित कसुरबाट प्रतिवादी दिनेश भट्टराई, प्रल्हाद खड्का र मुकेश तामाङले सफाइ पाउने नै देखिन आएकोले आरोपित कसुरबाट प्रतिवादी प्रल्हाद खड्का र मुकेश तामाङलाई सफाइ दिनु पर्नेमा प्रतिवादीहरूलाई आरोपित कसुरमा सजाय गर्ने गरेको हदसम्म सुनसरी जिल्ला अदालतको फैसला सो हदसम्म उल्टी हुने ठहरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।२।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: गुनाखर शर्मा

इति संवत् २०७२ साल साउन १७ गते रोज १ शुभम् ।

८

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६७-CR-०९२८, वैदेशिक रोजगार, *नेपाल सरकार वि. पेसलराज बुढाथोकी*

वैदेशिक रोजगारसम्बन्धी ऐन, २०६४ को दफा ४३ को कानूनी व्यवस्था हेर्दा अन्तिम वाक्यबमोजिम विदेश पठाइसकेको भए सजाय ३ वर्षदेखि ७ वर्षसम्म कैद र तिन लाखदेखि पाँच लाख जरिवाना हुनेमा प्रतिवादीले जाहेरवालाहरू एवम् निजका मानिसहरूलाई विदेश पठाई नसकेको हुँदा सो सजायको आधा सजाय हुने हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन ।

उल्लिखित आधार कारणहरू समेतबाट प्रतिवादी पेसलराज बुढाथोकीले पीडित जाहेरवाली अन्जु महर्जन र सरस्वती मगरबाट इजरायल पठाउन भनी रू.३७,५०,०००।- (सैंतीस लाख पचास हजार) रकम लिई विदेश पठाएको नदेखिएकोले वैदशिक रोजगार ऐन, २०६४ को दफा १० को विपरीत कसुर गरेको हुदा निजलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा ४३ बमोजिम सजाय हुने देखिएकोले प्रतिवादी पेसलराज बुढाथोकीलाई

३ (तीन) वर्ष कैद र रू. २,५०,०००।- (दुईलाख पचास हजार) जरिवाना हुने एवम् निज प्रतिवादीलाई जाहेरवालाहरूबाट लिएको कूल रकम रू.३७,५०,०००।- (सैंतीसलाख पचास हजार) र सोको ५० प्रतिशत हर्जाना भराउने गरी भएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।२।४ गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल जेठ ३२ गते रोज २ शुभम्।

९

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-CI-०४७२, डाँक लिलाम बदर दर्ता बदर दर्ता, *जिमिसलाल भन्ने जिमिस यादव वि. धनपैत यादव*

धनपैत यादवले फैसलाबमोजिम भरी पाउने ठहर भएको नपुग बिगोबापत कि.नं.६६५ को ०-८-१३ क्षेत्रफलमध्ये ०-२-१७ जग्गा मिति २०५५।१२।४ मा सकार गरेको मिसिल संलग्न डाँक लिलाम मुचुल्का देखिन्छ । अंश मुद्दाको मिलापत्रमा उक्त मुद्दाका वादी यी पुनरावेदकले कि.नं.६६५ बाट ०-५-१६ जग्गा बन्डामा पारेको देखिन्छ भने लेनदेन मुद्दाका प्रतिवादी मुनेश्वर यादवलाई उक्त कित्ताबाट बन्डा नै नलाग्ने गरी मिलापत्र गरेको देखिन्छ। यसरी पिता श्रीलाल यादव र छोराहरू सगोलमा छँदाको अवस्थामा मुनेश्वर यादवले धनपैत यादवबाट ऋण लिएको र अंश मुद्दा मिलापत्र भएको भनिए पनि सो मिलापत्रअनुसारको जग्गाको स्रेस्ता र हक अंशियारहरूका बीच कायम नहुँदै फैसला कार्यान्वयनको कार्य सम्पन भएको मिसिलबाट देखियो । कि.नं.६६५ को जग्गाको सम्पूर्ण क्षेत्रफलमा ३ खण्डको १ खण्ड जग्गासम्म लिलाम सकार गरी बाँकी २ खण्ड जग्गा यथावत् कायमै रहेको देखिएकोले यसबाट पुनरावेदक वादीको हक हिस्सामा असर परेको भन्न मिल्ने नदेखिने।

मुलुकी ऐन, दण्ड सजायको ४२ नं. र जिल्ला अदालत नियमावली, २०५२ को नियम ७५ को कानूनी व्यवस्था अवलोकन गर्न सान्दर्भिक देखिन आयो । फैसलाबमोजिम लेनदेनको बिगो भराउने प्रयोजनका लागि सो बिगोले खाम्ने जतिको जेथा देखाई बिगो भरिभराउका लागि निवेदन परेमा जेथासमेतको विवरण राखी प्रतिवादीका नाउँमा ३५ दिने सूचना म्याद जारी हुने र प्रतिवादीले सो म्यादभित्र आफूले वादीलाई तिर्न बुझाउनु पर्ने बिगोसमेत लिई अदालतमा उपस्थित हुनुपर्ने कानूनी व्यवस्था रहेको देखिन्छ। यसका अतिरिक्त अदालतबाट जारी भएको म्यादभित्र बिगो दाखिला नगर्ने र अदालतमा समेत उपस्थित नभई प्रतिवादै नगर्ने व्यक्तिको हकमा देखाएको जेथा लिलाम गरी बिगो भराउने कार्य गरिने भन्ने व्यवस्था रहेको छ। त्यसै गरी बिगो भराउँदा जारी हुने लिलामको सूचनासमेत २ पटक प्रकाशन गर्नु पर्ने र सो अवधिसम्ममा पनि बिगो दाखिला नभए बिगोले खामेसम्मको एकासगोलको वा प्रतिवादीका नाउँको जेथा लिलाम गरी वादीको बिगो भराई दिने कानूनी व्यवस्था उक्त ऐन र नियमावलीमा भएको पाइन्छ। प्रतिवादीका नाउँमा जारी भएको म्यादमा वादीले भरी पाउने लेनदेनको बिगो दाखिल नभएपछि उपर्युक्तानुसारको कानूनी प्रक्रिया पुर्‍याई भएको जायजात, तायदात एवम् डाँक मुचुल्का बेरीतको भन्ने अर्थ गर्न मिल्ने पनि नदेखिने।

एकासगोलका पिता श्रीलाल यादवका नाउँ दर्ताको जग्गामध्ये एक खण्ड अर्थात् ०-२-

१७ मात्र प्रस्तुत मुद्दाका प्रतिवादी धनपैत यादवले सकार गरी मिति २०५६।३।८ मा दाखिल खारेज दर्तासमेत गराई सकेको र श्रीलाल यादवका नाउँमा सगोलको अन्य सम्पत्ति बाँकी नै रहेको देखिएकोले नपुग बिगोबापत धनपैत यादवले सकार गरी लिएको उक्त सम्पत्तिको डाँक लिलाल एवम् दर्ता बदर दर्ता गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिएकोले पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब देखिने।

माथि उल्लिखित कानूनी व्यवस्था र आधार प्रमाणबाट सुरू फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी धनपैत यादवले लेनदेनको नपुग बिगोबापत सकार गरेको सम्पत्तिको डाँक लिलाम एवम् सो आधारमा धनपैत यादवका नाउँमा भएको दर्तासमेत बदर नहुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६९-CI-०२८६, डाँक लिलाम बदर दर्ता बदर दर्ता, *विसेसर यादव वि. धनपैत यादव*

वादी धनपैत यादव र प्रतिवादी मुनेश्वर यादवबीच चलेको लेनदेन मुद्दामा वादीले प्रतिवादीबाट भराइ पाउने ठहर भएको लेनदेनको बिगो भराइ पाउँ भनी देखाएको प्रतिवादीका पिता नाउँ दर्ताको कि.नं.२४७, २४८ र ४४७ का जग्गा कित्ताहरू वादी धनपैत यादवले लिलाम सकार गरी लिएकोमा श्रीलाल यादवका छोराहरूमध्ये बिसेसर र जिमिस यादवको लिलाम बदरतर्फ निवेदन परी उक्त कि.नं.२४७, २४८ र ४४७ का जग्गा कित्ताहरूको ३ खण्डको २ खण्ड बदर हुने गरी सिराहा जिल्ला अदालतबाट मिति २०५२।७।२७ मा फैसला भएको देखिने।

वादीको उक्त निवेदन दर्ता भई फैसला कार्यान्वयनको कारबाही प्रारम्भ भइसकेपछि प्रतिवादी मुनेश्वर यादवउपर विसेसर यादव र जिमिस यादवले अंश मुद्दा दायर गरी पिता श्रीलाल यादव नाम दर्ताका कि.नं.४६३, ४८९, र ६६५ का जग्गा कित्ताबाट लेनदेन मुद्दाका प्रतिवादी मुनेश्वर यादवलाई अंश भाग नपर्ने गरी मिति २०५५।३।१७ मा मिलापत्र गरेको देखिने।

वादी धनपैत यादवले आफ्नो बिगोबापत श्रीलालको नाममा रहेका माथि उल्लिखित जग्गाहरूबाट तीन खण्डको एक खण्डभन्दा बढी जग्गा लिलाम गरी लिएको भन्ने पुनरावेदन जिकिर रहेको पाइँदैन भने लिलाम हुँदा तीन खण्डको एक खण्ड भन्दा बढी जग्गाको डाँक लिलाम सकार गरेको भन्ने पनि देखिन आउँदैन। विवादको कि.नं.६६५ समेतका जग्गाको सम्पूर्ण क्षेत्रफलमा तीन खण्डको एक खण्ड जग्गासम्म लिलाम सकार गरी बाँकी दुई खण्ड जग्गा यथावत् कायमै रहेको देखिएकोले यसबाट पुनरावेदक वादीको हक हिस्सामा असर परेको भन्न मिल्ने नदेखिने।

एकासगोलका पिता श्रीलाल यादवका नाउँ दर्ताको जग्गामध्ये एक खण्ड मात्र प्रस्तुत मुद्दाका प्रतिवादी धनपैत यादवले सकार गरी मिति २०५६।३।८ मा दाखिल खारेज दर्तासमेत भएको, मुलुकी ऐन, दण्डसजायको महलको ४२ नं. बमोजिम जायजात तायदातका लागि सूचना प्रकाशित भई जायजात तायदात मुचुल्का सम्पन्न भएकोमा सो जायजात तायदात मुचुल्का र प्रकाशित भएको डाँक लिलामको सूचना एवम् रोक्का जग्गा

फुकुवा भई धनपैत यादवले लिलाम सकार गरे जति जग्गा दाखिल खारेज दर्ता भएउपर बेलैमा कोही कसैको उजुरी परेको नदेखिनुका अतिरिक्त श्रीलाल यादवका नाउँमा सगोलको अन्य सम्पत्ति बाँकी नै रहेको देखिएकोले नपुग बिगोबापत धनपैत यादवले सकार गरी लिएको उक्त सम्पत्तिको डाँक लिलाल एवम् दर्ता बदर दर्ता गरिपाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन सकिने अवस्था नदेखिँदा पुनरावेदन अदालत, राजविराजको फैसला अन्यथा भएको भन्न मिल्ने नदेखिने।

उल्लिखित कानूनी व्यवस्था र आधार प्रमाणबाट सुरू फैसला उल्टी गरी प्रत्यर्थी प्रतिवादी धनपैत यादवले लेनदेनको नपुग बिगोबापत सकार गरेको सम्पत्तिको डाँक लिलाम एवम् सो आधारमा धनपैत यादवका नाउँमा भएको दर्तासमेत बदर नहुने ठहर्‍याई पुनरावेदन अदालत, राजविराजबाट मिति २०६८।२।२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ओमप्रकाश मिश्र**, ०६८-CR-१०८९, ०७०-CR-००१३, मानव बेचबिखन तथा ओसारपसार, *नेपाल सरकार वि. सरस्वती रावलसमेत, सरस्वती रावलसमेत वि. नेपाल सरकार*

प्रतिवादी माइली थापाले प्रहरी तथा अदालतमा बयान गर्दा आफूले आरोपित कसुर नगरेको तर मिति २०६६।८।२६ गते बिहान आफू अस्पतालमा जँचाउन जान लाग्दा आफूसँग बुहारी र नातिनीसँगै गएकोमा भक्तपुरको कमलबिनायक पुगेपछि आफूले अस्पतालको कार्ड बिर्सेकाले घरमा फर्केको र बुहारी र नातिनीलाई कमलबिनायकमा नै छाडेको भन्ने व्यहोरा लेखाई बुहारी र नातिनीलाई घरबाट कमलबिनायकसम्म पुर्‍याएको कुरा स्वीकार गरेको देखियो । यस्तै पीडित प्रतिमा थापाले बकपत्र गर्दा आफूलाई सासू प्रतिवादी माइली थापाले रत्नपार्कसम्म पुर्‍याई प्रतिवादी सरस्वती रावललाई बुझाई घर फर्केको र प्रतिवादी सरस्वती रावलसमेतले विदेश भारतमा पुर्‍याई वेश्यालयमा बिक्री गरेको भन्ने व्यहोरा लेखाएको देखिएबाट प्रतिवादी माइली थापाले घरबाट बुहारी र नातिनीलाई रत्नपार्कसम्म पुर्‍याई प्रतिवादी सरस्वती रावललाई बुझाएकोसम्म देखिएकोले निजले बुहारी र नातिनीलाई बेचबिखन गरेको नभई मानब बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२) (ख) बमोजिम शोषण गर्ने, बेश्यावृत्तिमा लगाउने उद्देश्यले विदेश भारतमा लैजाने व्यक्ति आफ्नै छोरी प्रतिवादी सरस्वती रावलसमेतको जिम्मा लगाएको देखिएको हुँदा निजलाई सोही ऐनको दफा १५(१) (च) बमोजिम २ (दुई) वर्ष कैद र पीडितलाई क्षतिपूर्तिको रकम दिलाउने गरी गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखियो। अभियोग दाबीबमोजिम नै प्रतिवादी माइली थापालाई सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी माइली थापालाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(२)(ख) को कसुरमा ऐ.को दफा १५(१) (च) बमोजिम २ वर्ष कैद हुने र अर्का प्रतिवादी सरस्वती रावललाई ऐ. ऐनको दफा ४(२) (ख) को कसुरमा ऐ. ऐनको दफा १५(१) (ङ) बमोजिम १५(पन्ध्र) वर्ष कैद र एकलाख रूपैयाँ जरिवाना हुने र पीडितले प्रतिवादीहरूबाट रू.

५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्ति भराई लिन पाउने ठहर्‍याई भएको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६७।९।२१ को फैसलालाई सदर गर्ने गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।८।२० को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको तथा प्रतिवादी सरस्वती रावलको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

साथै प्रस्तुत मुद्दाकी पीडित परिवर्तित नाम प्रतिमा थापाले प्रतिवादीहरूबाट भराई पाउने ठहर भएको रू. ५०,०००।– (पचास हजार रूपैयाँ) क्षतिपूर्तिको रकम नेपाल सरकार महिला तथा बालबालिका कार्यालय, भक्तपुरबाट तत्काल उपलब्ध गराई सो रकम प्रतिवादीहरूबाट सरकारी बिगो सरह असुलउपर गर्ने ।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल पुस १९ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CR-०२५४, झुट्टा शैक्षिक प्रमाणपत्र भ्रष्टाचार, *रूद्रनारायण चौधरी थारू वि. नेपाल सरकार*

प्रतिवादीको व्यक्तिगत फाइलमा रहेको माध्यमिक शिक्षा परिषद् बाराणसी, उत्तरप्रदेश भारतबाट सन् १९९४ मा अनुक्रमाङ्क १०४२३७२ बाट इन्टरमिडिएट तह उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू उच्चमाध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरमार्फत माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसी, उत्तरप्रदेशमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परिषद्को पत्रांकः ५५१५, दिनांकः ०९–२–२०११ को पत्रबाट परीक्षाः Intermediate, वर्षः १९९४, अनुक्रमांकः १०४२३७२ उल्लेख भई "यह अनुक्रमाङ्क मा.शि.प.क्षे.का. वाराणसी मे सम्बन्धित नही हैं" भनी लेखी आएको पत्र उच्चमाध्यमिक शिक्षा परिषद् भक्तपुरको च.नं. ५० मिति २०६७।१२।९ को पत्रसाथ प्रमाणीकरण भई आएको देखिन्छ । प्रतिवादीले आफूले इन्टरमिडिएट परीक्षा पास गरेको प्रमाणपत्र सम्बन्धित परीक्षा बोर्डले दिएको हुँदा पुनः प्रमाणीकरण गरिपाउँ भनी निवेदन साथ सन् १३–०४–२०१२ को प्रमाणपत्र पेस गरेको र सोसम्बन्धमा पुनः प्रमाणीकरण गर्ने विशेष अदालत, काठमाडौंबाट आदेश भई आएको प्रमाणीकरण विवरणमा पनि "....अनुदानित नही है" भन्ने उल्लेख भएको उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी, भक्तपुरको पत्रबाट देखिन आएकोले निजले पेस गरेको माध्यमिक शिक्षा परिषद् वाराणसी, उत्तरप्रदेश भारतबाट सन् १९९४ मा अनुक्रमाङ्क १०४२३७२ बाट इन्टरमिडिएट तह उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू नक्कली भन्ने देखिन आउने ।

प्रतिवादीले सन् १९९४ मा पास गरेको प्रमाणपत्र प्रचलित भ्रष्टाचार निवारण ऐन,२०५९ लागू हुनुपूर्व नै पेस गरेको देखिँदा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ नै प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएकोले उक्त ऐनको दफा १२ को कसुर देखिएकोले ऐजन ऐनको दफा २९ बमोजिम सजाय हुने देखियो । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ मा कुनै व्यक्तिले राष्ट्रसेवकको ओहदा पाउने वा सो ओहदामा वहाल रहने उद्देश्यले शिक्षासम्बन्धी कुनै योग्यता, नाम, तीनपुस्ते, उमेर, जात, थर, वतन, नागरिकता वा योग्यता ढाँटेमा निजलाई कसुरको मात्राअनुसार २ वर्षदेखि ६ वर्षसम्म कैद वा जरिवाना वा दुवै सजाय हुने भन्ने कानूनी व्यवस्था रहेको र सो कसुरमा

ऐजन ऐनको दफा २९(२) बमोजिम अधिकतम रू.५,०००।– (पाँच हजार) सम्म जरिवाना तोक्ने कानूनी व्यवस्थामा रहेको छायी पुनरावेदक प्रतिवादी कार्यरत रहेको देखिएकोले राष्ट्र सेवकले नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम कारवाही हुने नै देखिन आउँदा प्रतिवादी रूद्रनारायण चौधरीले पेस गरेको शैक्षिक योग्यताको प्रमाण पत्र प्रमाणीकरण गर्नको लागि सम्बन्धित निकायमार्फत पठाएकोमा सो माध्यमिक शिक्षा परिषद् वाराणसी, उत्तरप्रदेश भारतबाट सन् १९९४ मा अनुक्रमाङ्क १०४२३७२ बाट इन्टरमिडिएट तह उत्तीर्ण गरेको भनिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरू पुनःप्रमाणीकरण विवरणमा पनि "....अनुदानित नही है" भनी उल्लेख भएको देखिएबाट सो शैक्षिक प्रमाणपत्र नक्कली भएको देखिँदा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर कायम भई ऐजनको दफा २९(२) बमोजिम रू.५००।- प्रतिवादी रूद्रनारायण चौधरीलाई सजाय गर्ने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट मिति २०७०।१।२३ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल मङ्सिर १३ गते रोज १ शुभम्।

१३

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६८-WO-०५२८, उत्प्रेषण / प्रतिषेध, *काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. १ नक्सालमा अवस्थित डिभोटेड र्‍याडिकल इन्भाइरोमेन्ट एनिमल मुभमेन्ट सोसाइटीका तर्फबाट अख्तियारप्राप्त विवेक राणा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) को खण्ड (ञ) को उपखण्ड (२) ले कान्जी हाउस, पशु बधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने, ऐ.को उपखण्ड (१५) ले छाडा पशु पक्राउ गरी लिलाम गर्ने अधिकार नगरपालिकालाई प्रदान गरी उक्त ऐनले दिएको अधिकार प्रयोग गरी काठमाडौं उपत्यकाभित्रका जि.वि.स., नगरपालिकालगायत सरोकारवाला निकायहरूको संयुक्त बैठकले गठन गरेको कार्यदलले तयार गरेको प्रतिवेदनमा औंल्याएका वर्तमान समस्या, समस्या समाधानका लागि पेस गरेको सुझाव प्रस्तावहरू कार्यान्वयन गर्नेसम्बन्धमा छलफल गरी कार्यान्वयन गर्न बाँकी नै भएको भनी विपक्षी काठमाडौं महानगरपालिकाको लिखित जवाफमा उल्लेख भएबाट रिट निवेदकले निवेदनपत्रमा उल्लेख गरेबमोजिम सडकमा छाडिएका गाईवस्तु, बाच्छा, बाच्छी, साँढेहरूको व्यवस्थापन निजी क्षेत्रलाई दिने कुनै निर्णय भएको भन्ने देखिँदैन। त्यस्तो कुनै निर्णय भएको छ भनी निर्णयको अस्तित्व रिट निवेदकले देखाउन सकेको समेत पाइँदैन । सम्बन्धित जिम्मेवार निकायहरूबाट यस सम्बन्धमा कुनै निर्णय नै नभएको भनी लिखित जवाफमा उल्लेख भएको व्यहोरालाई अदालतले अविश्वास गर्नुपर्ने अवस्था पनि छैन। वस्तुत: रिट निवेदकले दैनिक पत्रिकाहरूमा प्रकाशित समाचारलाई मात्र आधार बनाई प्रस्तुत निवेदन दायर गरेको दखिएको र रिट निवेदनमा चुनौती दिइएको विषयवस्तुसम्बन्धमा कुनै किसिमको निर्णय नै नभएको भनी काठमाडौं महानगरपालिकालगायतका सम्बद्ध जिम्मेवार निकायहरूबाट लिखित जवाफ प्राप्त भएको सन्दर्भमा रिट निवेदकले व्यक्त गरेको विषयवस्तुको

अस्तित्व नै भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्नुपर्ने नदेखिने।

उल्लिखित तथ्य, कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन नआएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

निवेदकले सडकमा छाडिएका छाडा गाईवस्तुहरूको उचित संरक्षण र व्यवस्थापनका लागि विद्यमान कानूनी व्यवस्था प्रभावकारी नभएकाले यससम्बन्धमा छुट्टै कानूनी व्यवस्था गर्ने सम्बन्धमा उपयुक्त आदेश जारी हुनुपर्ने भनी लिनुभएको जिकिर सम्बन्धमा विचार गर्दा नेपालमा ऐतिहासिक कालदेखि नै धार्मिक दृष्टिकोणबाट गाई, गोरू, बाच्छा, बाच्छीको संरक्षणमा महत्त्व दिई आएको पाइन्छ । नेपालको प्रचलित संविधान र यसपूर्वका संविधानहरूमा समेत गाईलाई राष्ट्रिय जनावरको रूपमा महत्त्वपूर्ण स्थान दिइएको छ । त्यसका अतिरिक्त गाई, गोरू, बाच्छा, बाच्छी एवम् साँढे जस्ता पशुहरूको संरक्षण संवर्द्धनका एवम् त्यस्ता पशुहरूको पशुअधिकारको रक्षाको लागि राज्यले समेत विभिन्न ऐन कानूनमार्फत् व्यवस्था गरेको पाइन्छ। ती कानूनी व्यवस्थाहरूमध्ये मुलुकी ऐन चौपायाको महल, स्थानीय स्वायत्त शासन ऐन, २०५५, स्थानीय प्रशासन ऐन, २०२८, निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ का व्यवस्थाहरूले गाई, गोरू, बाच्छा, बाच्छी, साँढेलगायत सडकमा छाडा छोडिएको पशुहरूको उचित व्यवस्थापन, त्यस्ता पशुहरूको पशुअधिकारको रक्षा, उचित संरक्षण, तिनीहरूको निकासी पैठारीमा पूर्ण बन्देज लगाउने व्यवस्थाहरू महत्त्वपूर्ण रहेका छन् । उल्लिखित कानूनी व्यवस्थाहरू आफैँमा अपूर्ण रहेको भन्न मिल्ने अवस्था पनि छैन तर पशुअधिकार र तिनीहरूको संरक्षण सम्बन्धमा थप प्रभावकारी कानूनको आवश्यकताको अपेक्षा गर्न नसकिने भन्ने पनि होइन । परन्तु यो विषय सरकारको नीतिगत विषय एवम् विधायिकी कार्यक्षेत्रभित्रको विषय भएको सन्दर्भमा यो रिट निवेदनबाट थप केही आदेश जारी गर्नुपर्ने अवस्था छैन। तथापि पशु संरक्षण र संवर्द्धन एवम् सडकमा छाडा छोडिएका गाई, गोरू, बाच्छा, बाच्छी, साँढेलगायतका चौपायाहरूको निश्चित चरणक्षेत्र, वासस्थानसमेतको व्यवस्थापन सम्बन्धमा माथि उल्लिखित कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने टड्कारो आवश्यकता देखिएकाले मुलुकी ऐन, चौपायाको महलको कानूनी व्यवस्था, स्थानीय प्रशासन ऐन, २०२८ को दफा ९ को उपदफा (११) र (१२) को व्यवस्था, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा ९६(१) को खण्ड (ञ) को उपखण्ड (२) र उपखण्ड (१५) को व्यवस्था एवम् निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ को दफा ३(१)(घ) को व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु गराउनु भनी विपक्षीहरूका नाममा निर्देशनात्मक आदेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: सन्तोष अवाल, मन्जिता ढुंगाना

इति संवत् २०७१ साल फाल्गुन ६ गते रोज ४ शुभम्।

१४

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६७-WO-१०८५, परमादेश, *ठाकुरबहादुर खत्री वि. श्री पशुपति क्षेत्र विकास कोषअन्तर्गत श्री पशुपतिनाथ भण्डार तहबिल कार्यालय, का.जि.का.म.न.पा. वडा नं. ८ देवपतनसमेत*

गुठी देखिएका जग्गा संरक्षणका लागि गुठी संरक्षणको जिम्मेवारी बोकेको गुठी संस्थानमा गएको कारणले श्री पशुपतिनाथ भण्डार तहविल लगत दर्ताको तिरोको जग्गा लगत तिरो नै नभएको गुठी संस्थानतर्फ जाने होइन भन्ने पशुपतिक्षेत्र विकास कोष सञ्चालक परिषद्को लिखित जवाफबाट देखिएको छ। निवेदकले निवेदन दिएको मिति २०६२।३।१९ गतेदेखि लामो समयसम्म उल्लिखित निवेदनउपरको कार्वाही विपक्षीहरूबाट टुङ्गो लगाएकोसमेत देखिन आएन । उल्लिखित निवेदनउपर विपक्षीहरूबाट ६ वर्षसम्म पनि पत्राचारमा सिमित रही ढिलासुस्ती गरेको निजहरूको काम कारवाहीबाट पुष्टि भइरहेको देखिन आएकोले गुठीको व्यवस्थापनको विशेष जिम्मेवारी बोकेका दुवै निकायले गैरजिम्मेवार तरिकाले काम गर्नु न्यायोचित हुने देखिँदैन । विषय वस्तुको गाम्भिर्यतालाई दृष्टिगत गरी छिटोभन्दा छिटो निर्णय गर्न सक्नुपर्नेमा सो नगरी आलटाल गर्नु उचित होइन । विपक्षीहरूको भनाईसमेतबाट उल्लिखित जग्गा पशुपतिनाथ अन्तर्गतको गुठीको जग्गा भन्ने देखिएकोले गुठी संस्थानले आफ्नोअन्तर्गतको गुठीको जग्गा भन्ने नदेखिएको अवस्थामा दुवै सस्थाहरू बीच भएको सहमतीअनुसार काम कारवाही गरेको देखिन आएन। अतः यसमा का.जि. जोरपाटी गा.वि.स. वडा नं. ८ क कि.नं. १२ क्षे.फ. ४-६-०-० कित्ता १ ऐ.ऐ कि.नं. ११ क्षे.फ. ०-०-३-१/४-० भएको जग्गा कित्ता-१ समेत २ कित्ता जग्गाको सम्बन्धमा निवेदकले दिएको निवेदनमा यथाशीघ्र छिटो निर्णय गर्नु भनी विपक्षीहरूको नाममा परमादेश जारी हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७२ साल भदौ १४ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी**, ०६८-CI-००५८, घर खाली चलन, *विनोहर ताम्राकारसमेत वि. सीताराम भट्टराई*

विवादित घर जग्गा विपक्षी वादीले मिति २०६६।२।२८ मा राजीनामा गरी लिएको देखियो । सो घरमा हक स्थापित भएपछि वादीले मिति २०६६।३।८ मा हुलाकमार्फत रजिस्ट्री गरी आफैँ बस्नको लागि घर खाली गरिदिनु भनी पुनरावेदक प्रतिवादीहरूलाई सूचना जानकारी दिएको देखिने।

प्रतिवादीले जयन्ती श्रेष्ठले यी वादीका दाता मोतीमाया ताम्राकारउपर दिएको अंश मुद्दा सुनसरी जिल्ला अदालतबाट मिति २०६७।३।२३ मा फैसला भई विवादित घरमा जयन्ती श्रेष्ठ (ताम्राकार) को हक स्थापित हुन नसकेको र सो फैसला अन्तिम भइरहेको देखिँदा सोतर्फ रहेको पुनरावेदन जिकिर पुष्टि हुन सकेको नदेखिने।

विवादित घर जग्गामा घर बनाउनेको ९ नं. बमोजिमको प्रक्रिया अपनाई वादीले सूचना दिइसकेपछि घर बनाउनेको ८ नं. बमोजिम घरबाट उठाउन पाउने हो होइन भनी हेर्दा उक्त ८ नं. को व्यवस्थाले लिखत भएकोमा लिखतबमोजिम र नभए ५ वर्षसम्म बहाल बस्न दिएकोमा घर पसलबाट उठाउन मिल्दैन भने तापनि घरधनि हकदार आफैँ बस्नलाई घर पसल आवश्यक भएमा लिखत भए पनि उठाउन पाउने भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । पुनरावेदकले उक्त दफाको माथिल्लो भागलाई मात्र आधार बनाई प्रस्तुत पुनरावेदन गरेको देखियो । तर ऐनको व्याख्याको सम्बन्धमा कुनै

ऐनको कुनै भागलाई मात्र उल्लेख नगरी समुच्चा दफाको नै उद्देश्यलाई मध्यनजर राखी व्याख्या गर्नुपर्ने हुन्छ । घर बनाउनेको ८ नं. को व्याख्या गर्दा पनि उक्त समुच्चा ऐनको व्यवस्थालाई हेर्नुपर्ने हुन आउँछ । अत: कानूनमा स्पष्टरूपले व्यवस्था गरेको विषयलाई अन्यथा अर्थ गरी सङ्कुचन वा विस्तार गर्न मिल्ने पनि हुँदैन । उक्त दफा ८ ले गरेको ५ वर्ष समयको व्यवस्था एकालाई घर पसल भाडामा दिएकोमा पुन: अर्को व्यक्तिलाई भाडामा दिने कार्य रोक्ने प्रयोजनको लागि आकर्षित हुने हो। आफ्नो घरबासको लागि आवश्यक भई उठाउन पर्दा सो ५ वर्षको अवधिसम्म कुर्नुपर्ने नभई ऐ. दफा ९ बमोजिमको प्रक्रियासम्म पुर्‍याई आफैँ बस्न पाइने भन्ने हुन्छ। तसर्थ पुनरावेदक प्रतिवादीको ५ वर्षसम्म बस्न पाउनुपर्ने भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: वादी दाबीको जिल्ला सुनसरी, धरान नगरपालिका, वडा नं. १२ को कि.नं. २२ को जवि ०-०-९-२ जग्गामा रहेको जग्गामा रहेको घरको माथिल्लो खण्डमा बसोबास गरी आएका प्रतिवादीलाई उठाई घर खाली गराई चलनसमेत पाउने ठहर्‍याई भएको पुनरावेदन अदालत, विराटनगरको मिति २०६७।९।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: तीर्थ भट्टराई

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत १६ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय**, ०७१-RC-००६५, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रामदुलारी राउत*

जाहेरवाला रामचन्द्र प्रसादले यी प्रतिवादीउपर किटानी जाहेरी दिएको र सो जाहेरीलाई समर्थन हुने गरी बकपत्रसमेत गरिदिएको पाइन्छ । वादी प्रतिवादी दुवै पक्षका साक्षी रहेका भोला सिंहले प्रतिवादी राम दुलारी र मृतक शिला देवीका बीचमा झगडा भएको र आफूसमेतका ब्यक्तिहरूले झगडाबाट छुट्याई दिएको भनी व्यहोरा लेखाएका छन । शव परीक्षण प्रतिवेदनमा पनि मृत्यूको कारण blunt trauma abdomen bleading to injury to spleen and small intestine भनी उल्लेख भएबाट पनि प्रतिवादिकै प्रहारबाट मृतकको मृत्यु भएको भन्ने तथ्य थप पुष्टि हुन आएको देखिने।

मृतकसँग प्रतिवादी राम दुलारी यादवको नरिवलको बोक्राको विषयमा मृतकको पेटमा हातले हिर्काएको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयानमा व्यक्त गरेको साबितिलाई बुझिएका व्यक्तिहरूको कागज, मृतकले मौकामा ईलाका प्रहरी कार्यालय, महेन्द्रनगरमा दिएको निवेदन र सो निवेदनमा भएको क्षतिपूर्ति र उपचार खर्चबापतमा भएको मिलापत्र एवम् वारदातसम्बन्धमा वादी प्रतिवादीका साक्षीको बकपत्र एवम् पोष्टमार्टम रिपोर्टसमेतका कागजातहरूबाट पुष्टि हुन आएको देखिँदा प्रतिवादी राम दुलारी राउतलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।११।२१ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

पूर्व रिसइवी लिई वारदात घटाएको नदेखिएको, जोखिमी हतियार प्रयोग भएको नदेखिएको, जाहेरवाला स्वयमले पनि प्रतिवादीसँग पुरानो इवी रहेको भनी बताउन नसकेको अवस्थामा स्कूलको नरिवल लिने खाने विषयमा विवाद भई वारदात घटित भएको

अवस्था र परिस्थितिसमेतलाई विचार गरी आठ वर्ष मात्र कैद हुँदा पनि न्यायको उद्देश्य पूरा हुने हुँदा कानूनबमोजिम सजाय गर्दा चर्को पर्ने हुँदा प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम ८ वर्ष मात्र कैद हुन पुनरावेदन अदालत, जनकपुरबाट व्यक्त रायसमेत सदर हुने।

इजलास अधिकृतः तीर्थराज भट्टराई

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७२ साल मङसिर २५ गते रोज ६ शुभम्।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-००१६, जबर्जस्ती करणी, *नेपाल सरकार वि. राजु सरदार*

प्रतिवादीको साबिती, सीता सरदारले गरिदिएको घटना विवरण कागज, पीडिताले गरेको मौकाको कागजसमेतबाट पुष्टि भइरहेको देखिन्छ । अदालतसमक्षको बयानमा प्रतिवादी आरोपित कसुरमा पूर्णत: इन्कार रही बयान गरेको भए तापनि निजको उक्त इन्कारी पुष्टि हुन सकेको देखिँदैन। पीडितको सुरूवालमा "Human semen was detected" भनी परीक्षण प्रतिवेदनमा उल्लेख भएको र मौकाको प्रतिवादीको साबितीलाई पुष्टि हुने गरी आफूलाई प्रतिवादीले जबरजस्ती करणी गरेको भनी किटानी र तथ्ययुक्त तवरले पीडित आशा कुमारीले अदालतसमक्ष बकपत्रसमेत गरिदिएको पाइन्छ । प्रतिवादीलाई जबर्जस्ती करणी जस्तो संगीन अपराधको आरोप लगाउनुपर्ने अन्य कुनै कारण रहेको भनी प्रतिवादीले जिकिर लिन तथा मिसिल संलग्न प्रमाण कागजातहरूबाट अन्यथा प्रमाणित हुन सकेको अवस्थासमेत नदेखिने।

उपर्युक्त तथ्य तथा मिसिल संलग्न प्रमाण कागजातहरूबाट प्रतिवादी राजु सरदारले पीडित नाबालक आशाकुमारीलाई जबर्जस्ती करणी गरेको कसुर अपराध पुष्टि हुन आएकोले निजलाई मुलुकी ऐन, जबर्जस्ती करणीको १ नं. बमोजिमको कसुरमा ऐ. ३(१) नं. बमोजिम सजाय हुनुपर्नेमा वारदात मितिमा निजको उमेर १५ वर्षको मात्र देखिँदा बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११(३) बमोजिम ५ वर्ष कैदको सजाय हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरले गरेको फैसलालाई अन्यथा भन्नुपर्ने देखिँदैन । उक्त फैसलामा प्रतिवादीले पुनरावेदनसमेत नगरी चित्त बुझाई बसेको देखिँदासमेत सो सम्बन्धमा केही विचार गरिरहनु नपर्ने।

प्रतिवादीलाई जबरजस्ती करणीको कसुर कायम भई सजाय भइसकेको अवस्थामा पीडितालाई मुलुकी ऐन, जबर्जस्ती करणीको १० नं. बमोजिम मनासिब क्षतिपूर्ति पीडकबाट भराई दिनुपर्ने भन्ने पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा त्यस्तो क्षतिपूर्ति पीडित महिलालाई पुग्न गएको शारीरिक वा मानसिक क्षति विचार गरी मनासिब ठहऱ्याएबमोजिम कसुरदारबाट भराई दिनुपर्ने देखिन्छ । क्षतिपूर्तिको निर्धारण गर्दा कसुरको गाम्भीर्यता, कसुरदारबाट पीडित व्यक्तिको मृत्यु भइसकेको रहेछ भने निजमा आश्रित नाबालक छोराछोरी भए निजहरूलाई पर्न गएको पीडासमेत विचार गरी निर्धारण गर्नुपर्ने हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसबाट जबर्जस्ती करणीको वारदातमा कसुरदार कायम भएको अवस्थामा प्रतिवादीबाट अनिवार्यरूपले पीडितलाई क्षतिपूर्ति भराई दिनुपर्दछ भन्ने उक्त कानूनको उद्देश्य रहेको देखिने।

क्षतिपूर्तिबापतको रकम निर्धारण गर्दा अपनाउनु पर्ने मनासिब मात्रासम्म फरक पर्नसक्ने तर क्षतिपूर्ति नै भराउनु नपर्ने भनी उक्त कानूनी व्यवस्थाको विश्लेषण र व्याख्या गर्न मिल्ने पनि

हुँदैन। त्यस्तो क्षतिपूर्तिको निर्धारण गर्दा प्रतिवादीको उमेर, चलअचल सम्पत्ति वा आर्थिक अवस्थाले निर्धारण गर्ने नभई पीडितलाई पुग्न गएको शारीरिक, मानसिक अवस्था तथा कसुरको गाम्भिर्यताका आधारमा निर्धारण हुने हुन्छ । क्षतिपूर्तिको मुख्य उद्देश्य पीडितको पूर्वावस्थाको प्राप्तिको समिपसँग सम्बन्धित हुने।

बालबालिकासम्बन्धी ऐन, २०४८ ले नाबालकलाई कैद सजायमा छुट दिएको व्यवस्थालाई जबरजस्ती करणीको अपराधमा पीडकबाट पीडितलाई क्षतिपूर्ति भराउने कुरालाई पनि सजायकै रूपमा लिई छुट प्राप्त गर्दछ भन्ने अर्थ गर्न मिल्दैन । बालबालिकासम्बन्धी ऐनको व्यवस्थाले नाबालक प्रतिवादीलाई सजायमा केही छुट दिएकै आधारमा जबर्जस्ती करणीको अपराधमा पीडित हुने बालिकाले पाउने मुनासिब क्षतिपूर्तिको हकबाट वञ्चित हुनुपर्ने भनी सो कानूनी व्यवस्थाको संकुचित अर्थ गर्दा बालबालिकाको अधिकारमा संकुचन आउन सक्ने सम्भावना रहन्छ। यसबाट पीडकले सजायमा छुट पाउने तर पीडितले क्षतिपूर्तिसमेत नपाउने अवस्थाको सृजना हुन गई बालबालिकाको सर्वोत्तम हितको लागि बनाएको बालबालिकासम्बन्धी ऐनको एकांकी र एकतर्फी व्याख्या गर्न मिल्ने पनि नहुने।

जबरजस्ती करणीको वारदातमा कसुरदार ठहर भई बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ बमोजिम नाबालकको हकमा सजायमा छुट वा कमी गर्ने गरेको तर कसुरदारबाट पीडितलाई भराई दिनुपर्ने क्षतिपूर्तिको हकमा छुट दिने व्यवस्था उक्त ऐनले गरेको देखिँदैन। प्रतिवादी नाबालक रहेको भन्ने आधारमा पीडितले प्राप्त गर्ने क्षतिपूर्तिबाट उन्मुक्ति दिने अवस्था उक्त ऐनले गरेको देखिँदैन। तसर्थ क्षतिपूर्ति भराई दिन नपर्ने ठहर्‍याई पुनरावेदन अदालत, विराटनगरबाट २०६८।७।१ मा भएको फैसला केही उल्टी भई पीडित नाबालिका परिवर्तित नाम आशा कुमारीलाई रू. १,०००००।- (एक लाख) क्षतिपूर्ति भराई दिने।

प्रस्तुत मुद्दाको सन्दर्भमा पीडक स्वयम् नाबालक रहेको देखिन्छ । निजको र परिवारको समेत पर्याप्त चल अचल सम्पत्ति रहेको देखिँदैन । प्रतिवादी स्थानीय फ्याक्ट्रीमा काम गर्ने कामदार रहेकोसमेतबाट क्षतिपूर्तिको रकम प्रतिवादीबाट असुलउपर हुन सक्ने अवस्था देखिँदैन । फैसलाबाट भरी पाउने ठहर गरेको क्षतिपूर्तिको रकम पीडितले प्राप्त गर्न नसकेमा ऐनको क्षतिपूर्ति भराउने उद्देश्यमा नै प्रश्नचिह्न लाग्ने हुन्छ। असक्षम तथा बालबालिकाहरूको संरक्षक अन्ततोगत्वा राज्य नै रहने *parens patriae* को सिद्धान्तसमेत रहेको परिप्रेक्ष्यमा यस्ता नाबालकबाट अपराध पीडितले प्राप्त गर्ने रकम राज्यको तर्फबाट उपलब्ध गराउँदा संविधानले बालबालिकाहरूलाई प्रत्याभूत गरेका हक अधिकारहरूको सम्मान हुन जाने तथा बालबालिकाहरूको सर्वोत्तम हित सुव्यवस्थित गराउन जारी भएका कानूनहरूको पनि उपयुक्त र प्रभावकारी सम्बोधन हुने देखिन्छ । यसरी जबर्जस्ती करणी मुद्दामा पीडितले भरी पाउने ठहरेको क्षतिपूर्तिको रकम पीडक नाबालक वा असक्षम रहेको अवस्थामा पनि निजबाट नै भराउनु पर्ने भनी ऐनको संकुचित अर्थ गर्दा पीडितको क्षतिपूर्ति प्राप्त गर्ने हक कुण्ठित हुन जाने हुँदा सोसमेतलाई मध्यनजर गरी कानूनद्वारा तोकिएको क्षतिपूर्तिको रकम नेपाल सरकारबाट उपलब्ध गराउन उपयुक्त र न्यायसम्मतसमेत देखिन्छ । तसर्थ पीडित आशाकुमारीले भरी पाउने ठहरेको क्षतिपूर्तिबापतको रू. एक लाख नेपाल सरकारको तर्फबाट उपलब्ध गराउन सम्बन्धित निकायमा

लेखी पठाउनू।
इजलास अधिकृत: तीर्थराज भट्टराई
इति संवत् २०७२ साल असोज १२ गते रोज ३ शुभम्।

## इजलास नं. ३

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-CR-०१०९, कर्तव्य ज्यान, *ढाँटे थापामगर वि. नेपाल सरकार*

मृतक विष्णु भुषाल र यी पुनरावेदक ढाँटे थापामगर प्रतिवादीबीच कुनै रिसइवी रहेको नदेखिएको र मृतकलाई मार्ने योजना, तयारीसमेत गरेको नदेखिए तापनि प्रतिवादीले कानूनबमोजिम इजाजत प्राप्त नगरेको हतियार भरूवा बन्दुक साथमा लिई कानूनले निषेधित गरेको शिकार खेल्न नपाइने कार्य गर्न गएको अवस्थामा गैरकानूनी कार्य गर्दा मानिस मर्न गएको देखिन्छ। यस्तो किसिमको गैरकानूनी कार्यबाट उत्पन्न हुने परिणाम चरम लापरवाहीयुक्त भएकोले सो कार्यलाई भवितव्यजन्य कार्य भन्न सकिने अवस्था हुँदैन। प्रस्तुत वारदात यी प्रतिवादी ढाँटे थापामगरको लापरवाहीबाट घट्न गई मृतक विष्णु भुषालको मृत्यु हुन गएको देखिएकोले सुरू दाङ जिल्ला अदालतबाट प्रतिवादीलाई ज्यानसम्बन्धीको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्याई गरेको फैसलालाई सदर हुने ठहर्याएको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मुनासिब नै देखिन आयो। तसर्थ भवितव्ययुक्त घटनालाई गलत अर्थ लगाई अभियोग दाबीअनुसार सजाय गर्ने ठहर्याएको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्ने पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर तथा यस अदालतबाट मिति २०७२।३।३० मा भएको प्रत्यर्थी झिकाउने आदेशसँग इजलास सहमत हुन नसक्ने।

प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्ने भनी १० वर्ष कैद सजाय गर्न अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेको पुनरावेदन अदालतको फैसला सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले मृतकलाई मार्ने मनसायले गोली हानेको नभई प्रतिवादीको असावधानीबाट वारदात घट्न गएको, वारदातपश्चात प्रतिवादी आफैँ प्रहरीमा उपस्थित भई घटनाको सम्बन्धमा खबर गरेको र सम्पूर्ण घटना विवरण उल्लेख गरी अदालतसमक्ष बयान गरी अपराध अनुसन्धान र न्यायिक प्रक्रियामासमेत सहयोग पुर्याएकोसमेतका आधारबाट यी प्रतिवादी ढाँटे थापामगरलाई अभियोग मागदाबीबमोजिम सर्वस्वसहित जन्मकैदको सजाय ठहर गरी घटनाको प्रकृति, वारदातको अवस्था र परिस्थितिसमेतलाई विचार गर्दा प्रतिवादीलाई ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने तथा १० वर्ष कैद गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा निज प्रतिवादीलाई अ.बं. १८८ नं. बमोजिम १० (दश) वर्ष कैद हुने गरी राय व्यक्त गरेको सुरूको फैसलालाई सदर हुने ठहर्याएको पुनरावेदन अदालतको फैसला न्यायोचित नै देखिँदा व्यक्त रायसमेत सदर हुने।

इजलास अधिकृतः तारादत्त बडू
कम्प्युटर: विदुषी रायमाझी
इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०६९-CR-०१२८, कर्तव्य ज्यान, *कुलबहादुर बाँठा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी उपर ज्यानसम्बन्धीको १३ (३) नं. अनुसार सजायको

मागदाबी रहेकोमा प्रतिवादीले घरको कामकाज, छोराछोरीको हेरविचार नगरी रक्सी सेवन गर्ने श्रीमतीलाई चेतावनीस्वरूप रिसको आवेगमा आई लाठीले कुटपिट गरेको कारणबाट श्रीमती कमलाको मृत्यु हुन गएको भनी मौका तथा अदालतमा बयान गरेको र यी प्रतिवादीको मृतक कमलालाई ज्यान मार्ने मनसाय रहेको र ज्यान लिनेसम्मको इवी रहेको भन्ने कुरा मिसिल प्रमाणबाट पुष्टि हुन सकेको देखिँदैन। साथै मृतक कमला बाँठाको मृत्यु जोखिमी हतियारको प्रहारबाट भएको नभई प्रतिवादीले साधारण लाठीले कुटपिट गरेकोले सोही चोटबाट मृत्यु भएको देखिँदा यस्तो प्रकृतिको वारदातलाई ज्यानसम्बन्धीको १३ (३) नं. अनुसारको कसुर मान्न सकिने अवस्था हुँदैन । प्रस्तुत वारदातको घटना प्रकृतिलाई हेर्दा मृतक कमला बाँठा घरबाट बिहानै निस्किएर साँझसम्म पनि घरमा नफर्किएकी खोज्दै जाँदा सासू ससुरा रहेको घरमा गई रक्सी खाई बसेकी र घर फर्काएर ल्याउने क्रममा प्रतिवादीलाई गाली गलौज गरी हँसियाले हान्न खोजेकीले प्रतिवादी रिस आवेगमा आई हातमा समातेको लाठीले हानेकोमा सोही कुटपिटका चोटपिरले निजको मृत्यु हुन गएको अवस्था देखियो । ज्यानसम्बन्धीको १४ नं. मा ज्यान मार्नाको मनसाय रहेनछ । ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ, उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात, मुक्का इत्यादीले हान्दा सोही चोटपिरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ भन्ने कानूनी व्यवस्था रहेकोले प्रस्तुत वारदात आवेशप्रेरित सुरू अदालतले ज्यानसम्बन्धीको १३ (३) नं. बमोजिम सजाय गर्ने गरेको फैसला उल्टी गरी प्रतिवादीलाई ज्यानसम्बन्धीको १४ नं. अनुसार १० वर्ष कैद हुने ठहर्‍याई पुनरावेदन अदालतले गरेको फैसला न्यायोचित एवम् कानूनसंगत नै देखिएकोले सो फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन। मिसिल संलग्न प्रमाणको विवेचना नै नगरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला त्रुटिपूर्ण हुँदा बदर गरी आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्नेसमेतको प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मिसिल संलग्न आधार प्रमाणको मूल्याङ्कन गरी सुरू दाङ जिल्ला अदालतबाट प्रतिवादीलाई ज्यानसम्बन्धीको १३ (३) नं. बमोजिम जन्मकैद हुने ठहर्‍याई मिति २०६७।१२।१४ मा गरेको फैसला उल्टी गरी प्रतिवादी कुलबहादुर बाँठालाई ज्यानसम्बन्धीको १४ नं. बमोजिम १० (दश) वर्ष कैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०६८।१२।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः तारादत्त बडू

कम्प्युटर: विदुषी रायमाझी

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०६५-CI-०१६५, अपुताली हक कायम निर्णय बदर दर्ता, *रामकुमार देवी गोइत वि. रामलखन गोइत*

वादी २०२१ सालमा छुट्टि भिन्न भएपछि अपुतालीको ६ नं. बमोजिम अंश मिसाई मानो जोडिएको देखिँदैन। छुट्टि भिन्न भएका वादीले मर्ने आमाको अपुताली प्राप्त गर्न अन्य अंशियारहरूसँग मानो जोडिएको र सगोलमा बसेको तथ्य स्थापित गराउन सक्नु पर्दछ । वादी आफू छुट्टिएपछि

मर्ने आमाले सगोलको सम्पत्ति प्राप्त गरेको पनि देखिँदैन । मर्ने आमाको सम्पत्ति नै नदेखिएको अवस्थामा वादीले फिराद दाबी गर्दैमा अपुताली हक पाउने भन्न मिल्दैन। मुलुकी ऐन, अपुतालीको महलको ६ नं. अनुसार अपुताली सगोलमा रहेको ऐ. को २ नं. अनुसारको क्रमले मात्र पाउने हुँदा पुनरावेदन अदालत, जनकपुरको मिति २०६४।२।२८ को फैसलामा अपुतालीको महलको ६ नं. को त्रुटि देखिँदा सो फैसला उल्टी भई सुरू धनुषा जिल्ला अदालतको मिति २०६१।८।१६ को फैसला मिलेको देखिँदा सदर भई वादी दाबी पुग्न नसक्ने।

इजलास अधिकृत : भीमबहादुर निरौला

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल माघ १० गते रोज १ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०६८-CR-०९१०, कर्तव्य ज्यान, *कैलास तामाङ वि. नेपाल सरकार*

प्रतिवादी कैलास तामाङलाई अभियोग दाबीअनुसार ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई निज प्रतिवादीलाई १५ (पन्ध्र) वर्ष कैद गर्ने गरी अ.बं. १८८ नं. बमोजिम रायसमेत व्यक्त गरेको पुनरावेदन अदालत, जनकपुरको फैसला सम्बन्धमा विचार गर्दा मृतक लालबहादुर तामाङ र यी प्रतिवादी कैलास तामाङ एकाघर सगोलका बाबु छोरा नाताका व्यक्ति भएको, यी दुई जनाका बीचमा कुनै पूर्वरिसइवी रहेको नदेखिएको र वारदात घटेको दिन दुवै जनाले दिनभरी खेतमा सँगै काम गरेको देखिन्छ । खेतबाट प्रतिवादी कैलास तामाङ आफ्नो बाबु लालबहादुरभन्दा अघि घरमा आई लालबहादुरले पूजा गर्न भनी पालिराखेको कुखुरा काटी भुत्लाई राखेको अवस्थामा मृतक लालबहादुर घरमा आई पूजा गर्न पालेको कुखुरा काटिस् भनी यी प्रतिवादीलाई गाली गरेको र अर्को कुखुरा ल्याई पूजा गरौंला भनी यी प्रतिवादीले बाबु लालबहादुरलाई सम्झाई बुझाई गरकोमा मृतक लालबहादुरले गाली गर्न नछाडेकोले प्रतिवादी रिसको आवेशमा आई बन्चरोले लालबहादुरको टाउकोमा प्रहार गरी घाइते बनाएको र उपचारको क्रममा लालबहादुरको मृत्यु भएको देखियो । यी प्रतिवादी कैलास तामाङ र मृतककाबीच कुनै किसिमको पूर्व रिसइवी नरहेको, प्रतिवादीको उमेर, वारदात हुँदाको परिस्थिति र अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने र १५ वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा पुनरावेदन अदालतबाट प्रतिवादीलाई १५ वर्ष कैद गर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको राय न्यायोचित नै देखिएकोले उक्त रायसमेत सदर हुने।

अतः मिसिल संलग्न आधार प्रमाणहरूको विवेचना गरी प्रतिवादी कैलास तामाङलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धीको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई सुरू महोत्तरी जिल्ला अदालतले मिति २०६७।१।१५ मा गरेको फैसला सदर हुने ठहर्‍याएको र निज प्रतिवादी कैलास तामाङलाई १५ (पन्ध्र) वर्ष कैद गर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, जनकपुरको मिति २०६८।३।१३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: तारादत्त बडू

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री दीपकराज जोशी**, ०७१-RC-०१०७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर तामाङसमेत*, *नेपाल सरकार वि. माइला तामाङ*

प्रतिवादीले मृतकलाई नाम्लोले थाममा बाँधेको घटनास्थल प्रकृति मुचुल्काबाट देखिन्छ र घटना घटेको घर प्रतिवादी माईला तामाङ र निजको दाइ महिमान तामाङको आधा आधा हिस्सा भई उक्त वारदातको राति वारदात समयमा महिमानको घरमा धेरै मान्छेहरू जुवा खेलिरहेको अवस्था पनि देखिन्छ । मिसिल संलग्न प्रमाणहरूबाट मृतक र प्रतिवादीबीच मार्नुपर्नेसम्मको पूर्व रिसइवि केहि देखिँदैन भने घटना पूर्व नियोजित नभई तत्कालको परिस्थितिले उत्पन्न गराएको परिणाम हो भन्ने देखिन्छ । तर प्रतिवादीकै भनाइअनुसार मृतक रक्सीले मातेको अवस्था देखिन्छ भने यी प्रतिवादीले मृतकलाई नाम्लोले थाममा बाँधी कर्दाले घोची मारी दाई महिमानको घरमा गई घटनाको सम्बन्धमा बताएको भन्ने देखिन आयो । ज्यानसम्बन्धीको १४ नं. मा "ज्यान मार्नाको मनसाय रहेनछ, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरीकन हानेको पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकेको, जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा, लात, मुक्का इत्यादीले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ" भन्ने कानूनी व्यवस्था छ । मृतक र प्रतिवादीबीच मार्नुपर्नेसम्मको कुनै पूर्व इविलाग भए परेको देखिँदैन । प्रतिवादीले लुकी छिपी हानेको अवस्था पनि देखिँदैन, विष ख्वाएको पनि देखिँदैन, आफ्नो श्रीमती र मृतक बीच यौन सम्पर्क भइरहेको देखि मृतकलाई ज्याकेट समाती तान्दा उल्टै मृतकले प्रतिवादीलाई एक झापट हानेकाले तत्काल उठेको रिस थाम्न नसकी प्रहार गरेको अवस्था देखिन्छ । यी सबै तथ्यले आवेश प्रेरित हत्या देखिए पनि उक्त वारदातमा ९" लामो कर्दाले मृतकलाई पटकपटक प्रहार गरिएको कारणले मृतकको मुटुमा प्वाल परी मृत्यु भएको अवस्था छ। यसरी कर्दा जस्तो जोखिमी हतियारले पटकपटक प्रहार गरिएको अवस्थामा भएको घटनालाई आवेश प्रेरित हत्या भन्न मिल्ने देखिएन । यसरी प्रतिवादी माईला तामाङले गरेको कसुर आवेश प्रेरित हत्याको परिभाषाभित्र पर्ने नदेखिँदा निजलाई ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको सुरू इन्साफ सदर हुने ।

प्रतिवादी माइला तामाङलाई १० वर्ष कैद गर्न अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरेको पुनरावेदन अदालतको फैसला सम्बन्धमा विचार गर्दा मृतक दलमान तामाङ र यी प्रतिवादी माइला तामाङबीच प्रस्तुत वारदात घट्नुभन्दा पहिले कुनै रिसइवी, झै-झगडा भए गरेको नदेखिएको, यी प्रतिवादी माइला तामाङ उक्त वारदातको राति १२ बजेको समयमा पिसाब गर्न उठेको अवस्थामा आफ्नै घरको तल्लो तलामा आफ्नी श्रीमती राम्री तामाङ परपुरूष मृतक दलमान तामाङसँग यौन सम्पर्क गरिरहेको देखी तत्काल कर्दाले मृतकको छातीमा प्रहार गरेको कारणबाट मृतक दलमानको मृत्यु भएको देखिन आयो । यसप्रकार घटनाको प्रकृति, वारदातको अवस्था र परिस्थिती, प्रतिवादीले मौका तथा अदालतमा साबिती बयान दिई न्यायिक प्रक्रिया र अनुसन्धानमा पुर्‍याएको सहयोगसमेतलाई हेर्दा यी प्रतिवादीलाई ज्यानसम्बन्धीको १३ (१) नं. बमोजिम

सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याई अ.बं. १८८ नं. अनुसार १० (दश) वर्ष कैद गर्न मनासिब हुने भनी पुनरावेदन अदालतले व्यक्त गरेको रायसमेत न्यायोचित नै देखिएकोले उक्त रायसमेत सदर हुने।

प्रतिवादीहरू वीरबहादुर तामाङ, प्रतिवादी साहिँला तामाङ, प्रतिवादी नोर्वु भन्ने नर्वु तामाङ र कार्वो तामाङलाई अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको फैसला त्रुटिपूर्ण छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर रहेकोले सो सम्बन्धमा हेर्दा यी चारै जना प्रतिवादीहरूले प्रहरीमा र अदालतमा बयान गर्दा पनि मिति ०६६।९।२ गते राति आफूहरू र मृतक दलमान तामाङ प्रतिवादी माइला तामाङको घरमा गई तास खेलेको र रातको ८ बजे आफूहरू तास खेल्न छोडी आ–आफ्नो घरमा गएको, तास खेल्दा कुनै विवाद नभएको र आफूहरूले मृतकलाई नमारेको भनी इन्कारी बयान दिएको देखियो भने प्रतिवादी माइला तामाङले आफू पिसाब गर्न उठेको बेलामा आफ्नो श्रीमती र मृतक यौन सम्पर्क गरी रहेको देखी घटना घटेको र सो समयमा यी प्रतिवादीहरू कोही पनि घटनास्थलमा नरहेको तथा उक्त घटना आफूले मात्र घटाएको भनी कसुर स्वीकार गरी अदालतमा समेत वयान गरेको देखियो। यसरी प्रतिवादीहरूको बयानबाट घटना घटेको दिनमा वारदातस्थलमा मृतकसमेत सँग यी प्रतिवादीहरूले तास खेलेको भए पनि जाहेरीमा उल्लेख भएबमोजिम झगडा भई सबै मिली मृतकलाई मारेको नभई प्रतिवादी माइला तामाङको श्रीमती राम्री तामाङ र मृतकबीचको अनैतिक यौन सम्पर्कको जरियाबाट प्रतिवादी माइला तामाङले मृतकलाई कर्दा प्रहार गरी मारेको पुष्टि भएको र अन्य सबुद प्रमाणहरूको मूल्याङ्कन गर्दा पनि यी प्रतिवादीहरूसँग मृतकको कुनै पूर्वइवी भएको नदेखिएको, प्रतिवादी माइला तामाङले मृतकलाई मार्दा कुनै प्रकारले सहयोग गर्नुपर्ने कारण नभएको र प्रतिवादीहरूको साक्षीहरूले पनि यी प्रतिवादीहरूले कसुर गरेको होइन भनी गरेको बकपत्रले पनि सो कुरालाई पुष्टि गरेको देखिएको हुँदा यी प्रतिवादीहरूको उक्त घटनामा कुनै संलग्नता नदेखिएकाले निजहरूको हकमा अभियोग दाबीबाट सफाइ दिने ठहर्‍याएको सुरू फैसलालाई सदर हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था देखिएन । तसर्थ प्रतिवादीहरू विरबहादुर तामाङसमेतलाई अभियोग दाबीअनुसार सजाय गरिपाउँ भन्नेसमेतको वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः मिसिल संलग्न आधार प्रमाणको विवेचना एवम् मूल्याङ्कन गरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतले अभियोग दाबीअनुसार प्रतिवादी माइला तामाङलाई ज्यानसम्बन्धीको महलको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र अन्य प्रतिवादीहरू विरबहादुर तामाङ, साइला तामाङ, नर्बु तामङ र कार्वो तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहर्‍याई मिति २०६७।३।९ मा गरेको फैसलालाई सदर हुने ठहर्‍याई प्रतिवादी माइला तामाङलाई ज्यानसम्बन्धीको १३ (१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा चर्को पर्ने भनी १० (दश) वर्ष कैद गर्ने गरी अ.बं. १८८ नं. बमोजिम व्यक्त गरेको रायसहितको पुनरावेदन अदालत, पाटनको मिति २०६९।६।२३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : तारादत्त बडू

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल माघ ३ गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-CI-०७६७, हक दर्ता कायम, *पदम सिंह थापा वि. मु.स. गर्ने स्याण्डु चाहार*

दर्ता गराएको कि.नं. ८८ को उक्त जग्गामा तत्काल देखिएको भन्दा बढी जग्गा दर्ता गराएका छन् भन्ने कुरा यी पुनरावेदकले देखाउनसमेत सकेको अवस्था छैन । साथै प्रस्तुत मुद्दामा भएको मिति २०६६।१०।२२ को नक्सामा समेत पहिलेको जग्गा खिचोला मुद्दामा भएको मिति २०६६।१०।२२ को नक्सामा समेत पहिलेको जग्गा खिचोला मुद्दामा भएको २०५९।१०।२८ को नक्सामा देखिएभन्दा बढी जग्गा प्रतिवादीले दर्ता गराएको रहेछ भन्नेसमेत नदेखिएको अवस्थामा ०-०-२$^1/_2$ जग्गामा इलाम नगरपालिकाको हक कायम भई दर्ता हुने अवस्था देखिँदैन । प्रस्तुत अवस्थामा इलाम नगरपालिकाको हक कायम भई दर्ता हुने ठहर्‍याएको सुरू इलाम जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीका नाउँमा कि.नं. ८८ मा ००१३४ व.मि. जग्गा दर्ता सदर कायम गर्ने गरी भएको पुनरावेदन अदालत, इलामको मिति २०६९।६।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम् ।

- यसमा यसै लगाउको ०६९-CI-१०५०, अंश चलन, *स्याण्डु चाहार वि. नाबालक छोरा ऋषभ चहार तथा आफ्नो हकमा समेत सीता चाहार* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०६९-CI-१०१७, अंश दर्ता, *असर्फी खंग वि. कन्हाई खंग*

अंशबन्डा गर्नपर्ने भनिएको कि.नं. ७७,२१४,३५० का जग्गा आफ्नो निजी आर्जनको भएकोले सो जग्गाहरूबाट अंश दिनुपर्ने होइन भन्ने प्रतिवादीको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा प्रमाण ऐन, २०३१ को दफा ६(क) बमोजिम एकाघरका अंशियारहरूमध्ये जुनसुकै अंशियारको नाउँमा रहेको सम्पत्ति सगोलको हो भनी अदालतले अनुमान गर्नेछ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा पुनरावेदकले आफ्नो मात्र हक लाग्ने स्वआर्जनको सम्पत्ति हो भन्ने ठोस प्रमाण प्रस्तुत गर्न सकेकोसमेत नदेखिएको हुँदा उक्त जग्गाहरूबाट समेत बन्डा लाग्ने गरी भएको पुनरावेदन अदालतको फैसलालाई अन्यथा भन्न सकिने अवस्था नहुँदा बन्डा गर्नुपर्ने सम्पत्तिलाई मुल ५ भाग गरी त्यसमध्ये १ भागबाट २ भाग लगाई सो २ भागमध्ये १ भाग अंश वादीले छुट्ट्याई लिन पाउने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको मिति २०६७।१।३० को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल जेठ ७ गते रोज ६ शुभम् ।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WH-००५६, बन्दीप्रत्यक्षीकरण, *इसान अधिकारीसमेत वि. महानगरीय प्रहरी वृत्त, सिंहदरबारसमेत*

बन्दीप्रत्यक्षीकरण रिटको मुल उद्देश्य गैरकानूनीरूपमा कसैलाई थुनामा राखिएको छ

भने सो गैरकानूनी थुनाबाट बन्दीलाई मुक्त गरिदिन आदेश दिने हो । प्रस्तुत विवादको सन्दर्भमा हेर्दा निवेदकहरू हाल प्रहरी र प्रशासनको हिरासत वा थुनामा रहेको नभई धरौटी र तारिखमा रहने गरी थुनामुक्त भइसकेको कारणले निवेदक मागको सम्बन्धमा अन्य मुद्दाको कुराहरूबाट हुने कारवाहीको विषयमा त्यही मुद्दाबाट निर्णय हुने नै देखिन्छ । यस्तो अवस्थामा बन्दीलाई गैरकानूनी थुनामुक्त गर्नु भनी आदेश गर्नुको प्रयोजन र औचित्य समाप्त भइसकेको हुँदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु परेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: रानु पौडेल

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६९-WO-०७०५, उत्प्रेषण, *देवहरि वन वि. गृह मन्त्रालयसमेत*

निवेदकलाई सूचना नदिई तथा सुनुवाइको मौकासमेत नदिई अवकास दिएको भन्नेतर्फ विचार गर्दा निवेदक मिति २०६७।१०।१७ मा कार्यालयमा हाजिर हुन आउनु पर्नेमा १५३ हाजिर रहेको देखिएको छ। बिदाको अवधि समाप्त भएपछि निवेदक कार्यालयको सम्पर्कमा नआएको अवस्थामा सजाय दिनु पर्दा अपनाउनु पर्ने कार्यविधिका बारेमा प्रहरी नियमावली, २०४९ को नियम ८९ मा व्यवस्था भएको देखिन्छ । नियम ८९(२) ले सजायको आदेश दिनुअघि सूचना दिनुपर्ने तथा सफाइको मौका दिनुपर्ने प्रावधान भएता पनि ऐ. नियम ८९(२) को प्रतिबन्धात्मक वाक्यांश (क) मा "भागी पत्ता नलागेको वा अरू कुनै कारणले सम्पर्क स्थापित गर्न असम्भव भएको प्रहरी कर्मचारीको सम्बन्धमा यस नियमावलीको कार्यविधिको रित पुर्‍याउनु पर्ने छैन" भन्ने व्यवस्था भएको र ऐ. (ग) मा "सफाइ पेस गर्ने मौका दिँदा मनासिब नपर्ने भएमा सो कुराको पर्चा खडा गरी त्यस्तो प्रहरी कर्मचारीलाई यस उपनियमबमोजिम सफाइ पेस गर्ने मौका दिनुपर्ने छैन" भन्ने व्यवस्थासमेत भएबाट सम्पर्क स्थापित गर्न असम्भव अवस्थामा सुनुवाइको मौका दिन अपनाउनु पर्ने कार्यविधिको पालना गर्नुसमेत अनिवार्य गरेको नदेखिने ।

प्रस्तुत विवादको सन्दर्भमा हेर्दा निवेदक गैरहाजिर रहे पनि निजको घर ठेगानामा सूचना जारी गरिएको र निवेदकका बाबुकै रोहबरमा म्याद टाँस भएकोसमेत देखिएको छ । तत्पश्चात पनि निवेदक हाजिर नभएपछि ७ दिनभित्र स्पष्टीकरणसहित हाजिर हुनका लागि गोरखापत्र दैनिकमा सूचनासमेत प्रकाशित भएको देखिएको छ । यसरी निवेदकको नाउँमा घर ठेगानामा सूचना जारी भएको तथा सार्वजनिक सूचनासमेत प्रकाशित भएको अवस्थामा निवेदकलाई सूचना नदिएको वा सफाइको मौका नदिएको भनी भन्न सकिने अवस्थासमेत देखिँदैन । निवेदक आफैँले सुनुवाइको मौकालाई उपेक्षा गरेको देखिन आउने ।

प्रहरी ऐन तथा प्रहरी नियमावलीको रित प्रक्रिया पुर्‍याई कानूनबमोजिम निवेदकलाई पदबाट अवकास दिने गरी पूर्व क्षेत्रीय प्रहरी कार्यालय, विराटनगरका प्रहरी नायब महानिरीक्षकबाट भएको मिति २०६८।३।२० को निर्णय तथा सोउपर पुनरावेदन परी प्रहरी प्रधान कार्यालय, प्रहरी महानिरीक्षकबाट मिति २०६९।५।२४ मा भएको निर्णयबाट निवेदकको संवैधानिक एवम् कानूनी हकमा आघात परेको नदेखिई उक्त निर्णयहरू

रितपूर्वककै देखिएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था रहेन । प्रस्तुत रिट निवेदन खारेज हुने ।
इजलास अधिकृत: सुमनकुमार न्यौपाने
कम्प्युटर: रानु पौडेल
इति संवत् २०७३ साल जेठ ३ गते रोज २ शुभम् ।

## इजलास नं. ५

१

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-WO-०६०७, उत्प्रेषण / परमादेश, *इन्दिरा निरौला थापा वि. चन्द्रबहादुर थापासमेत*

निवेदिका र विपक्षी चन्द्रबहादुर लोग्ने स्वास्नी रहेको अवस्थामा अंश मुद्दामा २०७०।१२।२७ मा मिलापत्र नहुँदै चन्द्रबहादुर र मेनुकाको विवाह भएको हो वा सो मिलापत्र भएपछि विवाह भएको हो यो विवाद एवम् मिलापत्र भएपछि विवाह भएको भए सो कार्य बहुविवाहको कसुर कायम हुने हो होइन भन्ने कुराको जवाफ सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ र सरकारी मुद्दासम्बन्धी नियमावली, २०५५ बमोजिम निवेदिकाको जाहेरी दरखास्त दर्ता गर्नेसमेतको दायित्वलाई प्रहरी कार्यालयसमेतले पूरा गरेमा मात्र आउने हुन्छ । तसर्थ निवेदिकाको जाहेरी दरखास्त दर्ता गरी कानूनबमोजिम त्यसको टुङ्गो लगाउनु पर्नेमा हालसम्म त्यसबारे केही नगरी बसेको विपक्षीहरूको काम कारवाही कानूनअनुकूल नभएकोले निवेदिकाको जाहेरी दरखास्त दर्ता गरी उक्त ऐन नियमबमोजिम जे जो गर्नुपर्ने गरी त्यसको टुङ्गो लगाउनु भनी जिल्ला प्रहरी कार्यालय, ओखलढुङ्गालगायतका विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने ।
इजलास अधिकृत: गेहेन्द्रराज पन्त
कम्प्युटर : चन्द्रा तिमल्सेना
इति संवत् २०७२ साल माघ १७ गते रोज १ शुभम् ।
यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार आदेश भएका छन् :

- ०७१-WO-०५७५, उत्प्रेषण / परमादेश, *चन्द्रबहादुर थापा वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*
- ०७२-WO-०४७३, निषेधाज्ञा, *चन्द्रबहादुर थापा वि. महानगरीय प्रहरी परिसर हनुमानढोका, काठमाडौंसमेत*

२

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-RC-०००६, कर्तव्य ज्यान / डाँका, *नेपाल सरकार वि. अमृतबहादुर स्याङ्बोसमेत*

मौकामा कागज गर्ने पूर्णबहादुर वाईबा, कान्छी दोङसमेतले यी प्रतिवादीहरूसमेत भई वारदात मिति २०६१।२।३ गते राति ८.३० बजेको समयमा मृतकलाई घटनास्थलमा पुर्‍याई मृतकको साथमा रहेको नगद लिने खाने उद्देश्य राखी मृतकलाई कुटपिट गरी कर्तव्य गरी मारेकोमा पूर्ण विश्वास लाग्दछ भनी कागज लेखाइदिएको देखिन्छ । प्रतिवादी ऋषि वाईबाको अधिकारप्राप्त अधिकारीसमक्षको साबिति बयान, जाहेरवालाको किटानी जाहेरी दरखास्त एवम् निजले अदालतमा गरेको बकपत्र र मौकामा बुझिएका मानिसहरूको कागजसमेतका प्रमाणहरूबाट यी प्रतिवादी अमृतबहादुर स्याङ्बो, प्रतिवादी सोमबहादुर स्याङ्बो, सन्तबहादुर वाईबा, ठाकुर दोङसमेतले अभियोग दाबीअनुसार मृतक केदारप्रसाद पराजुलीलाई कुटपिट गरी कर्तव्य गरी मारी फालेको,

मृतकको साथमा भएको नगदसमेत लुटी लगेको हो भन्ने कुरा पुष्टि भएकोले प्रतिवादी अमृतबहादुर स्याङ्बो, प्रतिवादी सोमबहादुर स्याङ्बो, प्रतिवादी सन्तबहादुर वाईबा, प्रतिवादी ठाकुर दोङसमेतले मृतक केदारप्रसाद पराजुलीलाई कुटपिट गरी भीरबाट लडाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिम कर्तव्य गरी मारी फाली चोरीको १ र ६ नं. अनुसार रकम लिई कसुर अपराध गरेको देखिन आएकोले निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही सर्वस्वसहित जन्मकैद र डाँकातर्फ चोरीको महलको १४(४) नं. बमोजिम सजाय हुने।

माथि विवेचित आधार कारणहरूबाट मृतक केदारप्रसाद पराजुलीलाई प्रतिवादी अमृतबहादुर स्याङ्बो, प्रतिवादी सोमबहादुर स्याङ्बो, प्रतिवादी सन्तबहादुर वाईबा, प्रतिवादी ठाकुर दोङसमेतले कुटपिट गरी भीरबाट लडाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. बमोजिम कर्तव्य गरी मारी फाली चोरीको १ र ६ नं. अनुसार रकम लिई कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरूलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही सर्वस्वसहित जन्मकैद र डाँकातर्फ चोरीको महलको १४(४) नं. बमोजिम ६ वर्ष कैद र बिगो रू. २,००,०००।– को डेढी रू. ३,००,०००।– जरिवानासमेत हुने ठहऱ्याई मकवानपुर जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति ०७०।९।९ मा भएको फैसला मिलेकै देखिँदा साधकको रोहबाट सदर हुने।

पुनरावेदन अदालत, हेटौंडाबाट अ.बं. १८८ नं. अनुसार व्यक्त रायको सम्बन्धमा विचार गर्दा यसैसरहका अर्का प्रतिवादी ऋषि वाईबाले मृतकलाई मार्न पर्नेसम्मको पूर्व रिसइवी नभएको मिसिलबाट नदेखिएको, वारदातको अवस्था र प्रकृतिलाई विचार गर्दा हदैसम्म सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई १० वर्ष कैद सजाय हुनुपर्ने भनी अ.बं. १८८ नं. बमोजिम व्यक्त भएको राय यस अदालबाट समेत मिति २०६४।१२।१३ मा सदर भई फैसला भएको देखिएकोले यी प्रतिवादीहरू पनि निज ऋषि वाईबासरह कै देखिँदा सोही आधारमा यी प्रतिवादीहरूको हकमा समेत १०(दश) वर्ष कैद सजाय मनासिब नै देखिएकोले पुनरावेदन अदालत, हेटौंडाको अ.बं. १८८ नं. बमोजिम व्यक्त राय सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६९-CR-००२७, कर्तव्य ज्यान, *बैजनाथ बछार वि. नेपाल सरकार*

भवितव्यको सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको ५ नं. मा ज्यान लिने इबिलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई मानिस मर्न गएको भवितव्य ठहर्छ भन्ने उल्लेख छ। मुलुकी ऐन, ज्यानसम्बन्धीको ६ नं.मा एउटा कामको लागि सावधानीपूर्वक हातहतियार उठाएकोमा केही व्यहोराले अरूलाई लाग्न गएको वा होस नपुऱ्याई वा हेल्चेक्र्याई गरी कुनै काम गर्दा भवितव्य परेको वा रक्षा शिक्षा गर्दा भवितव्य परेको अवस्थामा मात्र उक्त नं. अनुसार सजाय हुने उल्लेख छ। तर प्रतिवादीको कार्य सोअनुसार भएको भन्ने नदेखिई मृतकको टाउकोमा सालको हाँगाले प्रहार

गरेको देखिएकोले वारदातको स्थितिबाट निजको कसुर भवितव्यअन्तर्गत नपर्ने।

पुनरावेदक प्रतिवादीले मुलुकी ऐनको ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने हुँदा सोतर्फ लिएको वैकल्पिक पुनरावेदन जिकिरसमेतको सम्बन्धमा विचार गर्दा यससम्बन्धी कानूनीव्यवस्थाहेर्दामुलुकीऐनकोज्यानसम्बन्धीको महलको १४ नं. मा ज्यानमार्नेसम्मको कुनै मनसाय पनि नभएको, ज्यान लिनुपर्नेसम्मको इवी पनि रहेनछ, लुकी चोरिकन पनि हानेको रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रीस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुङ्गा, लात मुक्का इत्यादिले हान्दा सोही चोटपीरले ऐनका म्यादभित्र ज्यान मरेमा १० वर्ष कैद गर्नुपर्छ भन्ने उल्लेख छ। प्रस्तुत वारदातमा मृतकले प्रतिवादीलाई अन्य व्यक्तिसँग भएको झगडाबाट छुटाएपछि मृतक खाटमा बसिरहेको अवस्थामा प्रतिवादीले मृतकको टाउकोमा सालको हाँगाले प्रहार गरेको देखिएकोले वारदातको स्थितिबाट निजको कसुर आवेशप्रेरित हत्याअन्तर्गत पर्ने देखिँदैन । प्रतिवादीको कार्य आवेशप्रेरित हत्याअन्तर्गत अनुसार भएको भन्ने नदेखिई मृतकको टाउकोमा सालको हाँगाले प्रहार गरेको देखिएकोले वारदातको स्थितिबाट निजको कसुर ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने देखिँदैन । पुनरावेदक प्रतिवादीको वैकल्पिक जिकिर पुग्ने नदेखिने।

अतः माथि विवेचित आधार कारण एवम् कानूनी व्यवस्था र प्रतिपादित सिद्धान्तसमेतको आधारमा यी पुनरावेदक प्रतिवादी बैजनाथ बछारले मृतकको टाउकोमा सालको हाँगाले प्रहार गरेको देखिएको र सोही चोटको कारण मृतकको मृत्यु भएको शंकारहित तवरले पुष्टि हुन आएको हुँदा प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) को विपरीत कसुर गरेको देखिएकोले प्रतिवादीलाई ऐजनको १३(१) बमोजिम सर्वस्वसहित जन्मकैद हुने देखिँदा प्रतिवादी बैजनाथ बछारलाई ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई बारा जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।९।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

यसमा अ.बं. १८८ नं. अनुसार विचार गर्दा प्रतिवादी बैजनाथ बछारले मृतकलाई मार्नुपर्नेसम्मको पूर्व रिसइवी भएको मिसिलबाट नदेखिएको, निजको उमेर एवम् वारदातको अवस्था र प्रकृतिलाई विचार गर्दा हदैसम्म सजाय गर्दा चर्को पर्ने देखिएकोले निजलाई १२ वर्ष कैद सजाय गर्दा मनासिब हुने देखिँदा अ.बं. १८८ नं. बमोजिम यी प्रतिवादी बैजनाथ बछारलाई १२(बाह्र) वर्ष कैद सजाय हुने गरी राय कायम हुने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७२ साल माघ ६ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७२-RC-००९२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुक्रवीर चाउरे भन्ने सुरवीर तामाङसमेत*

प्रतिवादीहरूले मृतकहरूलाई कर्तव्य गरी मारेका हुन् भनी जाहेरवाला प्रितिराम राई र प्रमिला राईले किटानी जाहेरी दरखास्त दिएको र वस्तुस्थिति मुचुल्कामा बस्ने डिल्लीराम तामाङसमेतका मानिसले यिनै प्रतिवादीहरूले

आर्थिक प्रलोभनमा परी मृतकहरूलाई कर्तव्य गरी मारेका हुन् भनी कागज गरी दिएको देखिन्छ भने मौकामा कागज गर्ने बुद्धिराज तामाङले यी प्रतिवादीहरूले मृतकहरूसँग धेरै पैसा हुन्छ । मारेर ऋण तिर्नुपर्छ भनी मसँग भनेका थिए। यिनै प्रतिवादीहरूले मृतक जंगबहादुर राई र धनबहादुर राईलाई मारेका हुन् भनी कागज गरी दिएकोसमेतबाट मृतकहरूलाई निज प्रतिवादीहरूले नै मारेको पुष्टि भएको देखिने।

किटानी जाहेरी दरखास्त, घटनास्थल मुचुल्का, लास जाँच मुचुल्का, बुद्धिराम तामाङले गरीदिएको मौकाको कागज, वस्तुस्थिति मुचुल्कामा बस्ने मानिसले लेखाई दिएको कागज र प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष मृतकहरूलाई आर्थिक प्रलोभनमा परी कर्तव्य गरी मारेको कुरा साबित भई बयान गरेको देखिएकाले मृतकहरूलाई निज प्रतिवादीहरूले नै मारेको देखिँदा प्रतिवादीहरू अगमबहादुर कामी र सुक्रवीर चाउरे भन्ने सुरवीर तामाङलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत ऐजनको १३(१) नं. को कसुर गरेको देखिँदा ऐजनको १३(१) नं बमोजिम सर्वश्वसहित जन्मकैद सजाय हुने नै देखिन आउने।

अतः माथि विवेचित आधार कारणहरूबाट मृतकहरू जंगबहादुर राई र धनबहादुर राईबाट नगद लुटपाट गर्ने उद्देश्यले मृतकहरूलाई मार्ने मनसाय लिई धेरै पहिलादेखि नै योजना बनाई मृतकहरू आउने बाटो ढुकी झुक्याई घटनास्थल ढाडखर्क भन्ने जङ्गल भीर बाटोतर्फ लगी प्रतिवादीहरू सुरवीर तामाङ र अगमबहादुर कामीले असारे काठको लाठी हातमा लिई मृतक जंगबहादुरलाई प्रतिवादी सुरवीर तामाङले र मृतक धनबहादुर राईलाई अगमबहादुर कामीले टाउकोमा प्रहार गरी मारी भीरबाट फालिदिएको देखिएकोले प्रतिवादीहरू सुरवीर तामाङ र अगमबहादुर कामीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. को विपरीत १३(३) नं. बमोजिमको कसुर अपराध गरेको देखिँदा निज प्रतिवादीहरू सुरवीर तामाङ र प्रतिवादी अगमबहादुर कामीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं. अनुसार जनही सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याई जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत. राजविराजबाट मिति २०७१।९।१८ मा भएको फैसला मिलेकै देखिँदा साधकको रोहबाट सदर हुने।

इजलास अधिकृत : गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७२ साल फाल्गुन ३ गते रोज २ शुभम्।

५

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६८-CR-०३७८, कर्तव्य ज्यान, *चन्द्रमाया माझी वि. नेपाल सरकार*

मृतकका भाई खड्ग बहादुर माझीको किटानी जाहेरी दरखास्त, निजको बकपत्र, लास प्रकृति मुचुल्का, शव परीक्षण प्रतिवेदन, बरामदी मुचुल्का, प्रतिवादी चन्द्रमाया माझीको आफूले कसुर अपराध गरेको हुँ भनी अधिकारप्राप्त अधिकारी र अदालतमा गरेको साबिति बयान, प्रतिवादी चन्द्रमाया माझीले गरेको सनाखत कागज र वस्तुस्थिति मुचुल्काका अमृतबहादुर माझीसमेतले अदालतमा गरेको बकपत्रसमेत मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी चन्द्रमाया माझीले निजका पति मृतक गम्भीरबहादुर माझीलाई घाँटीमा झोलाको नाम्लोले थिची कर्तव्य गरी मारेको पुष्टि भइरहको अवस्था हुँदा निज प्रतिवादी चन्द्रमाया माझीले कसुर अपराध गरेको भन्ने देखिन आउने।

माथि विवेचित आधार कारणहरू समेतबाट प्रतिवादी चन्द्रमाया माझीले आफ्नो पति गम्भीरबहादुर माझीलाई रक्सीको नसाको सुरमा विवादसमेत हुँदा निज मृतकको घाँटीमा झोलाको नाम्लोले थिची कर्तव्य गरी मारेको देखिन आएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीत १३ नं. को कसुर अपराध गरेको देखिँदा निज प्रतिवादी चन्द्रमाया माझीलाई ऐ. ऐनको ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको सुरू जिल्ला अदालतको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६७।१०।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

अ.बं. १८८ नं. बमोजिम पुनरावेदन अदालत, राजविराजबाट व्यक्त रायको सम्बन्धमा विचार गर्दा प्रतिवादी र मृतकबीच श्रीमान् श्रीमती रहेको र पारिवारिक कुरामा झगडा भई रक्सी खाएको सुरमा उल्लिखित वारदात घट्न गएको देखिन्छ । मृतकलाई मार्नुपर्नेसम्मको रिसइवी प्रतिवादीमा रहे भएको देखिंएको छैन । आरोपित कसुर गरेकोमा साबित भई प्रतिवादीले न्याय प्रशासनलाई सहयोग पुर्‍याएको देखिएकोले प्रतिवादी चन्द्रमाया माझीलाई १३(३) नं. बमोजिमको सजाय गर्दा चर्को पर्ने देखी अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद गर्ने पुनरावेदन अदालत, राजविराजबाट व्यक्त राय मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

इति संवत् २०७२ साल माघ १३ गते रोज ४ शुभम् ।

६

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०६८-CR-०४१६, लागु औषध खैरो हेरोइन, *मनोजकुमार चौहान वि. नेपाल सरकार*

प्रतिवादी मनोज कुमार चौहानले आफू साथी सुलमानको कोठा बल्खुबाट बालाजु ट्याक्सीमा आउँदा समातिएको मेरो साथमा ब्याग झोला केही थिएन । लागु औषध झोला कहाँबाट ल्याए थाहा छैन । मबाट बरामद भएको होइन भनी आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरेको देखिन्छ । निज प्रतिवादीबाट बरामद भएको वस्तु परीक्षण गर्नको लागि राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा पठाउँदा उक्त वस्तु परीक्षणबाट हेरोइन पाइएको भन्ने उल्लेख भएको देखिन्छ । यी प्रतिवादीबाट उक्त लागु औषध बरामद भएको मिति २०६६।३।३१ गतेका दिन मकवानपुर सुमो सेवा (टाटा सुमो टिकट) को टिकट नं. ३८८५२ गाडी नं. २०८७ बाट बिहान ८.१५ को समयमा काठमाडौं आएको भन्ने सुरू मिसिल संलग्न रहेको टिकटबाट देखिन्छ । सोही टिकटमार्फत सुमो गाडी चढी उक्त मितिमा यी प्रतिवादी काठमाडौं आइपुगेको र सोही दिन साँझ ४ बजे पक्राउ परेको पाइएको छ । प्रतिवादीबाट बरामद भएको मोबाइल नं. ९८०६८१८५९४ बाट ०९-०७-२००९ का दिन बिहान ६.४८ बजे, ७.४७ बजे र १८.३७ बजे ०५१-२४२२६४ मा तीन पटक फोन गरी कुरा गरेको र उक्त फोन आफूले मौकामा बयान गरेको व्यक्तिको सम्पर्क फोन हो भनी लेखाई दिएबाट प्रतिवादी काठमाडौं आउनुअघि मोहमद इमामसँग सम्पर्क गरेको भन्ने निजबाट बरामद हुन आएको मोबाइलबाट देखिएको र निजले अन्य प्रयोजनको लागि फोन गरेको हुँ भनी उल्लेख गर्न नसकेबाट लागु औषध प्राप्त गर्नकै लागि प्रयास गरेको भनी मान्नुपर्ने हुन्छ । निजले अन्य प्रयोजनका लागि फोन गरेको हो भनी खुलाउन सकेको देखिएको

छैन। प्रतिवादीको साथबाट २०३ ग्राम लागु औषध बरामद भएको भनी प्रतिवेदकले अदालतमा आई बकपत्र गरेको, बरामदी मुचुल्का निजको रोहवरमा भएको देखिएको एवम् बरामद भएको लागु औषधको परिमाण ठूलो मात्रामा नै रहेकोसमेतबाट प्रतिवादी मनोज कुमार चौहानले लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिमको कसुर अपराध गरेको देखिँदा निजलाई सोही ऐनको दफा १४ को उपदफा (१)(छ)(३) बमोजिम सजाय हुने देखियो। अभियोग दाबीबाट सफाइ पाउँ भन्ने पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी मनोजकुमार चौहान वीरगञ्जबाट हेटौंडा हुँदै लागु औषध लिई काठमाडौं आएको भन्ने पुष्टि भएकोले प्रतिवादी मनोजकुमार चौहानलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ दफा ४ को खण्ड (घ)(ङ)(च) बमोजिमको कसुर गरेको देखिँदा ऐजनको दफा १४(१)(छ)(३) बमोजिम पन्ध्र वर्ष तीन महिना कैद र रू. पाँच लाख पच्चीस हजार जरिवानासमेत हुने ठहरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६८।२।१० गतेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गेहेन्द्रराज पन्त

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७२ साल माघ १३ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७२-WH-०००२, बन्दीप्रत्यक्षीकरण, *चुरिना घर्तीको हकमा झविन्द्र घर्ती वि. रविना रूम्बा तामाङसमेत*

सिद्धान्ततः बन्दीप्रत्यक्षीकरणको रिट गैरकानूनी थुना विरूद्ध जारी हुने सशक्त र प्रभावकारी उपचार हो। त्यसैले पनि गैरकानूनी थुना विरूद्धको यस्तो आदेश जारी गर्ने अधिकार प्रचलित कानूनले सुरू तहको जिल्ला अदालतदेखि अन्तिम तहको सर्वोच्च अदालतसम्मलाई प्रदान गरेको देखिन्छ। तर यस्तो रिट जारी गर्ने एउटै आधार भनेको गैरकानूनी थुना विरूद्ध मात्र हो। यदि थुना गैरकानूनी नदेखिएमा यस्तो आदेश जारी हुन सक्दैन। आफ्नो छोरीको उज्ज्वल भविष्यका खातिर उचित शिक्षा दिक्षा र स्याहार सम्भार प्रदान गर्ने हेतुले डे बोडर्सका रूपमा विद्यालय भर्ना गरिएकी बालिकालाई बन्दी बनायो भन्ने निराधार र झुट्ठा कुरालाई अदालतले मान्यता प्रदान गर्न सक्दैन। यस्तो निराधार कुराले अदालतको मूल्यवान् समय खेर जाने र निवेदक सफा हात र स्वच्छ मनले प्रवेश गरेकोसमेत नदेखिँदा निवेदन मागसँग सहमत हुन सक्ने अवस्था नरहने।

तसर्थ काठमाडौं जिल्ला अदालतको फैसलाले छोरीलाई आमासित राख्न पाउने ठहर्‍याएकोमा त्यसउपर पुनरावेदनसमेत नपरी अन्तिम रहेको र निवेदकले छोरीलाई बन्धक बनाएको भेटघाट गर्न नदिएको भनी जिकिर लिए पनि स्कूलको जवाफसमेतबाट सो कुराको तथ्यपरक र विश्वासिलो रूपबाट पुष्टि नभएकोले प्रस्तुत रिट निवेदन आधारहीन देखिँदा खारेज हुने।

इजलास अधिकृत : गजेन्द्रबहादुर सिंह

कम्प्युटर : प्रेमबहादुर थापा

इति संवत् २०७२ साल भदौ ३ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ**, ०७०-CR-०८३८, जबर्जस्ती करणी, *जिरे भन्ने दिपेस लिम्बु वि. नेपाल सरकार*

मिति २०६८।०८।२० का दिन जाहेरवालाको वर्ष १२ की छोरी (च) कुमारीलाई धारामा पानी लिन गएको बेला प्रतिवादीले जबर्जस्ती करणी गरेको भन्ने जाहेरी दरखास्तबाट अनुसन्धान प्रारम्भ भएको रहेछ । यी प्रतिवादीले अनुसन्धान तथा अदालतमा समेत पीडितलाई करणी गरेको भनी साबिती बयान दिएको देखिन्छ । धारामा पानी लिन गएको बेला मेरो मुख थुनी बोल्न कराउन नदिई पेन्टी खोली गुप्ताङ्गमा लिङ्ग पसाएर करणी गरेका हुन् भनी पीडित बालिकाले लेखाइ दिएको देखिन्छ । पीडितले स्वास्थ्य परीक्षण प्रतिवेदनबाट योनीको झिल्लीमा चोट देखिएको योनी सुन्निएको भन्ने देखिएको देखिएबाट पीडितको कागज र अनुसन्धान तथा अदालतमा भएको बयानको पुष्टि हुन आएको छ । वारदातबाट पीडित साङ्केतिक नाम (च) कुमारी र निजकी आमा फूलमाया बराइलीलेसमेत अदालतमा उपस्थित भई बकपत्र गर्दा पीडित साङ्केतिक नाम (च) कुमारीलाई प्रतिवादीले जबर्जस्ती करणी गरेको भन्ने देखिन आउँछ । मौकाको जाहेरी र पीडितको कागज तथा निजहरूको बकपत्रबाट करणीसम्बन्धी वारदात भएको साथै डाक्टरको प्रतिवेदनबाट समेत सो अपराध घटेको तथ्यको पुष्टि भएको देखिन्छ । अब प्रतिवादीले गरेको कसुरको प्रकृति र गम्भीरता हेर्दा यी प्रतिवादीले पीडित साङ्केतिक नाम (च) कुमारीलाई आफूले करणी गर्ने मनसायले धारामा पानी लिन गएको बेला निज नाबालिकालाई मुख थुनी बोल्न कराउन नदिई सुताएको र पीडितलाई जबर्जस्ती करणीको कसुर गरेको पुष्टि भइरहेकोले पीडितको उमेर १३ वर्ष भएकोले प्रतिवादी जिरे भन्ने दिपेस लिम्बुले अभियोग दाबीबमोजिम जबर्जस्ती करणीको कसुर गरेको ठहर्ने ।

वारदातकी पीडित नाबालिकाको शारीरिक परीक्षणबाट देखिएको योनाङ्गको अवस्थासमेतलाई दृष्टिगत गरी सजाय गर्नु न्यायसम्मत हुने हुँदा अभियोग दाबीबमोजिम जबर्जस्ती करणीको कसुर ठहर गरी प्रतिवादीलाई जबर्जस्ती करणीको महलको ३(२) नं. बमोजिम १० वर्ष कैद गरी सोही महलको १० नं. बमोजिम रू. २५,०००।– क्षतिपूर्ति पीडितलाई भराइदिने ठहर गरी सुरू इलाम जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, इलामबाट मिति २०६९।१२।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल असार ३ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६८-CI-०४६१, अंश दर्ता, *रामदेव मण्डलसमेत वि. अमृती देवीको मु.स. गर्ने रामलोचन मण्डलसमेत*

वादी रामवृक्ष मण्डलले प्रतिवादी राजेन्द्र मण्डलबाट ऋण कर्जा लिए दिएकै आधारमा मात्र अंश भएको मान्न मिल्ने देखिँदैन । एकासगोलको अंशियारहरूको बीचमा पनि आ-आफूले आर्जन गरेको सम्पत्ति वा रकमबाट अर्को अंशियारलाई ऋण कर्जा लिनुदिनु व्यवहार हुनसक्ने स्थितिमा

सोही आधारमा मात्र बन्डा भइसकेको भन्न न्यायोचित नहुने । त्यसैगरी ७ नं. फाँटवारीमा भरेकोबाट र छुट्टाछुट्टै घर भएको भन्ने सम्बन्धमा हेर्दा ७ फाँटवारी छुट्टाछुट्टै भरे तापनि भूमिसुधार लागु हुँदाको अवस्थामा वादी प्रतिवादीहरू एकासगोलमा नै रहेको देखिएको र सगोलको अंशियारहरूसमेतको छुट्टाछुट्टै घर हुनसक्ने नै हुँदा सो आधारमा छुट्टी भिन्न भइसकेको भनी मान्न मिल्नेसमेत देखिन नआउने ।

वादी प्रतिवादीहरूले के कति पैतृक सम्पत्ति कसले कति कुन मितिमा बन्डा भई प्राप्त गरे तथा के कति सम्पत्ति निजी ज्ञान सीपको आधारमा आर्जन गरेको हो सोको स्रोतसमेत खुलाउन नसकेको अवस्थामा अंशियार अंशियारहरूको बीचमा लेनदेन बिक्री व्यवहार भएकै आधारमा मात्र अंशबन्डा भई छुट्टी भिन्न भएको भन्न मिलेन । यसरी प्राप्त सम्पत्तिको स्रोत खुलाउन नसकेको अवस्थामा प्रमाण ऐन, २०३१ को दफा ६(क) ले "अन्यथा प्रमाणित नभएमा एकाघरका अंशियारमध्ये जुनसुकै अंशियारका नाममा रहेको सम्पत्ति सगोलको सम्पत्ति हो भनी अदालतले अनुमान गर्नेछ" भन्नेसमेत कानूनी व्यवस्था भएको देखिँदा यस अदालतबाट मिति २०७०।३।२६ मा विपक्षी झिकाउने आदेशमा लिइएको आधारसँग सहमत हुन नसकिने ।

सगोलको अवस्थामा आर्जन भएको र पैतृक सम्पत्तिको रूपमा बढे बढाएको सम्पत्तिबाट अंशियारलाई अंश हक प्राप्त हुने नै देखिँदा साथै फाँटवारी पेस गर्दा पनि निजी स्रोतबाट प्राप्त गरेको भन्ने प्रमाणसमेत देखाउन नसकेको अवस्थामा पेस भएको सम्पत्तिको फाँटवारीबाट वादी दाबीबमोजिम अंश पाउने देखिँदा अंशमा दाबी नपुग्ने गरी भएको धनुषा जिल्ला अदालतको फैसला उल्टी गरी वादी दाबीबमोजिम ३ खण्डको १ खण्ड अंश वादीले पाउने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६७।११।२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादी रामदेव मण्डलसहितको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल चैत ३ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०६८-CR-०३८२, कर्तव्य ज्यान, *धनराज अहिर (यादव) वि. नेपाल सरकार*

वारदातमा मृतक सरस्वती यादवको मृत्यु कालगतिबाट भएको नभई प्रतिवादी घनश्याम यादव, सरस्वती यादव र धनराज यादवको कर्तव्यबाट भएको भनी मृतककी छोरी जाहेरवाली रीता यादवको जाहेरी तथा मौकाको किटानी कागजलाई रामदेव यादव, पट्टु यादव, इनायतुकला फकिरसमेतले गरेको मौकाको कागजले समर्थन गरिरहेको देखिन्छ । कुचोको टुक्राको विवादमा प्रतिवादीहरूले मृतक सरस्वती यादवलाई कुटपिट गरेको हुँदा सो सम्बन्धमा सीमा प्रहरी चौकी चाकरचौडामा निवेदन दिएको र सोही राति प्रतिवादीहरूले कर्तव्य गरी मारेको भन्नेसमेत व्यहोराको घटना विवरण कागज तथा वस्तुस्थिति मुचुल्काका राजकुमार यादव, हफिजुल्ला मुसलमानसमेतको लेखाई दिएको कागजसमेतले समर्थन गरिरहेको र शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण घाँटी थिची अँठ्याएको Throttling भनी गरेको बयानलाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी पुनरावेदक धनराज यादवले उक्त वारदातको दिन आफू भारतमा रहेको जिकिरको

सम्बन्धमा विचार गर्दा प्रमाण ऐन, २०३१ को दफा २७(१) मा "सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुर्‍याउने भार निजको हुन्छ" भन्ने उल्लेख भएबाट आरोपित कसुरबाट सफाइ वा छुट पाउनको लागि सो दाबी पुष्टि गर्ने प्रमाण पेस गर्नुपर्ने देखिँदा निज प्रतिवादीले उक्त वारदातको दिन घटनास्थलमा उपस्थित नभई आफू भारतमा रहेको दाबी गरे तापनि सो प्रमाणित गर्ने कुनै पनि वस्तुनिष्ठ प्रमाणहरू पेस गर्न सकेको नदेखिँदा प्रतिवादीमध्येकी चन्द्रावती यादवले मिति २०६५।८।२६ मा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा छोरा धनराज अहिर यादवसँग मिलेर पति घनश्याम यादवले मृतक सरस्वती यादवको घाँटी थिची हत्या गरेको हो भन्नेसमेत बयानबाट पुनरावेदक प्रतिवादी धनराज यादवको उक्त वारदातको दिन भारतमा थिए भन्ने जिकिर विश्वसनीय मान्न नसकिने।

जाहेरवाली रिता यादवको किटानी जाहेरी र मौकामा गरेको कागजलाई रामदेव यादव, पट्टु यादव, इनायतुकला फकिरसमेतले समर्थन गरेको मौकाको कागज, वस्तुस्थिति मुचुल्काका राजकुमार यादव, हफिजुल्ला मुसलमानसमेतले लेखाई दिएको कागज, शव परीक्षण प्रतिवेदनमा मृत्युको कारण Throttling भनी उल्लेख हुनुका साथै प्रतिवादी धनराज अहिर यादवका आमा प्रतिवादी चन्द्रावती यादवको बयानसमेतबाट उक्त वारदातमा प्रतिवादी धनराज अहिर यादवको प्रत्यक्ष संलग्न रहेको देखिँदा निज पुनरावेदक प्रतिवादी धनराज अहिर यादवको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीहरूमध्येका फरार प्रतिवादी घनश्याम यादवले प्रतिवादी धनराज यादवको सहयोगमा मृतक सरस्वती यादवको कर्तव्य गरी मारेको पुष्टि हुन आएकोले प्रतिवादी धनराज अहिर यादवको उक्त घटनामा प्रत्यक्ष संलग्न रहेको र घटना घटाउन सहयोगसमेत गरेको देखिँदा निज प्रतिवादी धनराज अहिर यादवलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम जन्मकैद सजाय हुने ठहर्‍याएको सुरू कपिलवस्तु जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।७।२८ को फैसलालाई अन्यथा भन्न नमिल्ने।

वारदातको जरिया घरको सरसफाइ गर्ने क्रममा कुचोको टुक्राबाट उठेको घरायसी विवादको कारण नाताभित्रको मृतक सरस्वती यादवलाई प्रतिवादी धनराज यादवको सहयोगमा निजका पिता प्रतिवादी घनश्याम यादवले कर्तव्य गरी मारेको घटनाको अवस्थासमेतलाई विचार गर्दा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) बमोजिम जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने देखिँदा अ.बं. १८८ नं. बमोजिम निज प्रतिवादी धनराज यादवलाई कम सजाय गर्दा पनि कानूनको मकसद पूरा हुने नै हुँदा निजलाई १४(चौध) वर्ष मात्र कैद सजाय हुने ठहर्छ। पुनरावेदक प्रतिवादी धनराज अहिर यादवको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: गीता श्रेष्ठ

कम्प्युटर: सुदर्शन आचार्य

इति संवत् २०७३ साल असार २७ गते रोज २ शुभम्।

## इजलास नं. ८

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री जगदीश शर्मा पौडेल**, ०६९-CI-०९७२, खिचोला मेटाई हक कायम, *प्रवोध घिमिरे वि. श्रीमती मीना श्रेष्ठ*

मुलुकी ऐन, घर बनाउनेको महलको ११ नं. ले कसैले अर्काको जग्गा मिची घर बनाएकोमा घर तयार भएका मितिले एक वर्षभित्र नालिस दिनुपर्ने गरी हदम्याद तोकेको देखिन्छ । प्रत्यर्थीले उक्त जग्गामा काठमाडौं महानगरपालिका कार्यालयबाट नक्सा पास गरी २०४९।९।१२ मा नै घर पर्खाल बनाई बसेको देखिन्छ । साथै सो घरजग्गा राष्ट्रिय वाणिज्य बैंकबाट मिति २०५३।२।३० मा दृष्टिबन्धक लिखत गरी धितोमा राखी कर्जासमेत लिएको देखिन्छ । प्रत्यर्थीले उक्त जग्गा मिची घर पर्खाल बनाएको भए यी पुनरावेदक वादीले उपरोक्त कानूनले निर्दिष्ट गरेको उपरोक्त हदम्यादभित्र नालिस दिनुपर्नेमा सो नगरी बसेको देखिन्छ । यी पुनरावेदक र प्रत्यर्थी साँध सधियारका व्यक्ति रहेकाले उक्त टहरा पर्खाल निर्माण गरेको कुरा पुनरावेदक वादीले थाहा जानकारी नपाउने भन्ने पनि देखिँदैन । तसर्थ कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र नालिस उजुर नगरी नयाँ नापीको हाल साबिकसम्बन्धी विवादको जरियाबाट पेस हुन आएको फिराद खारेज हुने ठहरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९।६।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७२ साल फागुन २३ गते रोज १ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन् :

- ०६९-CI-०९७०, हाल साबिक दर्ता, *प्रबोध घिमिरेसमेत वि. मीना श्रेष्ठ*
- ०६९-CI-०९७१, खिचोला मेटाई हक कायम, *सुबोध घिमिरे वि. मीना श्रेष्ठ*

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे**, ०६८-CR-०६४४, कर्तव्य ज्यान, *मोतीलाल वि.क. वि. नेपाल सरकार*

बरामद पेस्तोल यी प्रतिवादी र मृतक चढेको गाडीभित्र नै फेला परेको भन्ने प्रतिवादीकै बयानबाट खुलेको छ । यदि पुनरावेदक / प्रतिवादीको जिकिरअनुरूप निजको साथबाट पेस्तोल खोसी लगेको र निजलाई नियन्त्रणमा लिई सो पेस्तोलबाट मृतकलाई गोली प्रहार गरेको हो भने खोसेर लगेको पेस्तोल पुन: गाडी भित्र नै फेला पर्नुपर्ने स्थिति पनि स्वभाविक देखिँदैन । अर्काको पेस्तोल खोसेर कसैलाई ज्यान लिनको लागि प्रहार गरिसकेपछि अन्यथा पुष्टि नभएसम्म सो पेस्तोल या त खोस्ने व्यक्तिले आफैँसँग लैजान्छ या कतै फालिदिन्छ । पुन: मृतक नै रहेको गाडीमा छोडी जाने सम्भावना भने अत्यन्त न्यून हुने ।

प्रतिवादी मोतिलाल वि.क.ले अनुसन्धान अधिकारीसमक्ष गरेको बयानलाई घटनास्थल तथा लास प्रकृति मुचुल्का लास जाँच प्रतिवेदन, केन्द्रीय प्रहरी वैज्ञानिक प्रयोगशालाको प्रतिवेदन, बरामदी मुचुल्का र वारदातमा चश्मदिद टीकाराम शर्मासमेतको बकपत्रसमेतबाट मृतक ऋषिप्रसाद शर्मालाई निजका अङ्गरक्षक पुनरावेदक / प्रतिवादी मोतिलाल वि.क. ले आफ्नो साथमा राखेको बरामद चाइनिज पेस्तोलबाट २ पटक गोली हानी हत्या गरेको मिसिल संलग्न प्रमाणबाट देखिने ।

माथि विवेचित आधारबाट मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३१) नं. बमोजिम प्रतिवादी मोतिलाल वि.क. लाई सर्वस्वसहित

जन्मकैद हुने ठहर गरेको सुर्खेत जिल्ला अदालतको मिति २०६६।१०।१९ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत, सुर्खेतको मिति २०६८।१।२७ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक / प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री मीरा खड्का**, ०७०-WO-०५६४, उत्प्रेषण, *केशवराज भट्टराई वि. मु.स. गरी आफ्नो हकमा समेत बलराम भट्टराई*

केशवराज र अ.बं. १३९ नं. बमोजिम बुझिएका भिमलाल भट्टराईको तथा केशवराज भट्टराई र प्रतिवादी रेवतीकुमारी भट्टराईको DNA एक आपसमा मिल्छ मिल्दैन भनी परीक्षण गराउने जिल्ला अदालतबाट मिति २०७०।८।१९ मा आदेश भएको देखिन्छ । रेवतीकुमारीको मृत्यु भइसकेको अवस्थामा सो आदेश कार्यान्वयन नै हुन नसक्ने भन्ने रिट निवेदकतर्फका विद्वान् कानून व्यवसायीहरूको बहस जिकिर देखिन्छ । उक्त आदेश हेर्दा केशवराज भट्टराई र प्रतिवादी रेवतीकुमारी भट्टराईको मात्र DNA परीक्षण गराउने भन्ने नभई केशवराज भट्टराई र भीमलाल भट्टराईसमेतको DNA परीक्षण गराउने आदेश भएकोले सो कार्यान्वयन गर्न सकिने नै अवस्था रहेकाले आदेश निस्प्रयोजन भएको भनी निष्कर्ष निकाल्न मिल्ने नदेखिने।

अंश मुद्दामा नाता सम्बन्धमा विवाद भई सो नाता सम्बन्धमा सत्य तथ्य पत्ता लगाउन DNA परीक्षण गर्ने आदेश चितवन जिल्ला अदालतबाट मिति २०७०।८।१९ मा भई सो आदेशलाई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०७०।९।२५ मा सदर भएकोमा सो आदेशमा कुनै त्रुटि देखिन आएन। यसरी साधारण उपचारअन्तर्गत दुई तह अदालतबाट कानूनबमोजिम भएको आदेश बदर गराई माग्न रिट निवेदकको के कस्तो कानूनी वा संवैधानिक हकको हनन् भएको हो स्पष्ट कारण र आधार नै उल्लेख नगरी दायर गरेको प्रस्तुत रिट निवेदन जिकिरबमोजिम आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल साउन ३० गते रोज १ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री शारदाप्रसाद घिमिरे र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा**, ०७२-CI-०७७८, अंशबन्डा, *दीपकबहादुर मल्ल ठकुरी वि.श्रीमती भुपेन्द्रकुमारी मल्लसमेत*

वादीको पिता देवबहादुरले आफूहरू र प्रतिवादी भुपेन्द्रकुमारीबीच मिति २०३०।५।१८ मा नै छुट्टि भिन्न भएको र बालादेवीको हाँगातर्फका सन्तानहरूबीच पनि २०५०।५।१८ मा अंशबन्डाको लिखत पारित भएको तथ्य स्थापित देखिन आयो । यस्तो अवस्थामा यी वादी देवबहादुरको छोरा भएकोले निजले आफ्नो बाबुबाट अंश पाउनेमा वादीको बाबु देवबहादुरले अघि नै आफ्नो जीवनकालमा भुपेन्द्रकुमारीसमेत सँगै छुट्टिभिन्न भइसकेको देखिएको छ । यी वादीले निजको बाबु देवबहादुरले गरेको मिति २०३०।१२।१ र २०५०।५।१८ को अंशबन्डाको लिखतलाई चुनौति गरेको अवस्था पनि देखिँदैछ । त्यसकारण

वादीले देवबहादुरबाट अंश पाउने र देवबहादुरअघि नै आफ्ना हाँगामा अंशियारबाट अलग भिन्न भएको देखिएबाट वादी दीपकबहादुर प्रतिवादीमध्येको भुपेन्द्रकुमारीको सगोलको अंशियार नै देखिन नआएकोले निजबाट अंश पाउँ भन्ने वादीको दाबी कायम रहन सक्ने अवस्था नहुँदा यस अदालतबाट मिति २०७२।६।१३ मा भएको आदेशसँग सहमत हुन नसकिने।

वादीको बाबु देवबहादुर मल्ल नै यी प्रतिवादीहरूबाट अघि नै अलग छुट्टि भिन्न भएको देखिएको, यी वादीले आफ्नो पिताबाट सम्म अंश पाउने अवस्था भएबाट यी प्रतिवादी तथा वादी सगोलको अंशियार नै नदेखिएको अवस्थामा यी प्रतिवादीबाट अंश पाउँ भन्ने वादीको दाबी पुग्न नसक्ने ठहर गरेको सुरू चितवन जिल्ला अदालतबाट मिति २०७१।३।१६ मा भएको फैसला सदर ठहर्याई पुनरावेदन अदालत, हेटौंडाको फैसला मुनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

- ०७२-CI-०७७९, अबन्डा बन्डा गरी दर्ता गरिपाउँ, *कृष्णबहादुर मल्ल ठकुरी वि.श्रीमती भुपेन्द्रकुमारी मल्लसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री शारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०७१-CI-१४७९, अंश चलन, *सनतकुमार श्रेष्ठसमेत वि. श्रीमती रिना मिश्र श्रेष्ठ*

मुलुकी ऐन, अंशबन्डाको १० नं. मा लोग्ने वा बाबुआमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार अंशबन्डाको १० नं. मा लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकताअनुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । सो नगरे अंश दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको छ। उक्त कानूनी व्यवस्थाबमोजिम प्रतिवादीहरूले वादीलाई खान लाउनसमेत नदिएको अवस्थामा अंशजस्तो नैसर्गिक अधिकारबाट वादीलाई वञ्चित गर्न नमिल्ने हुँदा वादीले अंश पाउने भई चलनसमेत चलाई दिने ठहर्याएको पुनरावेदन अदालत, पाटनबाट मिति २०७१।११।१७ मा भएको फैसला मिलेकै देखिने।

दुनियाँको बिगोको हकमा जायजात गर्दा ऋण खाँदा सँग बसेका १२ वर्षभन्दा कम उमेरका अंशियारहरूको अंश हक पर सारेर मात्र जायजात गर्नुपर्ने भन्ने विद्यमान कानूनी व्यवस्था रहेको देखिन्छ । यस्तो अवस्थामा सो ऋण लिँदाको अवस्थामा जायजन्मसमेत नभएकी र मिति २०६९।१२।१९ मा मात्र जन्म भएकी नाबालिग वादीलेसमेत उक्त ऋण बुझाउनु पर्छ भन्न मुलुकी ऐन, दण्डसजायको २६ नं. को कानूनी व्यवस्थाले मिल्ने देखिएन । त्यस्तै अन्य ऋणहरू पनि मुद्दा चल्दाचल्दैको अवस्थामा लिएको देखिँदा सो ऋणहरूमा समेत नाबालिग वादीको दायित्व सिर्जना हुने अवस्था नदेखिने।

अत: सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।१८ मा भएको फैसला केही उल्टी गरी वादीले फिराद दाबीबमोजिम अंश चलन गरी लिन पाउने र प्रतिवादीहरूले देखाएको ऋणमा वादीलाई बन्डा नलाग्ने ठहर्छ भनी पुनरावेदन पाटनको मिति २०७१।११।१७ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: प्रेम खड्का

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

- ०७२-CI-०७७९, अबन्डा बन्डा गरी दर्ता बदर गरिपाउँ, *कृष्णबहादुर मल्ल ठकुरी वि.श्रीमती भुपेन्द्रकुमारी मल्लसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. १३

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री डा. आनन्दमोहन भट्टराई**, ०६९-WO-०६१०, उत्प्रेषण / परमादेश, *स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, जनकपुरको कर्पोरेट कार्यालय, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ माइतीघर काठमाडौंको अख्तियारप्राप्त गरी आफ्नो हकमासमेत अमरराज खड्कासमेत वि. श्रम अदालत, काठमाडौंसमेत*

बैंक तथा वित्तीय संस्थाको कर्मचारी नियुक्ति सेवा सर्त र अनुशासन र हटाउने कारवाहीका सम्बन्धमा विशेष कानूनी व्यवस्थाको रूपमा रहेको बैंकको विनियमावली नै आकर्षित हुने विषयमा विवाद देखिन आएन । निवेदक बैंकको उद्देश्य हासिल गर्न सबल सक्षम र योग्य कर्मचारीको आवश्यकता महसुस गरी संस्थामा स्थायी नियुक्ति दिनुभन्दा अगाडि सेवापूर्वको प्रशिक्षणमा राखी व्यवहारिक परीक्षणबाट योग्य ठहरिएमा मात्र स्थायी नियुक्ति दिने विशेष व्यवस्था विनियमावलीमा गरेको पाइयो । विनियमावलीको उक्त कानूनी व्यवस्थाअनुसार विपक्षी रमेश मिश्र स्थायी कर्मचारी नभई सेवापूर्वको प्रशिक्षणमा कार्यरत कर्मचारी रहेको र यस्ता कर्मचारीले सेवापूर्व प्रशिक्षणमा रहँदा गरेको कार्यसम्पादन सन्तोषजनक नभएमा सेवापूर्वको प्रशिक्षणबाट हटाउँदा निजलाई विनियमावलीअनुरूप सुनुवाइको मौका दिइरहनु नपर्ने भन्ने रहेको र उक्त व्यवस्था स्वीकार गरी पूर्वप्रशिक्षणमा गएको हुँदा सुनुवाइको मौका प्रदान नगरी रमेश मिश्रलाई सेवापूर्वको प्रशिक्षणबाट हटाएको निवेदन वित्तीय संस्थाको निर्णयसमेत त्रुटिपूर्ण रहेको देखिन नआउने ।

निवेदक संस्थाको विनियमावलीबमोजिम भएको कामकारवाहीउपर निवेदक बैंकका कार्यकारी प्रमुखसमक्ष पुनरावेदन गर्नु परेमा सो नगरी निवेदकका हकमा आकर्षित नै नहुने श्रम ऐन, २०४८ बमोजिम पुनरावेदन सुनी विपक्षी श्रम अदालत, काठमाडौंबाट मिति २०६९।६।२४ मा भएको फैसला क्षेत्राधिकारविहिन भई त्रुटिपूर्ण देखिँदा उक्त फैसला उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

इजलास अधिकृत: कपिलमणि गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम् ।

- ०६९-WO-०६११, उत्प्रेषण / परमादेश, *स्वावलम्बन लघुवित्त विकास बैंक लिमिटेड केन्द्रीय कार्यालय, जनकपुरको कर्पोरेट कार्यालय, काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ११ माइतीघर काठमाडौंको अख्तियारप्राप्त गरी आफ्नो हकमा समेत अमरराज खड्का वि. जितेन्द्रकुमार चौधरीसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएकोछ ।

## इजलास नं.१४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ**, ०६७-CI-१५१८, परमादेश, *खगेन्द्र नेपाल वि. विमलादेवी निरौला*

वादी विमलादेवी निरौला (उपाध्याय) र प्रतिवादी खगेन्द्र नेपाल भई चलेको दे.पु.नं. १२०४ को जग्गा खिचोला मुद्दामा पुनरावेदन अदालत,

विराटनगरबाट मिति २०५६।९।६ मा मिलापत्र भएको तथ्यमा विवाद देखिँदैन । सो मिलापत्रले पुनरावेदक खगेन्द्र नेपालको कि.नं. २६८ को जग्गामध्ये केही जग्गामा प्रत्यर्थी निवेदकको हक स्थापित भइसकेको देखिन्छ । पुनरावेदकले निवेदकको दाबीबमोजिमको जग्गा आफूले पहिले नै छाडी दिइसकेको रिट निवेदन खारेज हुनुपर्ने जिकिर लिएको भएता पनि निजको जिकिरको आधारमा मात्र मिलापत्र कार्यान्वयन भइसकेको भनी अर्थ गर्न नमिल्ने।

अदालतबाट भएको मिलापत्रको सारभूतरूपमा कार्यान्वयन भएपश्चात मात्र पूर्णता पाउने हुँदा सोको कार्यान्वयनपक्ष महत्त्वपूर्ण हुन्छ । आफ्नो मन्जुरी र सहमतिमा मिलापत्र गर्ने पक्षले सोको कार्यान्वयनको लागि पनि जवाफदेहीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने।

अदालतबाट भएको मिलापत्र कार्यान्वयन गर्ने कानूनी कर्तव्य भएको मालपोत कार्यालयका नाममा मिलापत्र सम्बद्ध पक्षहरू राखी जे जो बुझ्नुपर्ने बुझी यथाशीघ्र कामकारवाही गर्नु भनी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६७।८।१३ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: आनन्दराज पन्त

इति संवत् २०७३ साल भदौ ७ गते रोज ३ शुभम्।

## इजलास नं. १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-CR-११६३, मानव बेचविखन तथा ओसारपसार, *नेपाल सरकार वि. पुष्पा तामाङसमेत*

प्रस्तुत मुद्दामा प्रतिवादी पुष्पा तामाङ र वादी नेपाल सरकार दुवै पक्षबाट पुनरावेदन अदालत, पाटनमा सुरू काठमाडौं जिल्ला अदालतको फैसलाउपर पुनरावेदन परेकोमा निज प्रतिवादी पुष्पा तामाङलाई ५ वर्ष कैद र २५ हजार जरीवाना गर्ने गरी सुरू अदालतबाट भएको निर्णय सो पुनरावेदनहरूको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको छैन। अत: प्रतिवादी पुष्पा तामाङको हकमा पनि पुनरावेदन अदालत, पाटनबाट न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार सुरू अदालतको निर्णय केही वा पूरै उल्टी नभई सुरू जिल्ला अदालतको फैसला सदर भएको हुँदा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) अनुसार यस अदालतमा पुनरावेदन लाग्ने अवस्था पनि देखिन आएन। दश वर्ष वा सोभन्दा बढी सजाय गरी पुनरावेदन अदालतले फैसला गरेमा र तीन वर्ष वा सोभन्दा बढी कैदको सजाय पच्चीस हजार रूपैयाँ वा सोभन्दा बढी जरिवानासमेत भएको सुरू जिल्ला अदालतको निर्णय पुनरावेदन अदालतबाट केही वा पूरै उल्टी भएकोमा मात्र यस अदालतमा पुनरावेदन लाग्ने।

प्रस्तुत मुद्दामा न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को अवस्था सुरू अदालतबाटै अन्तिम भएको देखिन्छ। पुनरावेदन अदालतबाट सोसम्बन्धमा कुनै निर्णय भएको देखिएन। ऐ. ऐनको ऐ. दफा ९(१)(ग) को अवस्था पनि विद्यमान रहेको पाइएन भन्ने वादी नेपाल सरकारलाई पुनरावेदन अदालत, पाटनको फैसलामा पुनरावेदनको म्यादसमेत जारी भएको नदेखिने।

वस्तुत: वादी नेपाल सरकारको तर्फबाट दायर भएको प्रस्तुत पुनरावेदन यस अदालतमा लाग्नै नसक्ने उक्त कानूनी प्रबन्धहरूबाट स्पष्ट भएको हुँदा लाग्नै नसक्ने पुनरावेदन जिकिरको अन्य तथ्यतर्फ प्रवेश गरिरहन नपरी प्रस्तुत पुनरावेदन अ.बं. १८० अनुसार खारेज हुने।

इजलास अधिकृत : सन्देश श्रेष्ठ

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं.१७

१

**मा.न्या.डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७१-MS-००१०, अदालतको अपहेलना, *विष्टन लावतीसमेत वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरका उपकुलपति प्रा. महेश्वरमान श्रेष्ठसमेत*

यस अदालतबाट मिति २०७०।५।३१ मा जारी अन्तरिम आदेशविपरीत विपक्षीहरूले हामी निवेदक परीक्षार्थीहरूको हालसम्म पनि परीक्षा सञ्चालन नगरी सम्मानित अदालतको अन्तरिम आदेशको अपहेलना गरेको हुँदा हदैसम्मको कारवाही गरिपाउँ भन्ने मुख्य निवेदन जिकिर रहेको पाइयो। लगाउको ०७०-WO-०२०९ को उत्प्रेषण मुद्दाको मिसिलमा हिमाली भूमापन इन्जिनियरिङ तथा भूमिस्रोत व्यवस्थापन महाविद्यालयको मिति २०७२।१२।४ को पत्र हेर्दा हाल सम्मानित अदालतको अन्तरिम आदेशबमोजिम १७ जना विद्यार्थीहरू अध्ययनरत रही परीक्षामासमेत सामेल भइरहेको भन्ने तथा पूर्वाञ्चल विश्वविद्यालय परीक्षा व्यवस्थापन कार्यालय, विराटनगरको मिति २०७३।१।३१ को पत्रमा पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त Himalayan College of Geomatic Engineering and Resources Management को शैक्षिक वर्ष वर्ष २०११ को परीक्षामा संलग्न नभएका विस्टन लावतीसमेत १० जना विद्यार्थीहरूको हालसम्म रजिस्ट्रेसन नभएको तर कार्यकारी परिषद्को मिति २०७१।१।४।६ को निर्णय नं. २४६७ बमोजिम निज विद्यार्थीहरूलाई परीक्षामा सामेल गराई परीक्षाफलसमेत प्रकाशन गर्ने गरिएको भन्ने व्यहोरा उल्लेख भएको देखिएकोबाट विपक्षीहरूले यस अदालतको मिति २०७०।५।३१ र २०७०।६।७ को अन्तरिम आदेशको अपहेलना गरेको देखिन नआएकोले निवेदन मागबमोजिम अदालतको अपहेलनामा कारवाही गरिपाउँ भन्ने निवेदन दाबी पुग्न सक्दैन। प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्द्रा तिमिल्सिना

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

२

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री प्रकाशमान सिंह राउत**, ०७०-WO-०२०९, उत्प्रेषण, *विष्टन लावतीसमेत वि. पूर्वाञ्चल विश्वविद्यालय, विराटनगरसमेत*

सर्वप्रथम पूर्वाञ्चल विश्वविद्यालयको क्रियाकलापबाट हामीहरूको नाम रजिस्ट्रेसन नगर्ने, परीक्षामा सम्मेलित नगराउने लगायतका कुनै पनि निर्णय भएको भए सो निर्णय एवं पत्रहरू लगायत हाम्रो विरूद्धमा गरे भएका अन्य सम्पूर्ण काम कारवाही तथा निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भनी रिट निवेदनमा जिकिर लिएको सम्बन्धमा हेर्दा त्यस्तो कुनै निर्णय भएको भन्ने कुरा मिसिलबाट खुल्न नआएको हुँदा उत्प्रेषणको आदेश जारी गर्नु नपर्ने।

विद्यार्थीहरू आफू अध्ययन गर्ने संस्थाप्रति जवाफदेही हुने हो, विश्वविद्यालयको निमय कानूनभन्दा पनि महाविद्यालयको सूचना र नियमहरू विद्यार्थीहरूको जानकारीमा छिटो सञ्चार हुने विषय हुन्। सार्वजनिक रूपमा सूचना प्रकाशित गरी महाविद्यालयले प्रवेश परीक्षामा सम्मिलित हुन आव्हान गरेपछि निज १० जना रिट निवेदक विद्यार्थी महाविद्यालयमा प्रवेश पाएको देखिन आउँछ । निज विद्यार्थीहरूको हकमा महाविद्यालयको उक्त सूचना वैध र नियमसङ्गत थियो भनी भन्नुपर्ने हुन्छ । यदि महाविद्यालयले

जारी गरेको पुन: प्रवेश परीक्षाको सूचना र कार्यक्रम विश्वविद्यालयको ऐन, नियम, विनियमसङ्गत थिएन भने सोसम्बन्धमा विश्वविद्यालय समयमै सुसूचित भएर पनि उक्त महाविद्यालयलाई समयमै स्पष्ट निर्देशन वा कारवाही हुनुपर्थ्यो जुन भएको देखिन आउँदैन । महाविद्यालयले प्रवेश परीक्षा सञ्चालन गरी भर्ना लिई विश्वविद्यालयले प्रथम समेस्टरको परीक्षामा सहभागी गराएको कार्यसम्मले विश्वविद्यालयले समेत प्रवेश परीक्षा उत्तीर्ण नगरेका भनिएका १० जनालाई विद्यार्थी भनी व्यवहारबाट स्वीकार गरिसकेको देखिने।

जहाँसम्म परीक्षा पास गरेका र नगरेका भनी विद्यार्थीबीच विभाजन रेखा कोरिएको प्रश्न छ, सो तात्त्विक महत्त्वको देखिँदैन । किनभने यहाँ पहिलो प्रवेश परीक्षा मिति २०६८।८।१० मा सञ्चालन गरिएको र दोस्रो ०६८।९।१ मा सञ्चालन गरिएको छ र सोमा आफूहरू सहभागी भई उत्तीर्ण भएको भन्ने निवेदकको भनाई छ । पहिलो र दोस्रो दुवै परीक्षार्थीहरू विपक्षी महाविद्यालयले लिएको भन्नेमा पनि विवाद छैन यसरी प्रवेश परीक्षाबाट उत्तीर्ण विद्यार्थीहरूलाई भर्ना लिई उनीहरूको नाम प्रथम सेमेस्टरको लागि रजिस्ट्रेसन गरी प्रवेशपत्र जारीसमेत गरेकोबाट अब विश्वविद्यालय यो विषयमा जानकार थिएन भन्ने कुरा रहेन । आफूले नै एकपटक विद्यार्थी भनी स्वीकार गरेपछि अब होइनन् भन्न नमिल्ने।

अदालतबाट अन्तरिम आदेश जारी भएपछि तह तहका परीक्षामा निवेदकहरू संलग्न भएको र उनीहरू न्यूनतम् योग्यता नपुगी भर्ना भएका हुन्। भन्ने विपक्षीहरूको भनाई समेत नहुँदा प्रवेश परीक्षा कसले सञ्चालन गरेको थियो भन्ने आधारमा तहतहको परीक्षा पास गर्ने विद्यार्थीहरूको शैक्षिक गतिविधि र अध्ययन अवरूद्ध गर्ने कार्य न्यायोचित हुन्छ भन्न मिल्ने नदेखिने।

महाविद्यालयको औपचारिक शिक्षा हासिल गरी दीक्षित हुनुपर्ने जस्तो संवेदनशील विषयमा विद्यार्थीहरूको भविष्यमाथि खेलवाड हुने गरी समयमै निर्णय नगरी अनिर्णयको बन्दी भई बसिरहन न्यायको हिसाबले पनि उपयुक्त हुँदैन। आफूले समयमा निर्णय गर्न नसकेको कुराको परिणाम विद्यार्थीहरूले भोग्नुपर्ने परिस्थितिको समर्थन गर्नु न्यायसम्मत नहुने।

निवेदकहरूलाई विश्वविद्यालय दर्ता (Registration) गर्न इन्कार गरी आएको पूर्वाञ्चल विश्वविद्यालयको कार्य कानून एवम् न्यायसम्मत नदेखिएको हुँदा विष्टन लावतीसमेत १० जना रिट निवेदक विद्यार्थीहरूको हालसम्म पनि रजिस्ट्रेसन नभएको भन्ने पूर्वाञ्चल विश्वविद्यालयको च.नं. ३५६।०७२।७३ मिति २०७३।१।३१ को पत्रबाट देखिन आएको हुँदा अब निजहरूसमेतको विश्वविद्यालय नाम दर्ता गर्ने कार्य अविलम्ब गर्नु गराउनु, भर्ना भएका रिट निवेदक विद्यार्थीहरूको परीक्षाफललगायतका कुनै कुरा नरोक्नु, दिएको परीक्षाको नतिजासमेत प्रकाशित गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: आत्मदेव जोशी

कम्प्युटर: चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल साउन ३१ गते रोज २ शुभम्।

## इजलास नं. १८

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री सपना प्रधान मल्ल**, ०७०-RB-००३८, बैकिङ कसुर, *नेपाल सरकार वि. इन्द्रराज हुमागाईसमेत*

बैंक तथा वित्तीय संस्थाका लागि नेपाल राष्ट्र बैंक नियमनकारी निकाय हो । नेपाल राष्ट्र बैंक ऐन, २०५८ को प्रस्तावना हेर्दा यस बैंकको

काम कारवाहीबाट मुलुकको समग्र बैंकिङ तथा वित्तीय प्रणालीप्रति सर्वसाधारणको विश्वसनीयता अभिवृद्धि गर्ने विश्वास गरिएको छ । कसैले नेपाल राष्ट्र बैंक ऐन, २०५८ विपरीत कुनै काम गरेमा उक्त ऐनको परिच्छेद ११ तथा बैंक तथा वित्तिय संस्थासम्बन्धी ऐन, २०६३ विपरीत कुनै काम गरेमा उक्त ऐनको समेत परिच्छेदबमोजिम कसुरको अवस्था परिस्थिति हेरी केहीमा आफैँले आर्थिक जरीवाना वा सजाय आदि गर्नसक्ने र केही विशेष अवस्थामा आफैँले आवश्यक कारवाहीका लागि नेपाल सरकार वा सम्बन्धित निकायमा लेखी पठाई सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ बमोजिम नेपाल सरकार वादी भई मुद्दा चलाउनसक्ने कानूनी व्यवस्था भएबाटै पनि यो निकाय अत्यन्त जिम्मेवार रूपमा चल्नुपर्ने अपेक्षा गरिन्छ । यस्तो अधिकार सम्पन्न नियमनकारी निकायबाट कहिले बैकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १७ बमोजिम कारवाहीका लागि भनी अनुसन्धान गर्ने निकायलाई लेखी पठाउने, कहिले प्रहरीको अनुसन्धान रोक्न र कहिले ऐनबमोजिम कारवाही अघि बढाउन सकिने पर्याप्त आधार नदेखिएको भनी फरकफरक व्यहोराको पत्राचार गरिएकोबाट यस मुद्दामा नियमनकारी निकायले गम्भीरतापूर्वक र जिम्मेवाररूपमा काम गरेको नदेखिने ।

नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरीवेक्षण विभागले महानगरीय प्रहरी परिसर कार्यालय, हनुमानढोकालाई आवश्यक कारवाहीका लागि भनी मिति २०६६।१०।७ मा पत्र लेखिसकेपछि नेपाल सरकार अर्थ मन्त्रालयले सचिवस्तरीय निर्णय गरी मिति २०६६।१२।२० को पत्रबाट फरक निकाय जिल्ला प्रहरी कार्यालय, काभ्रेपलाञ्चोकलाई सम्बोधन गरी सोही विषयमा अनुसन्धान तहकिकात गरी मुद्दा दायर गर्न लेखिएको निर्देशनात्मक कार्यलाई पनि औचित्यपूर्ण मान्न सकिँदैन । कुनै जिम्मेवारी लिनु नपर्ने गरी गरिएका यस्ता फितलो प्रारम्भिक निरीक्षण वा अनुगमन तथा फरक फरक निर्णय एवम् पत्राचारका कारण एकातिर राज्यले अनुसन्धानको नाममा समय खर्चिएको र अनावश्यक रूपमा आर्थिक दायित्व व्यहोर्नु परेको तथ्य नकार्न सकिँदैन भने अर्कोतर्फ ९४ जना नागरिकले अनुसन्धान र मुद्दाका अवस्थामा भोग्नु परेको मानसिक पीडा समय तथा आर्थिक नोक्सानी बेहोर्नु परेको स्थितिलाई सामान्य कारवाहीको रूपमा हेर्न हुँदैन । यस्ता गम्भीर विषयमा सम्बन्धित निकाय संवेदनशील हुनैपर्ने हुन्छ । कानून र कानूनप्रदत्त अधिकारको गलत वा लापरवाहीयुक्त प्रयोगबाट व्यक्तिको कानूनप्रदत्त हक र सुविधा अतिक्रमित हुनु हुँदैन भन्ने सार्वजनिक पदाधिकारीले सदैव ख्याल राख्नुपर्दछ । सार्वजनिक जवाफदेहीको पद सम्हाल्ने पदाधिकारीले कुनै पनि ऐन कानूनद्वारा तोकिएको प्रावधानको सही र समानरूपले पालना र कार्यान्वयन गर्नुपर्ने ।

माथि विवेचित तथ्य कानून एवम् मिसिल संलग्न आधार र प्रमाणहरूबाट यी प्रतिवादीहरूले अभियोग माग दाबीबाट सफाइ पाउने ठहर गरी पुनरावेदन अदालत, पाटनको वाणिज्य इजलासबाट मिति २०७०।२।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन १८ गते रोज ३ शुभम् ।